CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द.नं. १५०५

नेपाली वीरता

नं. २४८५

"अचल् झण्डा फर्कोस् फरफर गरी कान्तिपुरिमा ।
रिपूको मन् थर्कोस् थरथर गरी छीन घरिमा ॥"

(मोतीराम)

नेपाली भाषाप्रकाशिनी समिति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली वीरता

लेखक

पण्डित सागरमणि आचार्य दीक्षित

अध्यक्ष श्री पुष्कर शमशेर ज० ब० रा०को अध्यक्षतामा

ने. २४८५

प्रकाशक–

नेपाली भाषाप्रकाशिनी समिति

नेपाल।

संवत २०१४] [मूल्य ३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाकिम सुब्बा विश्वराजमिश्रको
प्रबन्धबाट—

954.96

दोस्रोवार १०००

मुद्रक—
सु० ऋद्धिवहादुर मल्ल,
जोरगणेश प्रेस, (छापाखना)
नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नं. २४८५

समर्पण

नेपालका प्रतापी वीरहरूका
पुण्य-स्मृतिमा

दर्ता नं. ९३०८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्र-सूची

१. राष्ट्रिय झण्डा
२. श्री ५ महाराजाधिराज
३. गोरखालीको धावा
४. दास्रो महासमरको निम्ति नेपाली वीरहरूको प्रस्थान
५. हवल्दार गजे घले, भि. सी.
६. गञ्जु लामाले बिगारेका जापानी ट्याङ्क
७. सि. अगमसिंह राई, भि. सी.
८. सुबेदार नेत्रबहादुर थापा, भि. सी.
९. सि. तुलबहादुर पुन भि. सी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सं.अ. स्व.वाल्मीकि क्याम्पस

स्वस्ति श्री मद्राजकुमारकुमारात्मज प्रसिद्ध प्रबल गोरखा
दक्षिणबाहु मेजर जनरल सारदा शमशेर
जङ्गबहादुर राणा डाइरेक्टर जनरल
अव पब्लिक इन्स्ट्रक्शनबाट
बक्सेको—

परिचय

नेपाली भाषाप्रकाशिनी समितिका हाकिम मास्टर सागरमणि आ. दी. को यो 'नेपाली वीरता' मैले आद्योपान्त हेरें। यो सब संसारप्रसिद्ध ऐतिहासिक घटनाको एक न एक अंश प्रत्येक नेपालीले सुनेको होला, कसै कसैलाई त सो प्रत्यक्ष देख्ने सौभाग्य पनि प्राप्त भएको होला, तर प्रत्येकले सब र सबले प्रत्येक जानून् भनी निजले सरल भाषामा धेरै जति एकत्रित गरेको यो संग्रह प्रत्येक नरनारीले सुन्न वा हेर्न योग्य छ। यो पुस्तकलाई सबले रुचाउलान् भन्ने मेरो विश्वासपूर्ण आशा छ। भाषासेवीहरूले समेत ग्रन्थकर्तालाई विशेष जस दिनेछन्।

सारदा शमशेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वक्तव्य

नेपाली भाषाप्रकाशिनी समितिका हाकिम मास्टर साग-रमणि आचार्य दीक्षितको 'नेपाली वीरता' सबैको सामुन्ने छ। यो पुस्तकमा नेपाली जातीयताको गौरव भएकोले यसको प्रकाशनमा नेपाली भाषाले आफ्नो विशेष गौरव सम्झनुपर्दछ, किनभने यो भाषा तिनै वीरको भाषा हो राष्ट्रभाषा भने पनि, व्यावहारिक भाषा भने पनि साहित्यिक भाषा भने पनि।

मनुष्यमा वीरता नभएको भए आज हामी एउटा गुफाबाट बाहिर खोलामा पानी पिउन जाँदा पनि व्याघ्रादिको भयले छातीलाई हातले किचेर, निहुरीकन, काँपेर एक पाइला अगाडि सार्नालाई पनि एक घडी लाउने हुन्थ्यौं, फेरि बाघको एक गर्जनमा दौडेर प्यासै गुफाभित्र लुक्न पुग्ने हुन्थ्यौं, वास्तवमा हाम्रो खरायोको अवस्था हुन्थ्यो; उही हामी आज शिकार खेल्दछौं—बाघलाई मारी जसको जङ्गल फाँडेर त्यहीं सडक बनाई छाती फुकाएर निर्भय हिंड्दछौं, गोमनलाई मारी त्यो भएकै ठाउँमा जग खनी त्यहाँ घर खडा गरेर त्यहीं निश्चिन्त सुत्तछौं। यसरी मानिसले अरू वैरीमाथि त विजय प्राप्त गर्‍यो, तर लोहाको वैरी लोहा भए झैं मानिसले पनि आज मानिससितै लड्नुपरेको छ। आफ्नो देशको स्वतंत्रता-रक्षार्थ शान्तिप्रिय मनुष्यले पनि संग्रामप्रिय हुनुपरेको छ। कारण मनुष्यले मनुष्यमाथि नै विजय प्राप्त गरिसकेपछि पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुख छैन, आफूलाई जहाँसम्म आफैले जित्तैन अथवा जहाँसम्म मनुष्यजाति ईर्ष्या, लोभ, अहङ्कार इत्यादिलाई वशमा राख्न सक्तैन त्यहाँसम्म संसारमा संग्राम चली नै रहन्छ। तसर्थ शान्तिप्रिय जातिले संग्रामलाई रोक्न सधैं संग्रामको निमित्त तयारी रहनुपर्दो रहेछ, नरहे शान्ति भङ्ग हुन आउँदो रहेछ, यो कुरा यही संसारव्यापी महायुद्धहरूले जोडसित भनिरहेछन्। यस उसले संग्राम संग्रामैका निमित्त पशुत्व भने हुन्छ तापनि शान्तिको निमित्त मनुष्यत्वसमेत हो जस्तो छ। हो, मनुष्यजातिले जब वैज्ञानिक रीतिले आफ्ना इन्द्रियहरूलाई जितेर संसारमा मानवता सह्न्छ र फैलाउँछ त्यै वेला मात्र मनुष्यसंग्रामको आवश्यकता हराउला। यही आदर्श हाम्रा नेपाली शान्तिप्रिय वीर जातिको छ।

यो पुस्तकमा तिनै आदर्श वीरहरूका चरित्र छन्। खेतीवालले रूखमन्तिर थकाइ मारेर पसीना पुछ्तै आफ्नो खेतको पल्लो किनारसम्म सुखी आँखा दौडाए जस्तै संग्रामसित अघाएको संसारले पनि ती रनखेत (रणक्षेत्र)—का वीरहरूको चरित्रमा श्रद्धाको दृष्टि दिनेछन्, किनभने संसारका निर्धाहरू कातर मात्र भएका भए यहाँ पछिसम्म शिकार मात्र भइरहन्थ्यो, परन्तु आफूलाई शारीरिक निर्धा सम्झे पनि आत्मवल भएका वीरहरूले ज्यानसङ्कल्प गरेर अगि सरी लडाइँको हाँक स्वीकार गरेकाले नै आज शान्तिस्थापनको विचार यो पृथ्वीमा उठेको छ। यसै कारणले हामी जितहारको परवाह नगरी भीमसेनलाई पनि दुर्योधनलाई पनि, अर्जुनलाई पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीष्म र कर्णलाई पनि वीर भन्दछौं; सिकन्दरलाई वीर भन्दछौं, पुरुलाई पनि वीर भन्दछौं; वेलिङ्गटनलाई पनि वीर भन्दछौं; नेपोलियनलाई पनि वीर भन्दछौं; जिलेस्पीलाई पनि वीर भन्दछौं; वीर बलभद्रलाई पनि वीर भन्दछौं ।

यस्तो मूल्यवान् ऐतिहासिक संग्रहमा लागेको परिश्रमको निम्ति तथा भाषाको सोझोपन र शुद्धताको निमित्त पनि लेखक धन्यवादका पात्र छन् । यही पुस्तक उपहार गर्न ल्याएकोमा सो स्वीकार गरी पुरस्कारसहित समिति पनि योग्य ग्रन्थकर्त्ता-लाई धन्यवाद दिन्छ ।

बालकृष्ण शमशेर

२००२ (अध्यक्ष—नेपाली भाषा-प्रकाशिनी समिति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

भूमिका	पृष्ठ
धन्यवाद	
प्रार्थना	
हाम्रो झण्डा	
श्री ५ महाराजधिराजको सलामी	
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी	
पहिलो परिच्छेद	१–६
दोस्रो परिच्छेद—	७–११
मकवानपुरगढीको युद्ध	७
सिन्धुलीगढीको लडाइँ	९
तेस्रो परिच्छेद—	१२–१६
वेत्रावतीको रणक्षेत्रमा	१२
चौथो परिच्छेद—	१७–५६
अंग्रेज नेपाल युद्ध	१७
कलङ्गाको समराङ्गणमा	२३
जयतक र वरीपरीका पहाडमा	३३
जितगढको युद्धभूमिमा	३५
पर्साको रणाङ्गणमा	३७
रामगढको युद्धस्थलमा	३८
देवस्थलको समरस्थलमा	४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाचौं परिच्छेद— ५६–६८
नेपाल-तिब्बत युद्ध ५६
घण्टागढीको पहाडमा ५९
झुङ्गाको किल्लामा ६०
सोनागुम्फाको समरभूमिमा ६२
छैटौं परिच्छेद— ६९–७१
भारतीय विप्लवमा ७१
सातौं परिच्छेद-- ७१–९१
१९७१-७५ को महासमरमा ७२
न्यूभ चापेल–फ्रान्समा ७४
पश्चिम फ्ल्याण्डर्समा ७५
स्लाइपको रणस्थलमा ७६
यीप्रेसको युद्धक्षेत्रमा ७७
ग्यालीपोली प्रायद्वीपमा ७९
वजीरीस्थानका पहाडमा ८९
आठौं परिच्छेद-- ९२–१४४
द्वितीय महासमरमा ९२
जेबेल गार्सी—अफ्रिकामा ९४
मक्नासीनेरको युद्धमा ९७
ट्यूनिसियाको युद्धस्थलमा ९९
इटालीको रणक्षेत्रमा १०२
वाइफर्नोका किनारमा १०४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टाइवर घाटीमा	१०५
खुकुरीको महत्त्व	१०६
सिरियाको रणस्थलमा	१०९
भारतको पूर्वीद्वार बर्मामा	११०
चिन पहाड श्रणीमा	११२
मायू पर्वतको संग्राममा	११६
मलउँ पहाड	११८
टिडिम-इम्फाल-मार्गमा	११९
कोहिमा क्षेत्र-इम्फाल मोहडामा	१२०
इम्फाल-कोहिमा मार्गमा	१२१
कोहिमा क्षेत्र-चर्च पहाडमा	१२२
चिन डाँडाको पश्चिममा	१२४
मोगाँगको भयङ्कर युद्धमा	१२६
कियाउकिष्ट गिरिपृष्ठ-आराकानमा	१२९
वाशा पहाडमा	१३२
विष्णुपुर-सिल्चर क्षेत्रमा	१३४
फेरि मोगाँगमा	१३७
नवौं परिच्छेद	**१४५-१५१**
उपसंहार	१४५
परिशिष्ट	१५३
शब्दार्थ सूची	१८०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

संसारमा वीरराष्ट्र नै स्वतन्त्र रहन सक्छ। नेपाल आज स्वतन्त्र छ। यसको श्रेय नेपाली-वीरताले नै पाउँछ। नेपाली वीरता विश्वविश्रुत छ, अखण्ड छ। नेपाली प्रजा संसारमा बलिया कहलिएका राष्ट्रहरूसँग एक एक गरी जुधे, तर कसैले नेपाली वीरतालाई पछार्न सकेको छैन ।

जूलियस सीजरको इटालीले ब्रिटिश र अमेरिकन सैन्यको मार सहन नसकेर आत्मसमर्पण गऱ्यो, सम्राट् सिकन्दरको यूनान र सम्राट् नेपोलियनको फ्रान्समा जर्मनीको स्वस्तिक झण्डा फर्फरायो, विजयी विलियम, महान् आल्फ्रेड, रिचार्ड प्रथम र बहादुर काला राजकुमार (ब्ल्याक प्रिन्स) बाट शासित इङ्गल्याण्डलाई जर्मनीका बमवर्षक व्योमयान-हरूले थर्कमान गराए, फेरि अंग्रेज अमेरिका र रूसको सेनाका सामुन्ने जर्मनीले पनि शिर निहुऱ्याउनुपऱ्यो, तर श्री ५ महाराज पृथ्वीनारायण शाह, श्री ५ महाराज रणबा-हादुर शाह, काजी अमरसिंह थापा, वीर बलबद्र कुँवर, श्री ३ महाराज जङ्गबहादुर राणा र श्री धीरशमशेर राणाको नेपाललाई आजसम्म कसले नतमस्तक गराउन सकेको छैन। नेपालका वीरहरूले वेत्रावतीको किनारमा चीनी सेनाको नाश गरं, अँगरेजसंगको युद्धमा स्थान स्थानमा अंग्रेजी सेना र अफिसरहरूलाई आफ्नो प्रचण्ड पराक्रमले मुख लुकाउन बाध्य गराए कुरुङ र कुतीको युद्धमा तिब्बती सेनालाई पिटे, फ्रान्स,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अफ्रिका र इटालीमा जर्मनी र इटालीका विश्वप्रसिद्ध सेनाको घमण्ड चूर चूर पारे, ग्यालीपोली प्रायद्वीपमा भएका लडाइँमा तुर्की सेनालाई लज्जित गराए, वजीरिस्थानका पहाड हरूमा पुगेर मासूद पठानहरूको फूर्ति झारे तथा आसाम र बर्माका जङ्गलबाट जापानी सेनालाई धपाए। यस पुस्तकमा तिनै वीरहरूका पराक्रमको यत्किञ्चित् परिचय दिने प्रयत्न गरेको छु।

संसारमा कुनै जाति अथवा राष्ट्रलाई जीवित रहनु छ भने त्यसले वीर हुनुपर्दछ। नेपाल वीरराष्ट्र हुनाले नै आजसम्म ससम्मान जीवित रहन सकेको छ। नेपाली प्रजामा भएको त्यो स्वाभाविक वीरता अखण्ड रहोस् भन्ने अभिप्रायले यो पुस्तक लेखिएको छ।

हुनत यो पुस्तक जसरी लेखिनुपर्दछ त्यसरी लेख्न सकेको छैन, तापनि हाम्रो भाषामा यो नवीन किसिमको हुनाले मेरो सहृदय देशबन्धुहरू यसलाई रुचाउनुहुनेछ भन्ने पूरा आशा गरेको छु।

सागरमणि आचार्य दीक्षित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धन्यवाद

गोरखाधिप ती धन्य पृथ्वीनारायणै भए ।
नेपालको महाराज्य जसले यो खडा गरे ॥
घोर युद्ध गरी सत्र उनका पुत्रले जिती—
लिए मोरङ्को राज्य धन्य सिंहप्रताप ती ॥
गराए वश्य दुर्द्धर्ष किरातगण आखिर ।
त्रिगर्त-विजयी धन्य राजा रणबहादुर ॥
सुन्छौं, हरायो जसले चीन सैन्य भयङ्कर ।
ती पाँडे कुलमा धन्य दामोदर बहादुर ॥
कलङ्गादुर्गमा राख्ने नेपाली शान अद्भुत ।
बलभद्र पनि धन्य भएथे अपराजित ॥
थापाका कुलमा धन्य भए अमरसिंह ती ।
शत्रु जिल्ल पर्‍यो देखी जसका मतिको गति ॥
बुद्धिमा बलमा धन्य भक्ति थापा पनि थिए ।
देश-स्वातन्त्र्यका निम्ति लड्दै सुरपुरी गए ॥
हराए भोटको सेना लुटाए लखनौ पुर ।
दबाए मित्रका वैरी धन्य जङ्गबहादुर ॥
युद्धमा शत्रुले देखे जसको कर्म दारुण ।
धन्य नेपाल-सेनानी धीरशमशेर शोभन ॥
पराक्रमी थिए थापा कुलवीर लडाइँमा ।
जसले पहिले पाए भि. सी. प्रथम युद्धमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धन्य अद्‌भुतका योद्धा राना कर्णबहादुर ।
भि. सी. लिएर जसले पाएथे पूर्ण आदर ॥
जिते जर्मनको सेना अफ्रिकामा सरासर ।
थापा समरका शूरा धन्य लालबहादुर ॥
जापानीसँग बर्मामा लडेर जुन वीरले ।
भि. सी. पदक पाएथे धन्य वीर गजे घले ॥
गजु लामा पनि धन्य भि. सी. पदक शोभित ।
जसको वीरता देखी भएथ्यो शत्रु लज्जित ॥
उत्पन्न राई कुलमा शूरा अगमसिंहले ।
भि. सी. तक्मा लिए धन्य वीरतापूर्ण कार्यले ॥
थापा पराक्रमी धन्य भि. सी. नेत्रबहादुर ।
रणमा प्राण नै त्यागे त्यागेनन् खुकुरी तर ॥
कीर्ति स्वदेशको थामे नमानी मृत्युको डर ।
धन्य योद्धा अतुलका भि. सी. तुलबहादुर ॥
त्यागेथे प्राण जसले गर्न स्वातन्त्र्य-रक्षण ।
अन्य ती वीरमा गर्छु धन्यवाद समर्पण ॥

× × ×

नेपालनाथ ती धन्य धन्य हाम्रा अधीश्वर ।
धन्य श्री जुद्धशमशेर शिरमौर नरेश्वर ॥
जसका छत्रछायामा प्रजा यस्ता बहादुर ।
प्रसन्न चित्तले गर्छन् जयगान निरन्तर ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रार्थना

नेपाल !

"लक्ष्मी पनि तिमी देवी ! तिमी नै हौ सरस्वती।
अन्नपूर्णा पनि तिमी तिमी नै शिवा सती ॥
कल्पवृक्ष सबै वृक्ष चिन्तामणि सबै शिला।
तिम्रा वन सबै साक्षात् नन्दनै तुल्य छन् अहा !

हरेक जन्ममा मेरो चित्त वित्त र देह यो।
तिम्रै सेवा गर्न पाओस् जननि ! कामना छ यो ॥
साम्राज्य-सुखको भोग अथवा मुक्ति पाउने।
इच्छा म राख्तिनँ ठुलो यश-विद्या कमाउने ॥

नेपालमा जन्म पाऊँ मनुष्य पशु-पक्षी भै।
फट्यांग्रा अथवा कीरा ढुङ्गा या तृण वृक्ष भै ॥
सर्वात्मक प्रभूलाई साक्षी राखेर प्रार्थना।
गर्दछु मातृसेवाको भाग्यभागी बनूँ सदा ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो झण्डा

यो रातो रङ्गको हाम्रो झण्डा उच्च सदा रहोस् ।
चन्द्र-सूर्याङ्कित ध्वजा प्यारो हाम्रो सधैं रहोस् ॥
यसको मान-रक्षार्थ खोला रगतका बहे ।
नझुकोस् यो भनी दुःख लाखौं मानिसले सहे ॥
यही झण्डा पुग्यो पूर्ण विजयी भै शिखार्जुन ।
पुग्यो किल्ला काँगडामा बनी वैरी-निकन्दन ॥
हर्षाउने वीरलाई शत्रुसैन्य डराउने ।
वर्षाउने प्रेमसुधा सर्वत्र विजयी हुने ॥
शत्रुलाई सधैं यो छ सूर्य झैं तापदायक ।
मित्रका निम्तिमा चन्द्र जस्तै आनन्ददायक ॥
भोट चीन र अँग्रेज सैन्यका सामुमा पऱ्यो ।
जितेर तीं सबैलाई अझ उन्नत यो रह्यो ॥
जर्मनी, इटली, टर्की, चीन, जापान, तिब्बत ।
यसका जनतालाई दिन्छन् गौरव इज्जत ॥
नेपालीको यसैमा छ मान सत्कार आदर ।
उच्च राख्न यसैलाई मान्नुहुन्न कुनै डर ॥
रणमा यो ध्वजा देखी काँप्छन् शत्रु थर्थर ।
यही उच्च रही नित्य गरोस् सर्वत्र फर्फर ॥
छ जे जति जहाँ हाम्रो यसैमा छ सबै बुझौं ।
यसका निम्तिमा प्राण दिन तत्पर भै रहौं ॥
नघटोस् यसको मान शान नित्य रही रहोस् ।
जाओस् गए पनि प्राण तर यो अटलै रहोस् ॥
संसारको उच्च शिर देवडुङ्गा चुली पुगी ।
फर्फराऔं यसैलाई भूगोल विजय भई ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"जहिलेदेखि हाम्रो गोरखाराज्यको सृष्टि भयो उहिलेदेखि नै यो पुण्यभूमिका बहादुर सन्तान जन्मी आफ्नो सरकारको निमकको सोझो र मातृभूमिमाथि प्रेम लिएर जस्तो जस्तो बहादुरी गरी देश र सरकारका जुन इज्जत बढाएका छन् सो नाम इज्जत र गोरखासन्तानको सो बहादुरी संसारको कुना कुनामा फैलिरहेको छ। संसारको आँखामा हाम्रो झण्डा उच्चै भएर फर्फराइरहेको छ। श्रीपशुपतिनाथ, श्रीगुह्यकालीसँग हाम्रो यही एक मात्र प्रार्थना छ कि अब भविष्यमा पनि हाम्रो बहादुर फौजमा राजभक्ति र बहादुरी बढाई अनन्त कालसम्म गोरखासरकारको झण्डा उच्च राखिछोड्ने शक्ति र बुद्धि दिऊन्।"

—श्री ३ महाराज जुद्ध।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव
(गो. प. छापाखानाको सौजन्यबाट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराजको सलामी

श्री मान् गम्भीर नेपाली प्रचण्ड प्रतापी भूपति
श्री ५ सरकार महाराजधिराजको सदारहोस् उन्नति
राखून् चिरायु ईशले, प्रजा फैलियोस् पुकारौं जय प्रेमले
हामी नेपाली भाइ साराले।
वैरी सारा हटाऊन्, शान्त होऊन् सबै विघ्नव्यथा
गाऊन् सारा दुनियाले सहर्ष नाथको सुकीर्ति कथा
राखौं कमान, भारी वीरताले, नेपालमाथि सधैं नाथको
श्री होस् ठूलो हामी नेपालीको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ।"

"हजारौं तोपका गोला शत्रुका वर्षंदा पनी,
लाखौं बन्दूकका गोली छातीभित्र घुसे पनी
नङ्गा गर्दनमा कोटि तरवार चले पनी
हामी निशानका निम्ति दिने छैनौं कहीं पिठ,
सधैं गौरव राख्नेछौं गोरखाको बढी बढी
जानेछौं स्वर्गको सीमासम्म नै नहटी कतै
श्रीमहाराजको प्यारो पाउको रजको टिका-
लाई विभूतिको सट्टा चल्नेछौं रणभूमिमा ।
एउटा ज्यानमा लाखौं ज्यान आई गिरे पनी
लाखौं गुना बढाएर मनको जोश आखिरी
सास यो जिन्दगीकोले भेटेसम्म लडी यहाँ
नाम लुट्छौं, वहाँ लुटछौं सुर-धाम सरासर ।
प्राणभन्दा पनी प्यारो यो सनातन-धर्मको
स्वदेश, यो सुधा-पारावार स्वर्गीय यो सुख
सम्झेर शिरमा गाडौं प्रभुको पाउमा बसी—
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ।"

—श्री बालकृष्ण शमशेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली-वीरता

पहिलो परिच्छेद

वीरता यस भूमिको मुख्य बीज, साहस यो बगैंचाको सुरभित फूल र टेकका निम्ति प्राण दिनु नेपालीहरूको पुरानो आदत हो। जसका खुकुरीको चमकले वैरीहरूका हृदय काँप्तथे, जसका भ्रूभङ्गले लाखौंको भाग्य-नौका डगमगाउँथ्यो, त्यस्ता वीरहरू यस देशमा जन्मेका थिए।

वीरता, दृढता, स्वाभिमान, चातुर्य, युद्धकौशल, निर्भयता र टेकका निम्ति प्राण दिएको दृष्टान्त नेपालको इतिहासमा प्रशस्त पाइन्छ। पूर्वमा शिखर्जुन र पश्चिममा कोट काँगडासम्म नेपालसरकारको विजय-वैजयन्ती फर्फराउने अमरसिंह थापा प्रभृति वीर योद्धा; देश-स्वातन्त्र्यको रक्षा गर्न अद्भुत वीरता देखाउने बलभद्रसिं कुँवर, दामोदर पाँडे, धीरशमशेर जङ्गबहादुर राणा आदि वीरपुङ्गवहरू यही नेपालभूमिमा जन्मेका यिनै मातृभूमिको काखमा खेलेका, यिनैको अन्नजलले बढेका र यिनैको रक्षाकार्यमा प्रफुल्लित चित्तले प्राण समर्पण गरेर यिनैमा लीन भएका छन्।

नेपाल! अहा! कति प्यारो राम्रो नाम छ। यो तीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अक्षरी नाम लिंदैमा सदा समरविजयी शाहदेव, प्रचण्डभुज-दण्डशाली शमशेर जङ्गबहादुर राणा, वीर थापा, पांडे, वस्न्यात, बहादुर मगर, साहसी गुरुङ, अपराङ्मुखी राई-किराती-हरूको सम्झना हुन्छ। उनको गौरव, उनको प्रताप, उनको नाम र यश-कीर्ति आज पनि प्रसिद्ध छ।

नेपाल! तिम्रा गौरवको स्मरण गर्दा श्रद्धाले शिर निहुरन्छ। तिम्रा वीरताको इतिहास पढ्दा मुर्दा जस्ता नशामा पनि जोश फूर्ति आउँछ। तिम्रा पूर्वकथा सुनेर निर्बल मानिसको पनि भुजा फड्कन्छ। तिमी धन्य छौ! तिमीलाई नमस्कार छ! वारंवार नमस्कार छ!!

नेपाल त्यो गौरवभूमि हो जहाँ हाम्रा प्राचीन योद्धाहरूले देशाभिमानका निम्ति रगतको खोलो बगाए जहाँ स्वतन्त्रताको रक्षा गर्न कैयन् देवीहरूले वैधव्यको कठोर दण्ड भोग्न तयार भई आफ्नै हातले आफ्ना पतिदेवलाई वीरवेशमा सिंगारेर रणक्षेत्रमा पठाए, कैयन्ले वृद्धावस्थामा पुत्रशोकको दारुण आघातलाई शान्त चित्तले सहे। यसै भूमिको रक्षा गर्न हजारौं देशबान्धवले भरखरको कलिलो जीवनको मोह नराखी समराङ्गणमा प्राण समर्पण गरे। यही देशको स्वातन्त्र्यरक्षाको पवित्र कार्यमा सरदार भक्ति थापा, नयनसिंह थापा आदि नरपुङ्गवले सहर्ष आफ्नो शिर चढाए, वीराङ्गनाहरूले आफ्ना कोमल शरीरमा शत्रुका कठोर अस्त्र-शस्त्रको प्रहार सहे। जसले केवल औचित्यको पालन गर्न कष्ट सहे, विदेशी शासकको आधिपत्य मानेर सब किसमको सुख भोग्ने सट्टामा छिया-छिया भएर प्राण दिन स्वीकार गरे, स्वदेशको मानरक्षाका निमित्त तृण-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वत् संसार त्यागे, पद पदमा विफल भएर पनि कर्त्तव्यपथबाट हटेनन्, व्यक्तिगत भविष्यको वास्ता नराखी मातृभूमिको हितका निमित्त सर्वस्व जीवन-धनसमेत अर्पण गरिदिए, ती देशबन्धुहरूको जतिसुकै तारीफ गरे पनि थोरै छ। वर्षका वर्ष बिते, तर आजसम्म त्यो गहिरो रक्त-प्रवाहको लालिमा नेपालको भूमिबाट मेटिएको छैन।

अनादिकालदेखिन् नेपाल वीरताको आदिम स्रोत रहेको छ। सयकडौं वर्षदेखि यस देशले वीरतामा ख्याति पाएको छ। नेपालका प्रजा साँच्चिकै बहादुर छन्। हरएक अवसरमा यस देशका प्रजाले युद्धक्षेत्रमा प्रसन्नतापूर्वक अनगिन्ती बलि चढाएका छन्। यही हाम्रो इतिहास छ। शाह, राणा, थापा, पाँडे, बस्न्यात, मगर, गुरुङ, किराती आदि सबै जाति, धर्म र इलाकाका प्रजा जन्मजात वीर छन्। उनीहरूको बहादुरी संसारप्रसिद्ध छ।

नेपालीहरूलाई कर्त्तव्यपथबाट विचलित गर्न आजसम्म कसैले सकेको छैन। सबै भीषणतासहित स्वयं कालले पनि नेपालीहरूलाई तर्साउन सकेको छैन। कर्त्तव्यले मागेको समयमा उनीहरू हाँस्तै र खेल्दै भयङ्कर यमदूतलाई अङ्कमाल गर्छन्, महान् महान् विपत्तिलाई हेलाको हाँसोले उडाइदिन्छन्, खुशीसाथ आफ्नो सर्वस्व होमिदिन्छन् र स्वदेशको स्वातन्त्र्य-रक्षाको निमित्त उल्लासपूर्वक प्राणाहुति दिन्छन्। यस देशका मानिसको त के कुरा, स्वास्नीमानिसले समेत आफ्नो नाम, इज्जत र स्वतन्त्रताको निमित्त मृत्युको सामना गरेका छन्। हाम्रो इतिहास यस्ता गौरवशाली उदाहरणले प्रशस्त भरपूर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ। हाम्रा देशबन्धु ती सुप्रसिद्ध वीरहरूका सुयोग्य सन्तान छन् जसका अजोड साहसिक कर्म नै उनका अमर स्मारक छन्, जसका उत्कृष्ट धैर्य र शूरताले हाम्रो देशलाई सबै देशका प्रजाले यात्रा गर्न र पुज्न लायकको एक महान् तीर्थ बनाएको छ।

जुनसुकै युद्धको इतिहास पढ्नुहोस्, नेपालका सैनिकलाई आफ्नो परम्परागत कीर्तिमा स्थिर पाउनुहुनेछ। संसारका विभिन्न रणक्षेत्रमा हजारौं नेपाली उत्साही वीर पुगेका छन् र युद्धमा बारंबार अपूर्व धैर्य, उत्कट पराक्रम औ आत्म-बलिदानको उत्तम भावनाको चमत्कारिक प्रमाण दिएका छन्। नेपालका योद्धाले हाँस्तै आफ्नो शिर कटाए, राजीखुशीले तोपका गोला, भयङ्कर बमविस्फोट र निशाना साधिएका बन्दूकका गोलीको अनवच्छिन्न वर्षाको शिकार भए, प्रसन्न चित्तले भोका र प्यासा रहेर दारुण यातनायुक्त मृत्युको स्वागत गरे, तर बीचमा न त विश्राम नै लिए, न काम अधूरो छोडे। युद्धमा सिंहसमान पराक्रमी नेपालीहरूले प्रशंसनीय उत्तम चरित्रशाली भएर लडाइँका इतिहासमा स्वर्णाक्षरले लेखिने अप्रत्ययकर गौरवशाली कार्यहरू गरेका छन्। नेपालका नरव्याघ्रहरूले अरू साथीहरूसँग मिलेर शत्रुमाथि साहसिक प्रहार गरे र युद्धमा विस्मयकारी बहादुरी देखाए। विपद्मा परेर पनि धैर्यसित शत्रुसँग युद्ध गरी राजभक्तिको प्रत्यक्ष प्रमाण दिएर संसारको मानवी प्रजाबाट प्रशंसा पाए। युद्धक्षेत्रमा अटल रही छातीलाई वारपार छेड्ने गोलीवर्षा सहेर सच्चा पौरुष देखाए, रणभूमिबाट भाग्ने विचारसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि गरेनन् । नेपालको कुनै मानिस भगुवा अथवा डरछेरुवा भनी अपमानित भएको छैन ।

यस देशका सैनिकले युद्धकालमा भोक, प्यास, जागरण, शारीरिक यातना, असह्य र अति दुःखमय शीत र हिमवर्षा पनि सहे जसको अभ्यास नै थिएन। स्वयं आफ्नो शारीरिक सुख र सुविस्ता, परिवारको भविष्य, तरुणी गृहिणी, असहाय, निराधार बालबच्चा र आश्रितहरू, वृद्ध माता–पिता र यतिमात्र होइन— प्राणको पनि सर्वथा वास्ता नराखी नेपाली वीरहरूले युद्धभूमिमा मर्न स्वीकार गरे, तर भाग्न खोजेनन्, कर्त्तव्यपथबाट विचलित हुन चाहेनन् । परोपकारका निमित्त हाँस्तै र खेल्दै आफ्नो प्राण दिए । यस्ता महान् आकांक्षणीय रीतिबाट नेपाल र नेपालीको कीर्ति राखे औ आफ्नो लागि सच्चा जीवन—अमरता—प्राप्त गरे।

सदा सर्वदा गर्व र इज्जतसाथ नाम लिइने नेपालका संसारप्रसिद्ध बहादुर सैनिकहरूले तुच्छ पारितोषिकका निम्ति बहुमूल्य जीवनको आहुति दिएनन्, कुत्सित उद्देश्यले अपरिच्छिन्न अग्निवर्षाको सामना गरेनन्, स्वार्थसिद्ध गर्न मुटु छेड्ने जाडो र अति दुःखदायी हिमवर्षा सहेनन् । उनीहरूले सिर्फ कर्त्तव्यको पवित्र वेदीमा प्राण समर्पण गरे। आफ्नो अद्वितीय प्राणाहुति, अनुपम राजभक्ति, अदम्य साहस, उग्र पराक्रम, देदीप्यमान वीरता, उज्वल सेवा र स्पर्धनीय बलिदानद्वारा स्थायी गौरव र नाम कमाए, पुर्खौली कीर्तिलाई झन् फैलाए, स्वजातिको सुख्यातिको र मातृभूमिको इज्जत बढाए । ती बहादुरहरूले आफ्नालाई गौरवशाली बनाए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र मित्रहरूका नाम चम्काए ।

अब यहाँ संसारको विभिन्न रणक्षेत्रमा लडिएका सुप्रसिद्ध ऐतिहासिक युद्धहरूमा नेपालीहरूले देखाएका अजोड वीरताको क्रमबद्ध वर्णन गरिन्छ ।

"जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी।
माननीया वर्णनीया कीर्तनीया प्रयत्नतः ॥"

......[०]......

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोस्रो परिच्छेद

मकवानपुर गढीको युद्ध

"चमत्कारी पहाडी कर्म गर्नमा गोरखालीहरूको शक्ति अद्भुतछ।"
—पर्सिवल ल्याण्डन।

संवत १८१८ को भाद्र महीनामा श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाहले मकवानपुर विजय गरेपछि त्यहाँका राजा दिग्वन्धन सेन मन्त्रीसहित हरिहरपुर गढीमा बसेर फेरि आफ्नो राज्य लिने उद्योगमा लागेका थिए। यस कारण मकवानपुरबाट आठ कोश पूर्वमा स्थित हरिहरपुर गढीमा आश्विन महीनैमा नेपाली फौजले चढाइँ गर्‍यो। त्यसताक मीर कासिम बङ्गालका नावाब थिए। अंग्रेजहरूबाट उनको गौरव र प्रभुत्व धेरै नै हरिएको थियो। आर्मेनियानिवासी गुर्गीन खान नामका एक पुरुष नवाबका कृपापात्र र प्रधान–सेनापति थिए। उनले खडा गरेको नवीन सैन्यबलले मकवान्पुर जित्न सके नवाबको लुप्तप्रायः गौरव फेरि बढ्नेछ भन्ने अनुमान गरेर गुर्गीन खानले बेतियाको वन्दोवस्त गर्न जाने निहुँ पारी संवत १८२० मा नेपालमा आक्रमण गर्ने कदम उठाए।

मकवानपुर–गढीमा अल्पसंख्यक फौज लिएर नन्दु बसेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए। शत्रुको सैन्य कैयन् गुणा ठूलो हुनाले सहजैसित गाउँमाथि चढ्यो। गुर्गीन खानले चढाइँ गरेको सुनेर श्री ५ पृथ्वीनारायण शाहले वंशराज पांडे, केशरसिंह, नाहरसिंह र रामकृष्ण कुँवरका मातहतमा एक सेना पठाए। यो सेना दुइ भागमा बाँडियो। एक भागले तापलाखर र अर्कोले पुरानो मकवानपुरबाट शत्रुपक्षमाथि धावा गऱ्यो। गुर्गीन खानको सैन्य उकालो चढ्न लागेको अवसर पारी माथि टिप्पामा बसेका नेपालीहरूले बाण, घुर्येत्रो, पत्थर र बन्दूकका गोली वर्षाउन थाले। बहुसंख्यक भए पनि मुसलमानी सैन्यले टिप्पाका नेपालीहरूसँग उकालो चढ्दै लड्न नसकी भाग्नलाई मुख फर्कायो। अब नेपाली सैनिकले झन् सजिलो मौका पाए। ओर्लन लागेको मुसलमानी सैन्यलाई उनीहरूले लखेट्तै, मार्दै, काट्तै ब्याँसीसम्म पुऱ्याए। मैदानमा पुगेपछि पनि नेपालीहरूको प्रचण्ड वीरताका अगाडि टिक्न नसकेर गुर्गीन खानका सैनिक जतातत्तै भागे। यस रीतले मकवानपुर जित्न आएको गुर्गीन खानको फौजका १७०० सिपाही मारी पाँच-सात सय बन्दूक र केही तोपहरूसमेत लुटेर विजयी नेपाली सैन्य फर्क्यो।

डाक्टर राइट्सले 'मुर्शिदावादका नवाब कासिमअली खानको साठी हजार सैनिकलाई श्रीपृथ्वीनारायण शाहका चार सय सिपाहीले बिलकुल सफा पारे'[1] भनी लेखेको यही हुनुपर्दछ।

---

१ डाक्टर डेनियल राईट्स कृत "हिस्ट्री अर्फ नेपाल" पृष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पादरी मार्क मकवानपुर गढीको बारेमा झन् आश्चर्यको निम्न कुरा लेख्तछन्—

"कासिमअली खानको मातहतमा आएको आक्रमणकारी दलले हेटौंडानिर बाटो बिरायो र पूर्वतिर लागेर मकवानपुर गढीको सामुन्ने आइपुग्यो। त्यस दलका सैनिकहरूले त्यहाँका तीन गढमध्ये एक गढ ध्वंस गर्ने कोशिश गरे, तर त्यस गढीका कुल तीन संरक्षक—एक पुरुष र दुइ स्त्रीका पत्थर-वर्षाले गर्दा अधम किसमले हार्नुपऱ्यो। किल्लाका ती साहसी संरक्षकहरूको पक्षमा पछि दस मानिस थपिए र तेह्र व्यक्तिको यो क्षुद्र दलले सूर्यास्त भएपछि नवाबका सेनाको छाउनीमा छापा मारेर दस हजार सैनिकको प्राण लिए। रातीको धावाले डराएर भाग्दा छ हजार सिपाही भीरबाट खसेर मरे। भोलिपल्ट 'यहाँबाट हटेनौ भने बाटो थुनेर एकलाई पनि बाँकी राख्तैनौं' भन्ने यो सानो दलको धम्कीले बाँकी फौज त्यहाँबाट फऱ्यो[१]॥"

गुर्गीन खानलाई विफल गराएर श्री ५ पृथ्वीनारायण शाह फेरि नेपाल-विजयको उद्योगमा लागे, परन्तु त्यो उद्योगमा सफल हुनु पहिले अंग्रेजहरूसित एक लडाइँ लड्नुपऱ्यो।

सिन्धुली गढीको लडाइँ—

श्री पृथ्वीनारायण शाहले कीर्तिपुर लिएपछि काठमाडौंका राजा जयप्रकाश मल्लले बेतियाका अंग्रेज अफिसर गोल्डिङ-

---

१. पर्सिवल ल्याण्डन कृत "नेपाल" भाग १, पृष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सँग सैनिक सहायता माँगेका थिए। नेपालमा मल्ल–शासन कायम रहेका पक्षमा आफ्नो व्यापार पनि बढ्ने र धर्मप्रचारमा समेत बाधा नपर्ने देखेर अंग्रेजहरूले जयप्रकाश मल्लाई मदद दिने निश्चय गरी महाराज पृथ्वीनारायण शाहलाई नेपालको घेरा झिक्न भनी चिठी लेखे। साथसाथै नेपालको (दूनको) घेरा झिकिएन भने आसामबाट फर्केका कप्तान किन्लाकले ससैन्य नेपाल जानू भन्ने आदेशसमेत दियो। श्री ५ पृथ्वीनारायण शाहबाट पत्रको अनुकूल उत्तर नआएको र नेपाल दूनको घेरासमेत नझिकिएकोले संवत् १८२४ को कार्तिक महीनामा, कमलाका किनारै किनारबाट सिन्धुली गढी निस्केर नेपालमा आक्रमण गर्ने निश्चय गरी कप्तान किन्लाकले सेनाका साथ जनकपुरबाट प्रस्थान गरे।

ससैन्य कप्तान किन्लाक विनाविरोध सिन्धुलीगढीसम्म आइपुगे। तराईको त्यो प्रदेश भरखर जितिएको थियो र गढीहरू पनि बनिसकेका थिएनन। यस कारण मैदानमा लड्न उचित नदेखेर बाटामा शत्रुले रसद र मानिस नपाउने राम्रो बन्दोबस्त मिलाई श्री पृथ्वीनारायण शाहले पहाडी प्रदेशमा अंग्रेजी सैन्यलाई हराउने तयारी गरे। यसमा उनले पूरा सफलता पनि पाए। अंग्रेजी सैन्य सिन्धुलीगढी पुगेको समाचार पाएर उनले दुम्जाको बाटो एक सेना पठाए। यो सेनाको एक भाग पौवागढीमा र अर्को भाग ढुंग्रेबासमा बस्यो। अंग्रेजी फौज सिन्धुलीगढीबाट माथि चढ्न लागेपछि पौवागढीको फौजले माथिबाट र ढुंग्रेबासमा बसेको सैन्यले सिन्धुलीगढीको पहाड नाघेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तलबाट आक्रमण गऱ्यो। यो लडाइँमा अंग्रेजी सिपाही नै धेरै मारिए। कप्तान किन्‌लाकले जसोतसो गरेर आफ्नो ज्यान जोगाए। डाक्टर राईट्सको कथनानुसार पनौतीनेर भएको लडाइँमा पाँच हजार नागा फौजले पनि यसै गरी हार्नुपरेको छ[1]।

यसप्रकार श्री ५ महाराज पृथ्वीनारायण शाहका आधिपत्यमा वीर नेपालीहरूले पर्वतीय प्रदेशका तत्कालीन बलिया राज्यहरूबाट बच्तै बाहिरका दुइ महान् शत्रुलाई हराएर पूर्वमा विजयपुर, पश्चिममा सप्तगण्डकीको प्रदेश, उत्तरतर्फ केरुङ र दक्षिणतिर मकवानपुरसम्मको प्रदेश जिती एक सानो पहाडी राज्य गोरखालाई सुदृढ राज्यको रूप दिए।

---

१. डाक्टर डेनियल राईट्सकृत "हिस्ट्री अफ नेपाल" पृष्ठ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेस्रो परिच्छेद

—(०)—

वेत्रावतीको रणक्षेत्रमा

"नेपालीहरूका वरावर पार्वतीय लडाइँ लड्न सक्ने वीर-जाति एशियामा थोरै छन्।"

—पं० रुद्रदत्त पन्त।

श्री ५ महाराज रणबहादुरको शासनसमयमा प्रधानामात्य वहादुर शाहले बाँकीरहेका बाईसी र चोबीसी राज्यहरू जित्न संवत् १८४३ मा पठाएको सैन्यले ती राज्यहरूलाई जितेर नेपालराज्यमा मिलायो। संवत् १८४४ मा सेनापति स्वरूप-सिंहको अध्यक्षतामा गएको फौजले किराती प्रदेशलाई नेपालसरकारको अधीन गरायो। संवत् १८४६ मा सिक्किमको दक्षिण र पश्चिमतिरको भूभागमा नेपालको चन्द्र-सूर्याङ्कित ध्वजा फर्फराउन लाग्यो। यसरी जताततै नेपाली सैन्य विजयी भएको देखेर बहादुर शाहले सिक्किम विजय गर्ने आज्ञा दिए। नेपालले सिक्कम विजय गर्ने लागेको सुनेर तिब्बत सरकारले कुतीतर्फ केही जग्गा दिन र वार्षिक कर बुझाउन कबूल गरेकोले युद्ध रोकियो। तर यो शान्ति धेरै दिनसम्म रहेन। विजयोत्सुक नेपालीहरू चूप लागेर बस्न सकेनन्। संवत् १८४६ मा नेपालको अपराजित सैन्यले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिब्बतविजयका निमित्त कदम उठायो र अनेक कठिनतालाई पार गर्दै, संधै हिउँले ढाकिएका उत्तुङ्ग गिरिश्रृङ्गहरू नाघ्दै, तिब्बती योद्धाहरूलाई हराउँदै, बीच प्रदेशका लामाहरूको मठहरू लुट्तै शिखार्जुनसम्म सर गरी ब्रह्मपुत्रमा खांडो पखालेर मुक्तिक्षेत्रको बाटो नेपाल फर्क्यो। कुतीतर्फबाट गएको फौजले पनि झुङ्गातिरबाट आएको फौजसंग मिलेर कुतीबाट १२॥ कोशअगाडि ताशीझुम्पोसम्म द्रुतगतिले बढ्दै गएर निर्विरोध ताशी लामाका दरबारमा अधिकार गऱ्यो।

नेपालले यसरी तिब्बतविजय गरेको चीनले सहन सकेन। उहाँको सरकारले नेपाललाई ताशी लामाको मठ दरबारबाट लुटिएका एक एक वस्तु यथासम्भव शीघ्र फिर्ता गर्न आदेश गऱ्यो। नेपाल-सरकारबाट त्यो कुरा मानिएन र चीनलाई लड्न कर लागेकोले जनरल फु-कंग-उनका अधीनमा एक विशाल चीनी सैन्य नेपालसित लड्न आयो। तिब्बतको समतल भूमि—टिंग्रीको मैदानमा चीनको यो ठूलो सैन्यसित लड्न नसकिने देखेर नेपाली सैन्य बिस्तार बिस्तार पछि हट्तै गयो र चिनियाहरू अबाधगतिले धैबुङसम्म आइपुगे।

चीनको सैन्य वेत्रावतीका किनारको पहाडमा पुगेपछि दुवै पक्ष लड्न अग्रसर भएन। यो हालत देखेर जनरल फु-कंग-उनले आफ्नो सैन्यलाई वेत्रावती तर्न आज्ञा दिए, तर मानिएन। यसरी आज्ञा व्यर्थ गएको देखेर जनरलले आफ्नै फौजका सम्मुख तोप फिराएर बलपूर्वक फौजलाई ओर्लन लगाए। नेपाली सैन्य काजी दामोदर पाँडेको नेतृत्वमा वेत्रावतीपारी बसेको थियो। चीनी जनरलले जबर्दस्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ओह्रालेको फौज पुलमा पुगेपछि नेपाली सैनिकगण चिनिया-हरूमाथि वाण र गोलीका पर्रा छोड्न लागे। भयङ्कर भीरको साँघुरो बाटोमा पछिल्तिरबाट आफ्नै मानिसले ठेलिएका र अगाडि नेपाली सैनिकका बाण-वर्षाले रोकिएका चिनिया सैनिकको सुद्धि-बुद्ध हरायो। यसै अवस्थामा ज्यादा बोझ परेर पुलसमेत भाँचिन गएकोले चिनियाहरूको झन् दुर्दशा भयो। धेरै सिपाही नेपाली वाण र गोलीका शिकार बने। कैयन्‌ले आफ्नैतर्फका मानिसको भीडबाट कुल्चिएर प्राण दिनुपर्‍यो। कोही कोहीले आत्तिएर भीरबाट फालहाली तलको खोलामा जल-समाधि लगाए। त्यस समय नेपाली सैनिकले भृगुपतनको दृश्य प्रत्यक्ष देखे। यो काण्ड भएपछि चीनले नेपालसित सन्धि गर्‍यो।

चीनसँगको यो लडाइँका सम्बन्धमा अंग्रेजहरूले लेखेको इतिहास र नेपालको वंशावलीमा केही कुरा फरक देखिन्छ। नेपाली वंशावलीमा यो घटना यस प्रकार लेखिएको छ—

"संवत १८४७ मा किरातीहरूले विद्रोह मच्चाए। उनीह-रूको दमनका निमित्त फौजको एक कम्पनी पठाइएको थियो। त्यसै बीचमा चिनिया लश्कर विनारोकावट धैबुङसम्म आइ-पुग्यो। चीनको यो सैन्यसित लड्न भनी दामोदर पाँडेको नेतृत्वमा गएको सैन्य चोकदेवमा बस्यो। श्रीकृष्ण शाहका मातहतको लश्करले चलेङबारीमा अड्डा जमायो। काजी कीर्तिमानसिंह बस्नेतले आफ्नो तैनातको सैन्य गेर्खुटारमा राखे।

यस किसमले लडाइँको निमित्त फौजको बन्दोबस्त गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काजी रणजित पाँडेप्रभृति चार भारदार जनरल फू-कंग-उनकहाँ सन्धिको कुरा गर्न गए। चिनिया लश्कर बसेको ठाउँमा पानीको दुःख थियो। तसर्थ चीनका काजी धुरिन र तुथ्याङले सर्वप्रथम यही कुरा गरे। गेर्खु टारमा बस्न पाए सबै कुराको राम्ररी समाधान गरौंला भन्ने उनीहरूको कथन थियो। काजी रणजित पाँडेले श्रीमहाराजका हजूरमा यो कुराको साथ कुनै विकट जग्गामा चिनिया सैन्यलाई पुऱ्याएर एक भयङ्कर युद्ध नगरी सन्धि हुने लक्षण छैन भनी जाहेर गरे। यस कुरामा श्री ५ को आज्ञा पाएपछि लौ, तिमीहरूलाई गेर्खु टारमा डेरा दिन्छु भनी रामदास पन्तले आफू अगुवा भई चीनी फौजको एक हिस्सा भिर्कोटको बाटो चोकदेवतर्फ ल्याए। अर्को भागलाई मणिराम लामाले भीरको बाटो ढुवेथुमतर्फ हिंडाए।

यस्ता तरहले चिनिया लश्करलाई भीर, पैह्राले युक्त स्थानमा पुऱ्याएर नेपाली सैन्यले दुवैतर्फबाट आक्रमण गऱ्यो र वेत्रावतीको पुल पनि तोडिदियो यस अवस्थामा शत्रु-हरूको केही चलेन र धेरै मानिस मारिए। अन्त्यमा फौजको धेरै हानि देखेर चिनिया सरदारले नेपालसंग सन्धि गरे।"

हुनत इतिहासकारहरूले यस लडाइँमा नेपालको हार बताएका छन्, तापनि नेपालको भन्दा तिब्बतसरकारको नै धेरै हानि भएको छ। सन्धिपत्रअनुसार नेपालीले जितेको तिब्बतको सबै भूभाग छोडिदिनुपऱ्यो र पाँच पाँच वर्षमा ४५ मानिसका साथ नजराना पठाएर चीन-सम्राट्का प्रति सम्मान देखाउनुपर्ने भयो, तर तिब्बतसरकारले त धेरै अंशमा चीनको

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधीनता स्वीकार गर्नुपर्‍यो। चीनको पनि धेरै सैनिक यो युद्धयात्रामा मरे-मारिए। उहाँबाट आएका सत्तरी हजार सैनिकमध्ये ज्यादै थोरै सैनिक फेरि चीनसम्म पुग्न गए।

श्री ५ महाराज रणबहादुर शाहको शासनकालमा बहादुर नेपालीहरूले पूर्वमा शिखर्जुन र पश्चिमतर्फ पौराणिक कालमा रणक्षेत्रबाट कहिल्यै नभाग्ने कहलिएका र वर्तमान समयमा पनि भारत साम्राज्यको महान् लडाका जाति मानिएका सिक्ख, जाट र कुमाउँ गढवालका पहाडी वीरहरूलाई जितेर, विशाल चीन-साम्राज्यलाई पनि सन्धि गर्न बाध्य गराएर नेपाल-सरकारको विजय-दुंदुभि बजाउँदै, नेपाली वीरताको धाक जमाउँदै, किल्ला काँगडासम्म स्वदेशको विजयध्वजा फर्फराएर बाईसी चौबीसी र लिम्बू, किराती आदि अनेक साना साना राज्यमा विभक्त यो नेपाललाई एक शक्तिशाली महाराज्यको रूपमा खडा गरे।

—[०]—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौथो परिच्छेद

अंग्रेज-नेपाल-युद्ध

"लडाइँमा खुकुरी अथवा खाँडो लिएर निस्केका गोरखाली-हरूका अगाडि साक्षात् यमराज पनि अड्न सक्तनन्।

--पं रुद्रदत्त पन्त।

श्री ५ महाराज गीर्वाणयुद्धविक्रम शाहको राज्यकालमा इस्ट इण्डिया कम्पनीसित त्यो महान् युद्ध भयो, जुन युद्ध इतिहासहरूमा गोरखावार वा नेपालवारको नामले प्रसिद्ध छ। यस युद्धमा नेपालीहरूको वीरता देखेर बडा साहसी र बहादुर कहलिएका जातिहरूसमेत छक्क परे। अब यो लडा-इँको मूल कारण के हो? अजोड वीरता देखाउने नेपालीहरू किन हारे? नेपालीहरूको बारेमा विदेशीहरूको के मत छ? यी सबको वर्णन उनीहरूकै लेखनीबाट लेखिएका शब्दमा यहाँ दिइन्छ।

भारतवर्षमा तत्कालीन अंग्रेजी राज्यको गवर्नर-जनरल हेस्टिंग्स थिए। उनको समयमा भएको मुख्य राजनैतिक कार्य नेपाल-युद्ध नै हो। त्यस कालमा आस्ट्रेलिया, अफ्रिका, अमेरिका आदि देशमा उपनिवेश स्थापित गरे जस्तै भारत-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्षमा पनि आफ्नो बस्ती बसाउने अँग्रेजहरूको मुख्य अभिलाषा थियो। भारतमा अंग्रेजी उपनिवेशका निमित्त हिमालयका घाटीहरू सबभन्दा अनुकूल प्रदेश हुनाले देहरादून, गढवाल र कुमाउँका इलाकामा अंग्रेजहरूले दाँत गाडेका थिए। त्यस समय ती सब जिल्ला नेपालको स्वाधीन राज्यमा सम्मिलित थिए। यही नेपालयुद्धको वास्तविक कारण थियो। परन्तु अँग्रेजहरूले यो कुरा लुकाएर नेपालको अघैलो बताएका छन्। यसभन्दा केही पहिले पञ्जाब-केशरी महाराज रणजितसिंहसंग नेपालीहरूको युद्ध भएको थियो। इतिहासज्ञ प्रोफेसर एच्० एच्० विल्सन लेख्तछन्—

"कुनै पश्चिमी (युरोपीय) जातिका प्रजा एक यस्तो प्रदेश र जलवायुमा जंमा हुन सक्तछन् जो हिन्दुस्थानका गरम मैदानभन्दा युरोपियन सङ्गठनका निमित्त अधिक अनुकूल र फैलन प्रशस्त ठाउँ भएको होस्। पूर्वमा अंग्रेजहरूको उपनिवेश कायम भए यस्तो स्थानमा हुनेछ, जहाँ उनीहरूको नैतिक र शारीरिक शक्ति यथावत् बनिरहोस् र हामी भरतीय आल्प्स (हिमालय) का पहाड र घाटीहरूमा नै त्यस्ता ठाउँको आशा गर्न सक्छौं, अर्थात् यस्ता उपनिवेश गोरखायुद्धको प्रतापले नै कायम हुनेछन्× ।"

पूर्वोक्त कथनले भारतमा अंग्रेजी उपनिवेश बसाउन पहाडी इलाकाको आवश्यकता थियो भन्ने स्पष्ट भयो। ती इलाका नेपालसित नलडी पाइन गाह्रो थियो, तर लडाइँको

× मिल कृत 'हिस्ट्री अफ ब्रिटिश इण्डिया', भाग ८, पृष्ठ, ५९-६०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारण अझै बताइयो। नेपाल र भारतको सीमाना जोरिएको सारन र गोरखपुर जिल्लाको केही जग्गा नेपाल र इस्ट इण्डिया कम्पनीका बीच विवादग्रस्त थियो। वास्तवमा त्यस कालसम्म नेपाल र हिन्दुस्थानको राजकीय सरहद बिलकुल सफा थिएन फेरि पहिले पनि कैयन् पल्ट यस्ता झगडा भइसकेका थिए। यस्ता किसिमका झगडा दुवै राज्यका संयुक्त कमिसनलाई सुम्पिदिइन्थे र कमिसनको फैसला दुवै पक्षबाट मान्य हुन्थ्यो।

यति मात्र होइन, कैयन् चोटि अंग्रेजहरू नै यस्तो झगडा गराउँथे, जसबाट त्यस ताक उनीहरूलाई खास लाभ थियो। इतिहासकार हेनरी टी० प्रिन्सेप लेख्तछन्—

> "अंग्रेज सरकारलाई आफ्नै सरहदका करदाता र प्रजा मानिने जमीनदारहरूको विश्वास थिएन र उनैहरू ती जमींदारका विरुद्ध नेपाललाई उक्साउँदै रहन्थे। यस्तो झगडामा नेपालले अंग्रेजको कुरा सुनिदिने गरेको थियो+।"

अहिलेको झगडा पनि कुनै जमीनदारका साथ मात्र थियो र अंग्रेजले चाहेको भए यसको फैसला पनि शान्तिपूर्वक हुन सक्तथ्यो, तर कम्पनीसरकारको कुटिल नीतिले गर्दा यसले उग्र रूप लियो।

+हेनरी टी० प्रिन्सेप कृत 'हिस्ट्री अफ पोलिटिकल एण्ड मिलिटरी ट्रांसयाक्सन्स ड्यरिङ दि एड्मिनिस्ट्रेशन अफ द मार्क्विस अब हेस्टिंग्स' पृष्ठ ६३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो झगडाको फैसला गर्न मेजर ब्रेडशाको नेतृत्वमा एक पञ्च नियुक्त थियो, तर यस पाला पञ्चका सरदारले कम्पनी–सरकारको मनोभाव बुझेका थिए। संवत् १८७० को फाल्गुन महीनामा एक दिन अचानक र अकारण ब्रेडशाले आफ्ना साथका नेपाली प्रतिनिधिको अपमान गरे। प्रोफेसर विल्सन भन्छन्—

" नेपाली प्रतिनिधि मेजर ब्रेडशासित भेट गर्न आए र मेजरले उनीहरूसँग अशिष्ट भाषामा कुरा गर्दा पनि केही बोलेनन्। आखिर कुनै कारवाई पेश नगरेको देखेर उनीहरू हिंडे×।"

बस, हेस्टिंग्सले निहुँ पाए। अहिलेको विवादग्रस्त भूमि नेपालको अधीनमा थियो। हेस्टिंग्सले झगडाको फैसला गर्नेतिर नलागेर नेपालसरकारका नाममा ' विवादग्रस्त भूमि तुरुन्त छोड ' भनी एक कडा पत्र लेखेर गोरखपुरको न्यायाधीशमार्फत नेपालदरबारमा पठाए। उसै दिन गोरखपुरको अंग्रेज न्यायाधीशको नाममा ' यो पत्र पठाएको २५ दिनभित्र नेपालले त्यो जमीन छोडेन भने गोरखपुरबाट कम्पनीको सेना पठाएर बलजफ्ती कब्जा गर्नू ' भन्ने आज्ञापत्र पठाइयो।"

अँग्रेजले युद्ध खोजेको हो भन्ने नेपालीहरूले बुझे। नेपाली जाती एक वीर जाति हो। आजसम्मको इतिहासमा

×मिल र विल्सन लिखित 'हिस्ट्री अफ ब्रिटिश इण्डिया' भाग ८, पृष्ठ १२ को पृष्ठपाद।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसले कहिल्यै पराधीन हुनुपरेको छैन र त्यस कालसम्म पराजय पनि देख्नुपरेको थिएन। यस कारण नेपालीहरूले युद्धको निम्तो मञ्जूर गरेर अत्यन्त सभ्य भाषामा गवर्नर-जनरलको अशिष्टतापूर्ण पत्रको उत्तर दिए जसमा नेपाल-सरकारको तर्फबाट मित्रता कायम राख्ने दृढ इच्छा दर्शाएको थियो। उता गोरखपुरको न्यायाधीशले छब्बीसौं दिन झगडा परेको जग्गामा अधिकार जमाउन गोरा सिपाहीको तीन पल्टन पठाए। नेपालीहरू युद्धका निमित्त पूरा तयार भइसकेका थिएनन्, यस कारण केही विरोध नगरी पछि हटे। नेपालीहरूले छोडेको इलाकामा जतातत्तै फौजी चौकी राखेर अंग्रेजी फौज फर्क्यो, तर गोरखपुर पुग्न नपाउँदै नेपालीहरूले नयाँ अंग्रेजी ठानामा हमला गरेर फेरि ती इलाका कब्जा गरे। अंग्रेजतर्फबाट यसको जवाफ दिनु जरूरी थियो, तर हेस्टिंग्सको मार्ग सफा भइसकेको थिएन। प्रिन्सेपको कथानानुसार गवर्नर-जनरलले युद्धको घोषणा गर्नु पहिले नेपालराज्यमा तिजारतको काम गरेर बसेका अंग्रेजहरूलाई पूँजीसमेत बोलाउने इच्छा गरेका थिए। दोस्रो यो महान् संग्रामका निम्ति निश्चय प्रशस्त धनको आवश्यकता थियो। हेस्टिंग्सले यी दुवै काम गरेर मात्र युद्धमा हात हाल्न निश्चय गरे।

धनका निमित्त अंग्रेजहरूले अवधका नवाबलाई धेरै दुःख दिएर उनीसंगबाट अढाइ करोड रुपियाँ लिए। यस काममा खुद हेस्टिंग्सले कैयन् स्थानको यात्रा गर्नुपर्‍यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिनै यात्रामा उनले नेपाल युद्धको विस्तृत योजना तयार गरे र संवत् १८७१ को मार्ग महीनामा लखनौबाट नेपालसित युद्ध गर्ने घोषणा गरियो।

नेपालराज्य कम्पनीको राज्यभन्दा सानो थियो। दुवै राज्यका बीच पञ्जावमा सतलज नदीदेखि बिहारमा कौशिकी नदीसम्म करीव ६०० मील लामो सीमा थियो। युद्धको घोषणा गर्ने पहिले गवर्नर-जनरलले यो सरहदका पाँच भिन्न भिन्न स्थानबाट चढाइँ गर्ने प्रबन्ध गरे।

पहिलो सेना कर्णेल अक्टरलोनीका अधीन लुधियानामा बसेको थियो। सतलज नदीको किनारका पहाडहरूबाट चढाइँ गर्न खटिएको यो फौजमा छ हजार हिन्दुस्थानी पैदल र तोपखानाका सिपाही थिए।

मेजर जनरल जिलैस्पीका मातहतको एक हजार गोरा सिपाही र पचीस सय देशी पैदल भएको दोस्रो पल्टनलाई सहारनपुरतिरबाट देहरादून, गढवाल, श्रीनगर (टेहरी) र नाहनमा आक्रमण गर्न आदेश दिइएको थियो।

तेस्रो सैन्य मेजर जनरल उडको तैनातमा बनारस र गोरखपुरमा जंमा गरियो। यो सैन्यदलमा करीब एक हजार गोरा र तीन हजार भारतीय सिपाही थिए। यसलाई बुटौलको बाटो पाल्पामा चढाइँ गर्न अह्राएको थियो।

नौ सय सात गोरा र सात हजार हिन्दुस्थानी सैनिक मेजर जनरल मारलेका नेतृत्वमा मुर्शिदाबादमा एकत्रित गरिए। वाग्मती र गण्डकीको बीचका खोंचबाट नेपालको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजधानी काठमाडौं हस्तगत गर्ने भार यो फौजलाई दिइएको थियो।

पाँचौं सेना कौशिकी नदीको किनारमा राखियो। यसमा अन्दाजी दुइ हजार सिपाही थिए। यो सेनाका नायक मेजर लेटरले पुर्निया जिल्लाको रक्षा र सिक्किमराज्यलाई नेपालको विरुद्ध आफ्नातर्फ मिलाउने कामको अख्तियारी पाएका थिए।

यस्ता प्रकारले अंग्रेजसरकारबाट साठी तोपका साथ तीस हजार सेना नेपालमा चढाइँ गर्ने तयार गरियो। यसका विरुद्ध नेपालसरकारले मुश्किलसँग बाह्र हजार फौज जमा गर्न सके। कम्पनी सरकारको बराबर धन खर्च गर्ने नेपाल-सरकारको सामर्थ्य थिएन, हतियार पनि असल थिएनन्, न नेपालीहरू कूटनीतिमा अंग्रेजको टक्करका थिए। नेपाल-सरकारलाई सिर्फ आफ्नो पौरुषको भर थियो र यसैको भरमा नेपालीहरू अन्त्यसम्म लडाइँमा डटिरहे। संसारमा प्रायः वीरजातिले कूटनीतिमा नचलेको नै देखिन्छ।

कलङ्गाको समराङ्गणमा—

सर्वप्रथम मेजर जनरल जिलेस्पीको सैन्यले नेपालराज्यको तत्कालीन सीमाभित्र प्रवेश गर्‍यो। त्यस समय काजी अमरसिंह थापा अर्कीमा र बालक, स्त्री तथा पुरुष गरेर जम्मा छ सय व्यक्तिका साथ बलभद्रसिंह कुंवर देहरादूनमा बसेका थिए। अंग्रेजी फौज आइपुगेको सुनेर बलभद्रसिंहले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देहरादूनबाट साढे तीन मील पर नालापानीको सबभन्दा अग्लो पहाडमा एक सानो दुर्ग खडा गरे। साथीहरू-समेत बलभद्रले ठूला ठूला ढुङ्गा र मूढा जम्मा गरेर कोटको परखाल बनाउन नपाउँदै जिलैस्पीका सेनाको अधिकांश भाग कर्णेल माँबीका अधीन सन् १८१४ को २४ अक्टूबरका दिन देहरादून पुग्यो। खेरीका जमीनदारहरू र बहादुरसिंहका छोरा जीवनसिंहले अंग्रेजी सैन्यलाई देहरा-दूनसम्म पुग्न धेरै मदत दिए। स्वयं जिलैस्पी केही पछि बसे। यसका आठ दिनपछि अर्थात् सन् १८१४ को नवेम्बर १ तारी-खका दिन हेस्टिंग्सले काइदानुसार युद्धको घोषणा गरे। यो एक विचारणीय कुरा छ। सेनापति बलभद्रसिंहले यस अवस-रमा आफ्नो भन्दा सात गुणा ज्यादा र बढ्ता तालीम पाएका अंग्रेजी सेनाको जुन वीरताले सामना गरे त्यो वीरता संसारको इतिहासमा स्मरणीय छ।

कलङ्गा दुर्गभित्र बलभद्रसिंहका साथमा पाँच सय पुरुष र एक सय स्वास्नीमानिस तथा बालकहरू थिए। बलभद्र त्यो सानो अधूरो दुर्गभित्र अल्पसंख्यक मानिसहरूको भरमा अंग्रेजी सेनाको सामना गर्ने छैनन् भन्ने अनुमान गरी कर्णेल माँबीले उनलाई अंग्रेजको शरण पर्न लेखिपठाए। बलभद्रले त्यो पत्र लिएर आउने मानिसकै सम्मुख चिठी च्यातेर उसैमार्फत अंग्रेजी सेनालाई युद्धका निम्ति आह्वान गरे। ठीक हो, सिंहको बच्चा सानो भए पनि हात्तीदेखि डराउँदैन।

२५ अक्टूबरका दिन बिहान कर्णेल माँबीले ससैन्य नाला-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पानीको बेसीमा पुगेर दुर्गको चारैतिर तोपको घेरा लगाए। दुर्गभित्रबाट नेपाली बन्दूकका गोली अंग्रेजी तोपको जवाफ बराबर दिंदै रहे। माँबीले किल्लाका संरक्षकहरूलाई सजिलैसंग वशमा ल्याउन नसक्ने देखेर जनरल जिलैस्पीलाई खबर पठाए। सहारनपुरमा बसेका जनरल जिलैस्पी माँबीको पत्र पाएर चाँडै नै सदलबल नालापानी पुगे। उहाँ पुगेपछि उनलाई तयारी गर्न नै ३।४ दिन लाग्यो। त्यसपछि उनको आज्ञानुसार चारतिरबाट चार अंग्रेजी पल्टनले कलङ्गामा आक्रमण गऱ्यो। एकतर्फ कर्णेल कार्पेण्टर, अर्कातिर कप्तान फास्ट र अरू दुइतिर मेजर केली र कप्तान क्याम्पबेल सेनानायक थिए। मेजर लडलोको अधीनमा पाँचौं फौज खास जरूरतको समयका निमित्त अलग राखियो।

अब चारैतिरबाट खूब जोरसित कलङ्गादुर्गमाथि गोलाबारी शुरू भयो। अंग्रेजी तोपले बलभद्रसिंहका ५०० मानिसमध्ये धेरैलाई मारिसकेको थियो, तापनि कोटबाट छुटेका बन्दूकका गोली र काँड तोपका गोलाको लगातार जवाफ दिएर बारंबार दुर्गसम्म पुग्न चाहने अंग्रेजतर्फका योद्धालाई यमपुरीको बाटो देखाउँथे। यो लडाइँमा किल्लाभित्रका नेपाली वीराङ्गनाहरूले देखाएको साहस र वीरताको बयान गर्दै कप्तान ब्यान्सीटार्ट लेख्तछन्—

"गोलीहरूको यो भीषण वर्षामा पनि नेपाली स्वास्नीमानिसहरू पर्खालमा निष्फिक्री खडा भएर शत्रुपक्षमाथि ढुङ्गा हान्न लागेका स्पष्ट देखिन्थे। यहाँसम्म कि पछि हामीले पर्खालको खँडहरमा स्त्रीजातिका कैयन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लास पायौं[1] ।"

अंग्रेजी सेनाले दुर्गसम्म पुग्न अनेकौं फेर कोशिश गऱ्यो, तर कैयन् अंग्रेज अफिसर र सिपाहीहरूको प्राण मात्र गयो। यिनै मध्येको एक प्रयत्नमा जिलैस्पीले कलङ्गाको पर्खालमनि प्राण छोडे।

वास्तवमा जिलस्पीको मृत्यु अत्यन्त करुण थियो। त्यसको मुख्य कारण गोरा सिपाहीहरूको कायरता नै हो। प्रोफेसर विल्सनले लेखेका छन्—

> "वारंवारको हारलें चिढेका जनरल जिलैस्पी गोरा सिपाहीको तीन पल्टन साथमा लिएर दुर्गको ढोकातिर बढे। किल्लाभित्रबाट गोली र पत्थरको वर्षा शुरू हुनेबित्तिकै गोरा सिपाही मुख लुकाउन थाले। वीर जिलैस्पी एक्लै अगाडि बढे। उनले नाङ्गो तरवार घुमाएर हाँक दिंदै आफ्नो सैन्यलाई अगाडि बढाउन खोजे, तर व्यर्थ ! यत्तिकैमा एक गोली कोटको ढोकाबाट तीस गज पर उभिएका जिलैस्पीको छातीमा लाग्यो र उनी उहीं खतम भए+ ।"

कलङ्गाको ढोकामा नेपालीहरूले एक तोप राखेका थिए जसको मुखबाट निस्कने अग्निज्वालाले गर्दा शत्रुलाई अगाडि बढ्ने साहस नै हुन्नथ्यो । नेपालीहरूका तीखा काँड पनि शत्रुसेनाको भयङ्कर संहार गरिरहेका थिए । यससिवाय

१. कप्तान भ्यान्सीटार्टको 'नोट्स अन नेपाल'

+ मिल र विल्सन कृत 'हिस्ट्री अफ ब्रिटिश इण्डिया', भाग ८,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विलियम्स महोदयका शब्दमा 'गोरखालीहरू यस्तो बहादुरीले दुर्गको रक्षा गरिरहेका थिए कि अंग्रेजी सेनालाई दुर्गको पर्खालसम्म बढ्ने हिम्मत नै भएन।'

जीलैस्पीको मृत्युले सेनाको नेतृत्व फेरि कर्णेल माँबीले पाए। उनले लडाइँ कायम राख्नुभन्दा पछि हट्नमा नै बुद्धिमानी सम्झे। 'बहादुरी साथ पछि हट्न' अंग्रेजले पहिलेदेखि जानेको छ। रणक्षेत्रबाट हटेर कर्णेल माँबीले सहायताका निमित्त दिल्लीमा पत्र लेखे। एक महीनामा केही फौज र तोपको मदत दिल्लीबाट देहरादून आइपुग्यो र २५ नवेम्बरका दिन फेरि अंग्रेजी फौज दुर्ग जित्न अग्रसर भयो, तर यस पाला पनि नेपालीहरूबाट पिटाइ खाएर पछि हट्नुपर्‍यो। यो देखेर माँबीले दुर्गमाथि अहर्निश गोला वर्षाउन आज्ञा दिए।

यसै बीचमा दुर्गभित्र पानीको अभाव भयो। दुर्गका मानिसले पानी लिने जलाशयहरू अंग्रेजको कब्जामा परिसकेका थिए। बलभद्र र उनका साथीहरूको हालत त्यस समय साँच्चिकै दयनीय भएको थियो। गोला-गोलीको त्यो भीषण वर्षामा घाइतेहरूको व्याकुलता, पानीको एक एक थोपाका निम्ति स्वास्नीमानिस र बालकहरूको आकुलता, चारैतर्फ छिया-छिया भएको पर्खालभित्र एक सानो दुर्गको आश्रय र बाहिर बहुसंख्यक शत्रुको घेरा। गोलीवर्षाको उनीहरूलाई डर थिएन, तर पानीको प्यासले ती वीरहरू लाचार भए। यस्तो अवस्थामा पनि उनीहरूले पाँच दिन अंग्रेजी फौजको सामना गरे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीस नवेम्बरको बिहान पनि अंग्रेजी तोप र नेपाली बन्दूक परस्परको शत्रुसंहार कार्यमा व्यस्त नै थिए। एकाएक दुर्गबाट गोली र बाणको वर्षा बन्द भयो र एक छिनपछि कोटको लोहद्वार खुल्यो।

अब बलभद्र आत्मसमर्पण गर्नेछन् भन्ने अंग्रेजहरूले ठाने, तर उनीहरूको यो तर्क निर्मूल थियो। शायद अझ पनि शत्रुलाई शिर झुकाउने विचारसम्म ती वीरका मनमा एक छिनलाई पनि उठेको होवैन। कलङ्गाकोटका ६०० प्राणीमध्ये अहिलेसम्म बचेका सत्तरी व्यक्तिमा कैयन् स्वास्नीमानिस पनि थिए। उनीहरू सब तिर्खाले व्याकुल थिए। दुर्गको ढोका खुलेपछि हातमा नाङ्गो तरबार लिएका, काँधमा बन्दूक बोकेका, कमरमा खुकुरी भिरेका र शिरमा फलामे चक्र वेह्रेका ती सत्तरी नेपाली स्त्री-पुरुष वीरपुङ्गव बलभद्रका तैनातमा रवाफ र शान्तिका साथ बाहिर निस्के। बलभद्रको शरीर सोझो, मुख रवाफिलो भैकन हँसिलो र चाल एक सच्चा सिपाहीको थियो। अंग्रेजहरूले परिस्थिति बुझ्ने पहिले नै साथीहरूसमेत वैरीको फौजका बीचबाट बाटो काट्तै नालापानीको छहरामा पुगी तृषा नमेटिएसम्म ताजा पानी पिएर अंग्रेजलाई ललकार्दै उनले भने—

"दुर्ग लिन सक्ने कसैको सामर्थ्य थिएन, तर अब म आफ्नो खुशीले यो छोड्दछु।"

यति भनेर सबले देख्ता देख्तै बलभद्र र उनका साथीहरू नजीकको पहाडमा गायब भए। अँग्रेजी फौज टोह्लाउँदै रह्यो, केही गर्न सकेन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वीर नेपालीले छोडेको दुर्गमा पुगेर शत्रुहरूले स्त्री, पुरुष र बालकहरूको लाशसिवाय अरू केही पाएनन् । अँग्रेजहरूले किल्लामा प्रवेश गर्दा देखेका बीभत्स दृश्यको वर्णन गर्दै महाशय फ्रेजर लेख्तछन्—

"त्यो बिहान तीन बजे मेजर केलीले दुर्गभित्र प्रवेश गरी किल्लामा अधिकार जमाए । त्यहाँ ती नेपालीहरूले परिमाणरहित शत्रुसैन्यको आशाहीन साहसले जुन कठोर सामना गरे, त्यो शोक र दारुणतासहित स्पष्ट देखिन्थ्यो । किल्लाको घेरा घायल, मृत र गोला लाग्नाले छिया-छिया भएका शरीरले ढाकिएर प्रत्यक्ष श्मसान बनेको थियो । घायल भएर बाँचिरहेकाहरू कैयन् दिनदेखि पानीको एक थोपा पनि मुखमा हाल्न नपाएर करुण स्वरले चिच्याइरहेका थिए । बन्दूकका गोली र तोपका गोला लागेर मरेका स्वास्नीमानिस र तिनै निर्दयी तोपले चिरिएका निर्बोध बालकहरूको समेत लाश पाइए ।"

किल्लाभित्रको यो भयङ्कर दृश्यको वर्णन गरेर फ्रेजर महोदयले तल लेखिएका शब्दमा ती स्वातन्त्र्यप्रिय देशभक्तहरूको तारीफ गरेका छन्—

"मारिएका साथीहरूको डरलाग्दो दृश्य, साथमा रहेका स्त्री र बालकहरूले भोग्नुपरेको अकथनीय दुःख, उनीहरूको दुराग्रही रक्षाकार्यको उत्साहलाई सहायताको निराशताले गरेको नाश, तदनन्तर अदम्य साहसले सहायित कर्तव्यपालनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उच्च विचारबाट निस्केको परिणाम इत्यादि मुख्यतया त्यस कालको पछिल्लो भागमा भएका भीषणताको विचार गर्दा आफ्नोभन्दा महान् फौजका विरुद्ध एक महीनाभन्दा बढ़्ता यो तुच्छ दुर्गको रक्षा गर्ने त्यो क्षुद्र दलको वज्रसङ्कल्पले अवश्य हरएक शब्दबाट प्रशंसा पाउँछ। यो र घेराको समयमा शत्रुका प्रति देखाएका आदर भावले किल्लाका रक्षकहरूको सच्चरित्रता बताउँछ। उनीहरूले हामीसित पुरुषोचित युद्ध गरे, फेरी युद्ध थामिएको अवसरमा मरेका र घाइतेहरूको घृणा तथा अपमान नगरेर रणक्षेत्रबाट नहटाएसम्म अस्पर्शित राखी सरल शिष्टताको व्यवहार गरें।"

कप्तान भ्यान्सीटार्ट लेख्तछन्—

"यो दुर्गको औंलामा गन्ती गर्न सकिने रक्षकहरूले अँग्रेजको पूरा एक डिभिजन सेनालाई एक महीनाभन्दा बढ़्ता रोकिराखें[१]।"

यो संग्राममा अँग्रेजतर्फका मेजर जनरल जिलैस्पीसमेत ३१ अफिसर र ७१८ सिपाही मरे। किल्लामा अधिकार भएपछि अंग्रेजहरूले कलङ्गाकोटलाई जगसम्म भत्काइदिए। अहिले त्यस ठाउँमा सालको बाक्लो जङ्गल छ। त्यहाँको लडाइँका सम्बन्धमा आर. सी. विलियम्स निम्न शब्दमा आफ्नो मत प्रकट गर्छन्—

१ कप्तान भ्यान्सीटार्टको 'नोट्स् अन नेपाल'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'यसरी यो दुर्गरक्षाको काम सकियो। यो कार्य वीरजातिको इतिहासलाई सुहाउँदो थियो र त्यो वीरताले पूरा गरियो जो हाम्रो वारंवारको पराजयले भएका अयशलाई पखाल्न करीब प्रशस्त थियो×।"

रीचपाना नदीकिनारको देहरादूनको जङ्गलमा आजसम्म एक सानो स्मारक खडा छ जसमा तलका शब्दहरू खोदिएका छन्—

"हाम्रा वीर शत्रु, कलङ्गाका सेनानायक बलभद्र र उनका बहादुर गोरखाको स्मृतिमा सम्मानोपहार, जसले, पछि रणजितसिंहको सेनामा भर्ना भएर अफगानी गोलाले अन्तिम मानिस नमरेसम्म लडेर प्राण त्याग गरे।"

कलङ्गाको कोट छोडेर बलभद्र जैतगढ दुर्गको रक्षा गर्न पुगे। उनी उहाँ पुगेपछि मेजर वेडलॉकले एक हजार सैनिक लिएर त्यस दुर्गमा चढाइँ गरे। यद्यपि बलभद्रका साथ पाँच सयभन्दा पनि कम सैनिक थिए, तापनी विलियम्सले अंग्रेजी फौज नराम्रोसित हारेर पछि हट्यो भनी लेखेका छन्। यसपछि साठी जनालाई जैतगढको रक्षाका निम्ति छोडेर बाँकी फौजका साथ बलभद्र जयतकको रक्षा गर्न गए।

त्यस समयका गोरखाली सैनिकहरूका विषयमा कप्तान हेरसी लेख्तछन्—

"गोरखालीहरू बहादुर निर्भय र शत्रुको पर्वाह

× १ जी. आर. सी. विलियम्स लिखित 'मेमायर्स अफ देहरादून'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नगर्ने भएका थिए। उनीहरू सधैं प्रसन्न रहन्थे र थकाइको अलिकति पनि वास्ता गर्दैनथे।"

कलङ्गा दुर्गको निम्ति भएको युद्धको उल्लेख गर्दै उनले लेखेका छन्—

"यहाँ ४।५ सय गोरखालीहरूले जुन वीरताले युद्ध गरेर अंग्रेजहरूलाई छक्क पारे, त्यो स्वर्णाक्षरले लेखिन योग्य छ। लडाइँ गर्नेमा गोरखालीको बराबर कोही छैन।"

कम्पनीसरकारका अफिसरहरूले गुप्त उपायविना तोप र सैन्यबलले मात्र नेपाल जित्न नसक्ने देखे। अतएव कलाङ्गादुर्ग लिएपछि कर्णेल माँबीले कर्णेल कार्पेण्टरलाई यमुना नदीको दाहिने किनारबाट नेपालराज्यमा पसी उहाँका पहाडी प्रजालाई नेपालसरकारका विरुद्ध भड्काएर बागी गराउने काम अह्राए। इतिहासलेखक विल्सन भन्छन्—

"कर्णेल कार्पेन्टरका प्रयत्नले जौनसार जिल्लाको प्रजा विद्रोही भएर नेपाली सैन्यले वैराठको किल्ला छोडिदिनुपर्‍यो। स्वयं कर्णेल माँबी नाहन पुगे। नाहन नेपालको सामन्त राज्य थियो। नेपालसरकारले उहाँको राजालाई गद्दीच्युत गरेर अमरसिंह थापालाई शासनभार सुम्पेको थियो। त्यस वेला अमरसिंह थापा श्रीनगरमा र उनका छोरा कार्जी रणजोरसिंह नाहनमा थिए। कर्णेल माँबीले अमरसिंहको अनुपस्थितिमा पदच्युत राजालाई आफ्नो पक्षमा मिलाए। यो खबर पाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमरसिंहले रणजोरसिंहलाई ससैन्य जयतकमा वरिपरिका पहाड घेर्न आज्ञा दिए। जयतकमा रणजोरसिंहका अधीन पुग नपुग दुई हजार सैनिक थिए। डिसेम्बरको २० तारीखका दिन जिलैस्पीको स्थानमा जनरल मार्टिण्डेलको नियुक्ति भयो। २५ तारीखमा उनले आफ्नो मातहतको सम्पूर्ण सेना लिएर जयतकमा चढाइँ गरे। पराक्रमी बलभद्र पनि त्यस समय उहीँ थिए। मार्टिण्डेलको सैन्य नेपाली सैन्यभन्दा कई गुना ठूलो थियो।"

जयतक र वरिपरिका पहाडमा--

कलङ्गाको कथा मार्टिण्डेलको कानमा परिसकेको थियो। जयतकका मानिस तलका कूवाहरूबाट पानी लान्छन् भन्ने थाहा पाएर उनले सेनाको दुइ भाग गरे। एक भाग मेजर लड्लोका अख्तियारीमा र अर्को हिस्सा मेजर रिचार्डस्का मातहतमा तीं जलाशयहरू घेर्न पठाइए। उनमा लड्लोका अधीनको एक हजार फौज र रिचार्डस्का सात सय मानिसको सेनाले दुइ भिन्न भिन्न पहाडमा नेपालीहरूमाथि आक्रमण गर्‍यो। लड्लोको फौजले चढाइँ गरेको पहाडमा नेपालीहरू हारे र उनीहरू अर्को पहाडतिर लागे, तर अंग्रेजी फौज पछि लागेर उहाँ पनि आइपुग्यो। शत्रुसैन्यले यसरी पाइलो खेदेको नेपालीहरूले सहन सकेनन्। नायकको आज्ञानुसार एकत्र भएर नाङ्गो खुकुरी चम्काउँदै उनीहरू बाघले झम्टे समान शत्रुमाथि जाइलागे। गोरखालीहरू यसरी उल्टलान् भन्ने प्रतिपक्षीले विचार गरेकै थिएन। एकाएकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीहरूले प्रत्याक्रमण गर्दा अंग्रेजी फौज आत्तियो। तैपनि दुवै पक्षका सैनिकहरूले प्राणको मोह नराखी घण्टौं युद्ध गरे। आखीर विजयलक्ष्मी नेपालीहरूको वीरतामा रिझिएकी देखिइन् । वैरीतर्फका सैनिकहरू बिस्तार-बिस्तार मुख लुकाउन थाले। आफ्नो फौज पछि हट्न लागेको देखेर लड्लोले सिपाहीहरूलाई शुन्याउँदै फेरि अगाडि बढाए, तर उनका सैनिकहरूमा नेपालीहरूको चमचमाउँदो खुकुरीको तेजका सम्मुख टिक्न सक्ने सामर्थ्य भएन। अर्को एक पटक मेजर लड्लोले गोरखालीमाथि उग्र आक्रमण गरे, परन्तु यस पाला पनि नेपालको लपलपाउँदो खुकुरीको चमचमाउँदो चमकमा परेर उनको प्रयास निष्फल भयो । एवंरीतले असफल भएर मेजर लड्लो उदासीन चित्तले समरबाट हटे।

अर्कातिर मेजर रिचार्डस् आफ्नो काममा धेरै सफल भएका थिए, तर लड्लोको असफलताको समाचार पाएर उनी उत्साहहीन भए। सेनापतिको उत्साह भङ्ग भएपछि सेनाको के गति? आखिर हतोत्साह मेजर रिचार्डस् त्यसै लाचार भएर फर्के। यसै अवसरमा लेफ्टिनेण्ट थकेरी विजयी नेपालीहरू-सित बदला लिने नियतले एक पल्टन साथमा लिएर युद्धमा अग्रसर भएका थिए, किन्तु दुवैतिरबाट मार-काट शुरू भए-पछि शूर नेपालीको शूरताका अगाडि उनको बदला लिने सुर त्यसै हरायो। यसै गरी सन् १८१५ को फ्रेब्रुअरी १ तारी-खका दिन रणजोरसिंहले आफ्ना दुइ सय साथीका मद्दतले लेफ्टिनेण्ट यङ्गका दुइ हजार सैनिकलाई हराए।

यस्ता किसिमसित मेजर लड्लो र रिचार्डसले आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेक अफिसर र सिपाहीहरू मैदानमा छोडेर तथा कैयन्लाई नेपालीहरूको कैदी बनाएर फर्कनुपऱ्यो । प्रोफेसर विल्सनको कथनानुसार यो पराजयपछि जनरल मार्टिण्डेललाई अर्को पटक जयतकमा चढाइँ गर्ने साहस भएन। यसले जयतकको दुर्ग नेपालकै अधीनमा रह्यो । मेजर जनरल जिलैस्पीका सेनाको कथा यहाँ सकिन्छ। मेरठबाट हिंडेको कुल सेनाको एक तिहाई ($\frac{1}{3}$) हिस्सा अहिलेसम्म खतम भइसकेको थियो ।

जितगढको युद्धभूमिमा–

पुगनपुग बाह्र हजार सिपाही भएका अरू दुइ पल्टन पूर्व दिशाबाट राजधानी काठमाडौंमा आक्रमण गर्न भनी गोरखपुर र विहारमा जम्मा गरिएका थिए। ती दुवै सैन्यले झन् लज्जास्पद पराजय सहनुपऱ्यो। तिनीहरूले हरएक रणस्थलमा नेपाली सैन्यबाट पिटाइ खाएर भाग्नुपरेको छ। ती दुवै विशाल सेनाका कई अंग्रेज अफिसरहरू अत्यन्त अयोग्य र कातर साबित भए र गभर्नर जनरलबाट बर्खास्त गरिए। अँग्रेजहरूले भारतवर्षमा जति युद्ध गरेथे, तिनमा सबभन्दा प्रचण्ड र रक्तमय यो नेपाल-युद्ध नै थियो। यो युद्धमा नेपालीहरूले पद-पदमा शत्रुको भन्दा बढ्ता वीरता र युद्धकौशलको परिचय दिए। ती दुवै सेनाको पराजयका विषयमा हेनरी टी. प्रिंसेप लेख्तछन्ः—

> "अयोध्याको सीमादेखि रङ्गपुरसम्म गोरखालीहरूले हाम्रा फौजलाई जङ्गल पार गरेर जान दिएनन्। उनीहरू हाम्रा अधीनको इलाकामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निष्फिक्रीसंग आउँथे, हामी केही गर्न सक्तैनथ्यौं र भारतभरमा हाम्रा विरुद्ध अनेकौं हल्ला उठिरहेका थिए× ।"

३ जनवरी १९१५ मा जनरल उड्ले गोरखपुरबाट नेपाल-राज्यमा प्रवेश गरे। बुटौलको नजीकको जितगढ नामको एक किल्ला थियो र त्यही किल्ला जित्ने मनसुबा गरेर उड्साहेब हिंडेका थिए। जितगढको रक्षा गर्न कर्णेल उजीरसिंह बसेका थिए। जनरल उड् र जितगढको बीचमा सालको बाक्लो जङ्गल पर्दथ्यो। अंग्रेजी फौजले त्यो जङ्गल पार गर्न अन्दाजी पचास गज बाँकी छँदैमा जितगढको किल्ला देखियो। यता उजीरसिंह र उनको मातहका सिपाहीहरूले पनि खूब फूर्तिसहित बढ्दै आएको शत्रुसैन्यलाई देखे । वैरीको फौज देखा पर्नासाथ उसलाई सालको जङ्गल पार गर्न नदिने विचार गरेर गढका रक्षकहरूले गोला वर्साउन थाले। अंग्रेजी फौज पनि गोलाको जवाव गोलाले दिन लाग्यो। विस्तार बिस्तार लडाइँ उग्र भयो । अंग्रेजी सैन्य गढ जित्न र नेपाली सेना दुश्मनलाई धपाउन ज्यानको माया नराखी लड्न लागे । आखिर नेपालका वीर सन्तानले अंग्रेजतर्फका १२८ सिपाही र पाँच अफि-सरहरू मारेर प्रतिपक्षीलाई धपाइछोडे । यो घटना भएको तीन महीनापछि जनरल उड्को सैन्यले बुटौल दखल गर्ने कोशिश गऱ्यो, तर सफल हुन सकेन। अन्त्यमा जतातत‍ै असफल भएर हिम्मत हारेका जनरल उड् त्यहाँबाट फर्के।

× 'हिस्ट्री अफ द पोलिटिकल एण्ड मिलिटरी ट्रांसएक्सन्स इन इण्डया'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्साको रवाङ्गमा–

भिछाखोरी र हेटौंडाको पहाडी बाटोबाट नेपालदूनमा पुगेर काठमाडौंमा आक्रमण गर्ने अभिप्रायले मार्ली महोदय सदलबल मकवानपुरतिर लागे। तराईका प्रदेशहरू जित्तै पर्सामा पुगेर उनले आफ्नो सेनाको दुइ भाग गरे। एक भागको नायक कप्तान सिब्ली र अर्को दलको अध्यक्ष कप्तान ब्लेक्नी भए। यी दुबै सैन्यलाई पर्साबाट दश दश कोश दायाँ बायाँ राखेर मार्ली महाशय पर्सा जिल्लाको सूक्ष्म निरीक्षण गर्दै घुम्न थाले। त्यस समय मकवानपुरमा आस-पासका प्रदेशको रक्षा गर्ने अभिभारा लिएर ससैन्य रणवीर-सिंह बसेका थिए। पर्सा जिल्लामा दुश्मनले अधिकार गरेको समाचार पाएर उनले आफ्ना वीरहरूलाई लडाइँको आज्ञा दिए। सेनापतिको आदेश पाएर पराक्रमी नेपाली सेना आफ्नो पराक्रमले शत्रुलाई पराजित गर्न परमोत्साहित भएर युद्धमा अग्रसर भयो। अंग्रेजहरूले नेपालीहरूबाट विरोधको आशा गरेका थिएनन्। उसमा पनि यति चाँडो फूर्तिसाथ शत्रुको बहुसंख्यक सैनिक छाउनीमा छापा मारेर हाहाकार मचाउन सक्ने नेपाली सामर्थ्यको सपनामा पनि विचार गरेका थिएनन्। यसरी अचानक आक्रमण हुँदा शत्रुसैन्यको होसहवास गुम भयो। बल्लतल्ल दश मिनट जति लडेर उनी-हरू भाग्न थाले। यो क्षणभरको हातापाइमा कप्तान ब्लेक्नी र डङ्कनले ज्यान गुमाए। यसै गरी नेपालीहरूले हिबलीको प्रयत्न पनि व्यर्थ गरिदिए। साथी ; ८ अ। विफल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको देखेर कप्तान सिवली पनि पछि हटे। अफिसरहरूको यस्तो कातरता देखेर गभर्नर जनरलले उनीहरूलाई नोकरीबाट खारीज गरे।

रामगढको युद्धस्थलमा—

नेपालसित लड्न नियुक्त गरिएका पाँच मुख्य सेनापतिहरू मध्ये लुधियानामा बसेको चौथो सेनाका नायक अक्टरलोनीले मात्र कुनै अंशमा सफलता पाए। उनी पाश्चात्य कूटनीतिमा सिपालु थिए र त्यही नीतिबाट केही सफल भए।

नेपालको पश्चिम सीमामा बसेका अक्टरलोनीले सतलज नदीका किनारबाट नेपालराज्यभित्र प्रवेश गरे। सतलजका किनारबाट पहाडका तीन श्रेणी उठेकाछन्। ती तीनै श्रेणीमा नेपालीहरूले नालागढ, रामगढ र मलउँ नामका तीन किल्ला बनाएका थिए। तिनका बीचमा कैयन् साना साना राज्यहरू नेपालका अधीनमा थिए। जनरल अक्टरलोनीले भेदनीतिबाट काम गर्ने निश्चय गरी ती साना राज्यलाई नेपालका विरुद्ध भड्काएर आफ्नो पक्षमा मिलाउन थाले।

३१ अक्टूबर सन् १८१४ मा ससैन्य अक्टरलोनी ती पहाडहरूमा चढे। २ नवम्बरका दिन उनले नालागढका सम्मुख तोप लगाए। नालागढ र उसै नजीकको तारागढमा पाँच सय सिपाही पनि थिएनन्, तापनि चार दिनको कोशिशपछि ती दुवै कोट अंग्रेजी सेनाको हातमा परे। यसउपरान्त १३ तारीखमा उनी रामगढतर्फ अग्रसर भए। रामगढमा सुप्रसिद्ध सेनापति अमरसिंह थापा र सरदार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्ति थापा पुगनपुग तीन हजार सिपाहीका साथ अक्टरलोनीका सात हजार सैनिकसँग भिड्न तयार थिए। अमरसिंहले आफ्ना अधीनस्थ तीन हजार सिपाहीका मद्दतले अंग्रेजका सात हजार योद्धालाई दुर्गबाहिर रोकी मात्र राखेनन् परन्तु स्वयं बाहिर निस्की घोरको लडाइँमा नराम्रो किसिमले हराएर कोशौं टाढा धपाएका छन् । यी लडाइँमा नेपालीहरूले शत्रुका प्रति गरेका उदार व्यवहारको सम्बन्धमा इतिहासज्ञ प्रिन्सेप लेख्तछन्—

> "यी विजयका समयमा नेपालीले पराजित शत्रुका साथ त्यो उदारताको व्यवहार गरे जो आर्यजतिको एक विशेष गुण छ ।"

अक्टरलोनीले गभर्नर–जनरललाई लेखेको एक पत्रबाट उनलाई आफ्नो सफलतामा ठूलो सन्देह भएको देखिन्छ। उनी आसपासका पहाडी राजाहरूलाई नेपालको विरुद्धमा खडा गर्ने प्रयत्नमा लागेका थिए। ती राजाहरूमा सबभन्दा पहिले हिन्दूर (नालागढ) का राजा रामशरण अंग्रेजतर्फ मिले। "त्यस समय रामशरणको सहायता अंग्रेजका निमित्त अत्यन्त लाभदायक सिद्ध भयो" भनी कनिङ्घमले "सिक्खहरूको इतिहास" नामक पुस्तकमा लेखेका छन्। रामशरणबाट अक्टरलोनीले रसद र मानिस दुवैको मदत पाए। रामशरणले नै अंग्रेजहरूको तोप लैजान मकरामदेखि नाहरसम्म सडक बनाइदिए । अमरसिंहका नातेदार विलासपुरका राजालाई पनि अक्टरलोनीले आफ्नो जालमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फँसाए। यसका अतिरिक्त अक्टरलोनीको पत्र पाएपछि गभर्नरजनरलले उनको सहायतार्थ थप सेना पठाए।

यस्ता रीतले अब अक्टरलोनीसित एक त अमरसिंहको भन्दा दोबर फौज थियो, दोस्रो उनले नेपालका सामन्त राजा र प्रजालाई समेत झुट्टा प्रलोभन देखाएर अमरसिंहका प्रतिकूल आफ्नो कूटनीतिको जालमा पारिसकेका थिए। यति सब भएर पनि नभेम्बर सन् १८१४ देखि एप्रिल सन् १८१५ तक अर्थात् संवत् १८७१ को हिउँद-भरी उनले वीरवर सेनापति अमरसिंह थापाको सेनामाथि जति पटक चढाइँ गरे उति पटक हारेर नै पछि हट्नुपऱ्यो। युरोपियन लेखकहरूको कथनानुसार यी सब युद्धमा गोरखा-लीहरूले शत्रुको भन्दा बढ्ता वीरोचित उदारता को परिचय दिएका छन्। प्रिन्सेपले यी तमाम लडाइँ हरूमा अमरसिंहको वीरता र युद्धकौशलको मुक्तकण्ठले प्रशंसागरेका छन्।

त्यस समय नेपालीले आफ्नो सीमानाको रक्षा गर्न मात्र पूरा ध्यान दिए, एक पटक पनि अंग्रेजी इलाकामा आक्रमण गरेनन्। यसको कारण उनीहरू वृथा रक्तपात गर्न चाहँदैनथे, तर यसले गर्दा अंग्रेजहरूलाई गुप्त उपायका निमित्त यथेष्ट समय मिल्यो। गुप्त उपायद्वारा नै अंग्रेजहरू सर्वत्र सफल भएका छन्, हुँदै छन्।

पश्चिममा अक्टरलोनीको कूट षड्यन्त्र चलिरहेकै थियो, पूर्वमा पाँचौं सेनाको सेनापति मेजर लेटरले सिक्किमका राजालाई आफ्नो पक्षमा मिलाएर उनको मदतले मोरङ-प्रान्तमा अधिकार गरे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवस्थल (देउथल) को समरस्थलमा—

मलउँको दाहिनेतिरको पहाडमा सूर्यगढ र देब्रेतर्फ देउथलको पहाड थियो । नेपालका नामाङ्कित वीर भक्ति थापा सूर्यगढको किल्लामा बसेका थिए । सूर्यगढका बायाँतर्फ रैला नामको पहाड थियो । यो पहाडको रक्षाका निमित्त विशेष प्रबन्ध थिएन । यो पहाड जित्न सकेको खण्डमा सूर्यगढ जित्न सजिलो हुन्थ्यो र मलउँको किल्ला पनि नजीक पर्ने थियो । यो देखेर अक्टरलोनीले पाँचौतिरबाट रैला र देउथलमा चढाइँ गर्ने ठहराए ।

१४ एप्रिलको रातमा लेफ्टिनेण्ट फ्लेमिङ्का मातहतको सेनाले रैलामा अधिकार जमायो । यो समाचार पाएर कप्तान ह्यामिल्टन र मेजर इनीस भोलिपल्ट उहाँ पुगे । तत्पश्चात् कर्णल टाम्सन र मेजर लाटी ससैन्य गमरोला खोलाको तीरै तीर हिंडेर बीचमा नेपालीहरूको सामना गर्दै देउथल पुगे । रतनगढबाट एक सेना साथमा लिएर मलउँतर्फ हिंडेका कप्तान सावर्शको एक नेपाली अफिसरसँगको लडाइँमा मृत्यु भयो र उनको सैन्यलाई धपाउँदै नेपालीहरूले बेंसी-सम्म पुऱ्याए । कप्तान बोयर र उनको सैन्यसित नेपालीहरू लड्दै थिए, यही अवसरमा अंग्रेजी सैन्यले रैला र देउथल दुवै कब्जा गऱ्यो ।

सन् १८१५ को १६ एप्रिलका दिन भक्ति थापाले दुइ हजार सिपाही साथमा लिएर देउथलमा चढाइँ गरे । युद्ध शुरू भएपछि शत्रुपक्षको तोपका गोलाले हाम्रा पक्षका धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सैनिक मर्न लागे। यसको मूल उपाय तोप नै खोस्ने विचारले हाम्रा वीरहरूले अंग्रेजी तोपमाथि धावा गरे, तर केही लागेन। उनीहरू फेरि पनि दुइ पटक तोपसैन्यमाथि जाइलागे, हातमा नाङ्गो खुकुरी चम्काउँदै ती वीरहरू तोपको मोहडासम्म पुग्न पनि सके, परन्तु त्यो भयंकर संहारकारी राक्षसी अस्त्रका सामुन्ने असफल नै रहे। यही लडाइँमा स्वयं अगाडि भएर भक्ति थापाले शत्रुपक्षको दाहिने भागमा आक्रमण गरे। दुवैतर्फबाट भएको आक्रमणमा सफल हुन दुवै पक्ष प्राणपणले यत्नशील भए। नेपालीहरू अत्यन्त वीरतापूर्वक लडिरहेका थिए। शत्रुपक्ष कमजोर परेको देखिई-सकिएको थियो। यत्तिकैमा भक्ति थापाको छातीमा एक गोली लाग्यो र उनले तत्कालै वीर-गति प्राप्त गरे। सेना-नायकको अकस्मात् मृत्युले उत्साहहीन भएको नेपाली सैन्य रणक्षेत्रमा अड्न नसकेर भाग्न लाग्यो। धेरै नेपाली सैनिक भाग्दा भाग्दै पनि अंग्रेजी गोलीका शिकार बने।

नेपालको वंशावलीमा भक्ति थापाको वीरोचित मृत्युको वर्णन यस प्रकार गरिएको छ—

"सरदार भक्ति थापा, प्रह्लाद गुरुङ सूर्यगढीमा बसेका र लोहार भंज्याङमा ती सरदारले एक कम्पनी फौज विकट राखेको मौका पारी रातको समयमा डाँका हान्न सात मुख गरी अंग्रेज आउँदा गोरख, रामदलसमेत १०-१५ कम्पनी साथमा लिई काजी अमरसिंह थापा पूर्व मोहडा गरी चढे। सिंहनादसमेत ८-१० कम्पनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथमा लिएर सरदार भक्ति थापा पश्चिम मुख गरी चढे। लडाइँ जोडिंदा दिनभर बन्दूकको लडाइँ भयो र गोरखाको जमादार तुलवीर खँडका, रामदल कोतेसमेत ५०–६० जना खती भए। सरदार भक्ति थापा जमादार भीमराज थापा, जमादार गङ्गाराम कार्की, जगदल थापा र अरू हुद्दा सिपाही गरी ५०-६० जना घायल भए। अंग्रेजका १००-१२० खती भए, दुइ तीन सय घाइते भए। त्यहाँपछि त्यस रातमा भारादारहरू सामेल भई दोहरो पारी हान्ने सल्लाह हुँदा गोरख, रणभीमसमेत ८–१० कम्पनी साथमा लिएर रात बिहाउने बखतमा काजी अमरसिंह थापा एक मुखबाट र एक मुखबाट सरदार भक्ति थापा, सुबेदार हृदयसिंह थापाहरूले रामदल, सिंहनादसहित ८–१० कम्पनी साथमा लिई लोहार भंज्याङको बाटो चढाइँ गर्दा त्यहाँ भारी लडाइँ भई सरदार भक्ति थापालाई गोलीको घाउ लाग्यो, तापनि कत्ति वेदना नमानी 'लौ जुवान हो!' भनी मुखको खूब भरोसा दिई सिपाहीहरूलाई शुन्याउँदै बढाउँदै आफू पनि बढ्दै गएका थिए। आखिर लडाइँमा रामदलको सुबेदार हृदयसिंह थापा, २०-२५ जमादार र ३–४ सय सिपाही खती भई गोरखातर्फका लश्कर हट्न जाँदा गार्डनरले सरदार भक्ति थापा गोरखाका जवाँमर्दी मानिस हुन, तिनलाई नमार्नू, पक्री ल्याउनू भन्ने उर्दी दिई पक्रन पठाउँदा पक्रन नदिई २–४ जनालाई तरवारले मारे र यसले पक्रन दिएन, अब नमारी भएन भनी तरवारले हानेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरदार भक्ति थापालाई मारे। उनी मरेपछि शिर काटी लैजान्छौं भनी शिर समात्न खोज्दा सरदारका दुइ जना सुखिनीले पतिको लाशलाई अँगालो हाली शिर काट्न नदिई सती जान्छौं भनेर त्यो लाशलाई दोसल्लाले छोपिदिए।"

यस प्रकार देउथलको लडाइँमा नेपालका वीर पुरुष सरदार भक्ति थापाले वीरगति पाए। उनले आफ्नो शरीरमा प्राण रहेसम्म मातृभूमिको स्वतन्त्रता र गौरवका निमित्त लडेर युद्धभूमिमा नै शयन गरे। उनको मृत्यु उनीलाई सुहाउँदो भयो, उनले विश्राम गरे तापनि रक्त-रञ्जित रणभूमिमा नै गरे। लडाइँमा अंग्रेजतर्फका पाँच सात सय सिपाही मारिए, तीन चार सय घायल भए।

कुनै कुनै इतिहास-लेखकका सम्मतिमा यो युद्धमा अंग्रेजहरूले पाएका सफलताको धेरै श्रेय जनरल अक्टरलोनी र डाक्टर रथरफोर्डले पाउनुपर्छ। कुमाउँ गढवालका मातहत शासक र धेरै जसो प्रजालाई आफ्नतर्फ मिलाउने काममा गार्डनर र रथरफोर्ड दुवै पूरा सफल भए। आखिर संवत् १८७२ को चैत्र महीनामा कर्णल निकोल्सका अधीन एक सानो पल्टन पठाएर धेरै रक्तपात नगरी हेस्टिंग्सले ती दुवै प्रान्त अंग्रेजी साम्राज्यमा मिलाए। अवधको नवाबबाट पाएको रुपैयाँले यस काममा धेरै मदत गऱ्यो। सिर्फ घूसका बलले ती दुवै उर्वरा प्रदेश नेपाली-साम्राज्यबाट अलग गरिए। नेपालका निमित्त यो एक ठूलो धक्का थियो।

यो लडाइँमा नेपालीहरूले तीन सय कोश लामो सरहदको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रक्षा गर्नु परेको थियो, फौज पनि शत्रुको भन्दा आधा कम थियो। यति भएर पनि जहाँ जहाँ जति पटक अंग्रेज र नेपालीहरूमा भिडन्त भएको छ, उहाँ वीरता र युद्धकौशल दुवैमा हाम्रा देशबान्धवहरू प्रतिपक्षीभन्दा बढ्ता नै साबित भएका छन् । हरएक लडाइँमा अंग्रेजहरूले आजिती र फजितीसाथ हारेर पछि हट्नुपरेको छ। तर वीरता र युद्ध-निपुणतामा पूरा भए तापनि पाश्चात्य कूटनीति तथा अवधको धनका प्रतापले केही महीनाभित्रै पूर्वमा मोरङको प्रान्त, बीचमा कुमाउँ–गढवालको प्रदेश तथा पश्चिममा नालागढ (हिन्दूर) र विलासपुरका सामन्त राज्य नेपाल–साम्राज्यबाट भिन्न गरिए। देहरादून अंग्रेजहरूले विजय गरे। 'अंग्रेज-हरूले लामो थैलीका प्रतापले सफलता पाए' भन्ने प्रिन्सेपको स्पष्ट कथन छ।

योभन्दा अगाडि बढ्न अंग्रेजका निम्ति पनि सम्भव थिएन। नेपाली पनि कूटनीतिका सामुन्ने लाचार भए। अब दुवै पक्ष सन्धि चाहन्थे। यस कारण संवत् १८७२ को ज्येष्ठ महीनामा दुवै पक्षले युद्ध रोकेर सन्धिको चर्चा चलाए। अंग्रेजहरूले राखेका शर्तहरू मानेर सन्धि गर्न कुनै पनि आत्माभिमानी व्यक्तिका निमित्त असम्भव थियो। संक्षेपमा ती शर्त यस प्रकार थिए—

(१) अंग्रेजहरूले अहिलेसम्म जितेका इलाका र ती बाहेक नेपालको सीमा बराबरका अरू पनि धेरै प्रदेश अंग्रेजलाई सुम्पियोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) काठमाडौंमा दलबलसमेत अंग्रेज राजदूत बस्न पाओस् ।

(३) अंग्रेजसरकारको मञ्जूरीविना नेपालसरकार न कुनै युरोपियनलाई नेपालमा आउन देओस् र न नोकर नै राखोस्, इत्यादि।

नेपाल-नरेशले हेस्टिंग्सलाई ती शर्तमा फेरि विचार गर्न लेखे, तर व्यर्थ ! यस बीचमा गभर्नर जनरलले नेपालको सिमानामा बराबर फौज बढाउँदै गएका थिए। लडाइँ चलि-रहेको अवसरमा काजी अमरसिंह थापाले श्री ५ महाराजा-धिराज गीर्वाणयुद्धविक्रम शाहका हजूरमा एक विन्तिपत्र चढाएका थिए। त्यस विन्तिपत्रमा भएका—

"लेखापढी गरी दिएको जग्गा फेरि फर्काउन पाइँदैन, तर बलजफ्ती लिएको जग्गा बलजफ्ती फर्काए हुन्छ।" "हाम्रो जित नभएसम्म यो कुरा गर्न हुँदैन ! मैले भनेका शर्तहरू त्यो वेला उनीहरूले माने भनेदेखि बढिया हो, होइन भने परमेश्वरका दयाले र हजूरका पुण्य प्रतापले कनकाईदेखि सतलजसम्म विस्तृत हाम्रो राज्यको रक्षा गर्ने मेरो अभिभारा हुनेछ।"

"अहिले म मेरो महाराजका नाउँमा मुलुक दिएर वा हार मानेर कालो लाउन खोज्दिनँ।"

"लडाइँमा हाम्रो जित भयो भने हामी नमिलेका कुरा सहजै मिलाउन सक्छौं। हाम्रो हार भयो भने बेइज्जत हुने शर्त मानी मेल गर्नुभन्दा मर्नु असल छ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"हामी आफ्ना तरवारको भर गरौं र शत्रुसित बहादुरीसित लडाइँ गरी उसलाई आफ्नै राज्यभित्र बस्न कर लाऔं।" "हाम्रा तरवारको प्रताप र डर कस्तो छ भने बलभद्रले ६०० सिपाहीले साँचो भनूँ भने ५०० सिपाहीले तीन चार हजार सिपाही भएको अंग्रेजी पल्टनलाई हरायो। उसका पल्टनमा पुरानो गोरख र वरक पल्टनका केही कम्पनी थिए। यिनका भरले उसले शत्रुका एक पल्टनको उछित्तो पार्‍यो र अर्कोलाई निकै पातलो तुल्यायो। मेरो फौज पनि त्यस्तै छ। तैपनि सबै शत्रुसित लडाइँ गर्न तम्सिरहेका छन्।" "सबै राजा, राना र ठाकुरहरू शत्रुसँग मिलिसके र म घेरामा परेको छु। तैपनि हामी लडाइँ गर्नेछौं र जित्नेछौं।"

इत्यादि वाक्यहरूबाट 'नेपाली जाति विजयी हुनैपर्छ, हारको लाञ्छना उसका गौरवपूर्ण नाममा लाग्न हुँदैन, स्वतन्त्रताको रक्षा हुनैपर्छ र अंग्रेजसँग यसरी लत्रेर मेल गर्नु हुँदैन, भन्ने भाव मात्र नेपालीहरूका मनमा थियो' (श्रीसूर्य-विक्रम ज्ञवाली कृत–अमरसिंह थापा— पृष्ठ १७१) भन्ने स्पष्ट बोध हुन्छ। नेपालका प्रजाका निमित्त यो ठूलो परीक्षाको समय थियो। उनीहरूले कि अमरसिंह जस्ता वीर र अनुभवी सरदारको सल्लाहलाई एक कुनामा हटाएर आफ्नो स्वतन्त्रता आत्मसम्मानलाई तिलाञ्जलि दिई गवर्नर जनरलका तिरस्कारपूर्ण असम्भव शर्तहरू मानेर सन्धि गर्नुपर्थ्यो कि लड्न तयार हुनुपर्थ्यो। यस कुरामा धेरै छलफल भए। आखिर नेपालका वीरसन्तानले अपमानित भएर सन्धि गर्न अस्वीकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरे र करीब आठ महीनापछि नयाँ तयारीले युद्ध शुरू गरियो। "खुकुरीका भरले तोप बन्दूकसित लडाइँ गर्नुपर्छ भन्ने कुराको र हालै भएका कटु अनुभवको पनि वास्ता गरिएन। पश्चिमका पहाडमा पस्न सक्ने शत्रु पूर्वका पहाडमा पनि पस्न सक्छ भन्ने कुराको पनि कसैले टेरपुच्छर लाएन। भावुकताद्वारा भएका विचारमा यी तर्कको कुनै स्थान थिएन।" (अमरसिंह थापा पृष्ठ १७१) तर दुवै पक्ष थाकिसकेका थिए, यसकारण मुश्किलसाथ दुइ महीना युद्ध हुन सक्यो।

सन्धिको प्रस्ताव अस्वीकार गरिएको समाचार पाएर कम्पनी सरकारले अंग्रेजी पल्टनको चार ब्रिगेड्द्वारा चारतिरबाट नेपालमा चढाइँ गर्ने तयारी गर्‍यो। एक पल्टन भगवानपुरतिर हिंड्यो। जनरल अक्टरलोनी चुरे घाटीतर्फ अग्रसर भए।

संवत् १८७३ को माघ- फाल्गुण महीनामा जनरल अक्टरलोनी ससैन्य भिछाखोरी (वर्तमान अमलेखगञ्ज) आइपुगे। यहाँबाट नेपालको राजधानी काठमाडौंतर्फ जाने सबै मुख्य मुख्य बाटाहरूको नेपालीहरू खूब राम्ररी रक्षा गरिरहेका थिए। यस कारण अगाडि बढ्न नपाएर अक्टरलोनी असमञ्जसमा परे। यही अवसरमा एक नीचातिनीच पुरुषले उनलाई नेपालीहरूबाट अरक्षित बालुवाखोलाको किनारै किनारबाट जाने बाटो देखाइदियो। यस्तै देशद्रोहीहरूले गर्दा महान् भारतका प्राचीन आर्यजातिले चिरकालीन स्वतन्त्रता गुमाएर परपददलित र परमुखापेक्षी हुनुपरेको छ।

बालुवाखोलाको बाटो पत्ता लागेपछि ससैन्य अक्टरलोनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रातारात हिंडेर चकरी-मकरी पुगे। अंग्रेजी पल्टनलाई बढ्दै आएको देखेर नेपालीहरू मकवानपुरगढीमा एकत्रित भए। हेटौंडामा पुगेर मुख्य अड्डा कायम गरी जनरल अक्टरलोनीले आफ्नो पल्टन मकवानपुरतिर बढाए।

शत्रुसैन्यलाई बढ्न दिएर नेपालीहरू एकै ठाउँमा जम्मा भएर बसेका थिए। अंग्रेजी फौज आफ्ना हातमा परेका स्थानहरू सुरक्षित गर्न लागेको मौका पारेर नेपालीहरूले अचानक आक्रमण गरी शेखरकटेरो नामको एक गाउँसिवाय अरू सबै ठाउँ फर्काए। यत्तिकैमा अँग्रेजहरूले शत्रुलाई हटाउन यथाशक्य प्रयत्न गरे, तर उनीहरू को संख्या धेरै हुनाले सबै परिश्रम निष्फल भयो र पछि हट्नुपर्‍यो।

भगवानपुरतिर लागेको फौजले पनि नेपाली सैन्यसित लड्दै गएर हरिहरपुरगढीसम्मको प्रदेश कब्जा गर्‍यो। यता पनि हाम्रा वीर सैनिकले वैरीलाई निकाल्न सकेसम्म कोशिश गरेका हुन्, तर शत्रुको जस्तो थप मदत पाउने प्रबन्ध नहुनाले हार्नुपर्‍यो। आखिर संवत् १८६३ को फागुन महीनामा दुवै पक्षका बीच सन्धि भयो। यो सन्धिबाट नेपालको स्वाधीनता त कायम नै रह्यो, तर नेपालीहरूको भावी राजनैतिक आकाँक्षालाई एकतिरबाट चीनसाम्राज्य र तीनतर्फबाट ब्रिटिशसाम्राज्यका बीच सीमित गरिदिइयो। पुगनपुग एक करोड रुपियाँ वार्षिक आम्दानी हुने नेपालको दक्षिण भूभाग अंग्रेजी साम्राज्यमा मिलाइयो र एक अंग्रेजी रेजिडेण्ट काठमाडौंमा बस्ने भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यद्यपि यस युद्धले नेपाली साम्राज्यको एक अङ्ग उस-बाट अलग गरियो तापनि नेपालीहरूको स्वाभाविक वीरता र देशप्रेम, नेपालमा अंग्रेजको अनेक कठिनाइ र नेपालीले भारतको अनुभवबाट पाएका शिक्षाले अंग्रेजहरूको दाल गल्न सकेन र संवत् १८७३ देखि आजसम्म नेपालको स्वाधीनतामा कुनै किसिमबाट फरक पर्न पाएन ।

"नेपालले सुलह गर्नुपरे तापनि यो लडाइँमा नेपालको हार भयो भन्नु ठीक हुँदैन । बहादुरी वा युद्धकौशलको कमीले सुलह गर्न परेको होइन । पहाडी मुलुकमा जंगी माल सामान ओसार्ने बेसुविस्ता र मुख्य त पूर्वीय मुलुकको श्राप—अरूको जय र भलाइ सहन नसक्ने डाहले गर्दा आइपरेको दुश्मनसित प्राकृतिक अवस्थाले ठगिएका हामीले सन्धि बाँध्नुपर्‍यो । कुँवर बलभद्र र जनरल अमरसिंह थापाको बहादुरी र विजयको डाहले सदरबाट पूरा मरमदत पठाइएन । खजानाको अभावपूर्ति गर्न उनीहरूले तात्कालिक आफ्नो टक मारी द्रव्याभाव छुटाउने युक्ति रचे यसले शङ्का झन् बढायो, थप मदत झन् रोकियो । वीरताको अभावभन्दा खैखजानाको अभावले अमरसिंह थापाले काली-सम्मको जग्गा दुश्मनलाई छोडी फर्कनुपर्‍यो । तर हरुवा लत्रेर आए जस्तो गरी उनी फर्कैनन् । आफ्नो बाँकी जंगी असबाब पूरा बोकी झण्डा फर्फराउँदै तमोर बजाउँदै मर्यादाले प्रफुल्लित भएको दुश्मनको सामुन्नेबाट अवस्थाले कायम राख्न नसकेको जग्गा छोडी उनी फर्के । दुश्मनले आफ्नो शक्ति एकट्ठा गर्न पायो, औ यसको परिणामस्वरूप सुगौलीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्धि भयो। कुनै वेईमान अधमले चूरेघाँटी पार गर्न चोर-बाटो अंग्रेजलाई नदेखाइदिएको भए यो सन्धिको समय पनि हट्थ्यो वा के हुन्थ्यो भन्ने शंका झिक्नु व्यर्थ छ। सन्धि भयो, अहमदमा सहीछाप पऱ्यो, तर नेपालीहरूको शूरता वीरता पराजित भएको थिएन। नेपालीहरूको वीरता ज्यादै दिलमा गडी अंग्रेजहरूले आफ्नो फौजमा नेपाली पल्टन खडा गरे। सन्धिपछि दुश्मन आफ्नो फौजमा राख्नु यस्तो अलौकिक शर्त कुन सन्धिमा परेको होला। कस्तो गाढा प्रशंसा-प्रेरित आदरले यो कुरा अंग्रेजलाई गरायो सो अनुमान गर्न सक्छौं। लडाइँबाद पनि सन्धिमा परेका कैयन् वापस गरी वा अरू साधनले चतुर अंग्रेजसरकारले वीर नेपालसरकारलाई कसरी मित्रतामा कायम राख्न खोज्यो त्यो विषय इतिहास-लेखकको क्षेत्र हो। नेपाली फौजले लडाइँमा हाऱ्यो होला, तर नेपाली हृदयले हारेको थिएन। नेपाली जमीन अंग्रेजले हरे, तर नेपाली वीरता हरिन सकेको थिएन। यो लडाइँको बदला लिन नेपाल तैयार थियो। उसले आँटेको थियो तर अंग्रेजको राजनीतिज्ञताले दुई सरकारका बीचको मित्रताको डोरी बलियो पार्दै लग्यो*।"

"चार सय जना पुरुष र कैनन् स्त्रीहरूसमेत भै ३२०० को फौजलाई ३२ दिनसम्म अड्याई दुश्मनको जनरल

*(मे० ज मृगेन्द्रशमसेर ज० ब० रा०—भानुभक्तस्मारक ग्रन्थ पृष्ठ १०६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मारी अरू केही नपाई घुयँत्राले समेत लड्ने आइमाई र तिनका बालबच्चा भोक र प्यासले मरेपछि नङ्गा तरवार लिएका ७०वीर पुरुषहरूका नेता भई विस्मित भएका विमूढ दुश्मनको घेरा काट्ने बलभद्र थिए। ७० वर्षको उमेरमा पुत्रशोकले विह्वल भएका भक्ति थापाले मलउँको रणक्षेत्रमा आई बेगिन्ती दुश्मनसित असम्भवको एकलो लडाइँमा कसरी प्राण समर्पण गरे, कशरी दुश्मनको बहादुरी देखी छक्क परेका विस्मयले भरिएका अंग्रेजले सो लाशलाई दोसल्लामा बेह्री सबै जङ्गी काइदा र आदर पुऱ्याई नेपाली किल्लामा गई समर्पण गरे, औ कसरी दिलचस्पीले गर्दा वैरीभाव बिर्सी दुवै पक्षले किल्ला बाहिर निःशस्त्र निस्केर मैदानको बीचमा सो मृतशरीरको साथमा निजकी स्त्री सती गई हि दूनारीको निडर पतिव्रताको उदाहरण दिएको हेरे... ....फेरि वत्सरारम्भको दिन मस्त भएका दुश्मनको सुराक लगाई रातमा छापा मारी पसी र समनपुरमा करीब १,००० जना जति दुश्मनलाई टुक्रा टुक्रा पारी सारा सामान खजानासमेत लुटी दुश्मनको मनमा त्रास पसाली मुख्य जर्नेललाई दुम लुकाई सुइँकुच्चा ठोक्ने—बडालाठको नाता भएर मात्र कुरा गुपचुप नभएको भए जङ्गीकोर्टले गोली ठोक्ने यस्तो कसूरसम्म आँट्ने—अत्यास कसरी वीर नेपाली फौजले पारे।" (मे० ज० मृगेन्द्रशमशेर—भानुभक्त-स्मारक ग्रन्थ, पृष्ठ ९०८)। यी सब शौर्यकथा पढेर आश्चर्यचकित भएका सर विलियम हण्टर महोदय इस्ट इण्डिया कम्पनीका सिपाहीहरूको नेपालका सैनिकसित तुलना गरेर भन्छन्—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"कम्पनीका सिपाहीहरू नेपाली सैन्यको जोडा लाग्न सक्दैनन् * ।"

संवत् १८७१–७३ को लडाइँमा हार भयो तापनि नेपालका वीर सन्तानले राज्यविस्तारको मनोरथ त्यागेका थिएनन् । महाराजाधिराज श्री गीर्वाणयुद्धविक्रम शाहको स्वर्गबास भएपछि श्री ५ राजेन्द्रविक्रमले रणजङ्ग पाँडेलाई सेनापति बनाए । सेनाध्यक्ष भएका रणजङ्गले नेपालमा सैनिक हुन लायक मानिस कति रहेछन् भनी गणना गराउँदा चार लाख व्यक्ति रणक्षेत्रमा पठाइन योग्य देखिए । यसपछि उनले असल असल हतियार र करीब पौने दुइलाख धार्नी बारूद तयार पार्न लगाए । फेरि ब्राह्मणहरूमार्फत पहाडका कुना कुनामा ब्रिटिश-साम्राज्यको अधोगति अवश्यम्भावी छ भन्ने भविष्य फैलाए । यति भएपछि नेपाली सैन्यले रामनगरको आसपासका ९१ गाउँमा नेपालको झण्डा फर्फरायो । त्यस समयका सहायक राजप्रतिनिधि; लेफ्टिनेण्ट निकोलेट्सले 'चार साढे चार कोश चौडा र अन्दाजी साढे बाह्र कोश लामो जमीनको भाग ब्रिटिश प्रभुत्वबाट बिलकुल अलग भयो' भनी लेखेका छन् ।

यस उपरान्त संवत् १८९७ को ज्येष्ठ महीनामा टुँडिखेलमा छ हजार फौजलाई 'कम्पनीसरकारको आदेशानुसार तिमीहरूको तलब घटाउनुपर्‍यो' भन्ने सुनाइयो । भोलिपल्ट सबै सैनिक श्री ५ का हजूरमा कराउन गए र महाराज

---

* १ सर विलियम हण्टर कृत 'लाइफ अव हाँटन हड्सन' पृष्ठ १०८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजेन्द्रप्रबाट'भारतवर्षमाथि चढाइँ गर्न धनको कमी भएकोले तिमीहरूको तलब घटाएको हो' भन्ने हुकुम भयो । यो हुकुम सुनेर सैन्यका साना ठूला सबै सरदारहरूले एकमुख भएर जुन कुरा विन्ति चढाए त्यसका एक एक शब्दबाट उनीहरूको साहस र वीरता देशप्रेम र स्वामिभक्ति स्पष्ट देखिन्छ । ती शब्द यिनै हुन्—

"प्रभो ! कम्पनीसरकार महान् छ सो साँचो हो ; तर के नेपाली ब्वाँसाहरू आफूले झम्टन ऑटेको बथान कति ठूलो छ त्यसको विचार गर्छन् र ? उनीहरू अवश्य भुँडी भर्न पाउँछन् । युद्धको निमित्त धनको आवश्यकता छैन,कारण लडाइँ नै यो अभाव पूरा गर्नेछ। धनका निम्ति हामी लखनौ र पटना लुटौंला तर सबभन्दा पहिले हामीले हाम्रो गतिविधि हेरेर पहिले नैं बन्दोबस्त गर्ने अंग्रेज राजप्रतिनिधिलाई निकाल्नुपर्छ । कसैलाई पत्तै नदिई आक्रमण गर्ने मौका ताक्नुपर्छ । त्यो मौका चाँडै नै आउँछ; आइसकेको छ । हुकुम बक्सियोस् त हामी राजदूतावास ध्वस्त पारौं । हामी चाँडै नै गङ्गा नदीलाई सरकारका राज्यको साँध बनाउनेछौं । अंग्रेज, जसो कि उनीहरू भन्छन्, सरकारका मित्र हुन् शान्ति चाहन्छन् भने किन सरकारको आधा राज्य दबाउँछन् ? उनीहरू कुमाउँ र सिक्किम सरकारमा फिर्ता चढाऊन् । ती दुवै राज्य सरकारका हुन्, ती फिर्ता मागिबक्सियोस् । यदि उनीहरू अस्वीकार गर्छन् भने अंग्रेज राजदूतलाई निकालिबक्सियोस्,हामी युद्ध गर्छौं ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बन्धुहो ! विचार गर्नुहोस्, उपरोक्त उत्तरमा स्वाभिमान, देशाभिमान र राजभक्ति कति ठूलो मात्रामा भरिएको छ। उस वेला सर्वत्र बढ्दै गइरहेको, जताततै विजयी भइरहेको अंग्रेजसित लड्न कस्तो उत्साह ! कति निर्भयता ! कत्रो साहस ! फेरि विजयी नै हुन्छौं भन्ने कस्तो दृढ विश्वास ! उनै वीरहरूका बदौलत आजसम्म हामीले स्वतन्त्र र पवित्र वायुमण्डलमा सास लिन पाएका छौं। धन्य ! धन्य ! श्रद्धापूर्वक नमस्कार छ ती वीरहरूलाई।

सेनापतिको पदमा रहेका रणजंग पाँडेले लडाइँका निमित्त चाहिने आवश्यक सामग्रीहरू ठीक पारिसकेका थिए; योद्धाहरू पनि युद्धका इच्छुक देखिए। सिर्फ धनको अभावले गर्दा श्री५ राजेन्द्रले युद्धको घोषणा गर्न सकेका थिएनन्। यसै अवसरमा नेपालीहरूले अधिकार गरेका गाउँहरू नोक्सानी समेत तिरेर तुरुन्त नछोडे युद्ध हुनेछ भन्ने आशयको अंग्रेज-सरकारको पत्र राजदूतमार्फत नेपालदरबारमा दाखिल भयो। यो पत्र पाएपछि देश, काल र अवस्थाको विचार गर्दा लडाइँले देशको अहित हुने देखेर नेपालसरकारले बुद्धिमानीपूर्वक युद्ध रोकेर झगडाको निबटारा गरेको हुनाले देशको शान्ति भंग हुन पाएन।

---

१ पर्सिवल ल्याण्डन कृत 'नेपाल', भाग १, पृष्ठ को पृष्ठपाद।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाँचौं परिच्छेद

नेपाल-तिब्बत-युद्ध

..."वहादुर र उत्तम चरित्रका सैनिकहरूमा उनीहरूको म योग्य कदर गर्दछु।"

—लर्ड अक्ल्याण्ड ।

संम्वत १७८८ मा श्री५ पृथ्वीनारायण शाह गोरखाधीश भएदेखि संवत् १८८६ मा श्री५ राजेन्द्रको भारत आक्रमण गर्ने उद्योग असफल नभएसम्म नेपालका सैनिकले विश्राम लिन पाएका थिएनन्। त्यसपछिको पन्ध्र वर्ष (१८८६-१९०१) को कालमा कुनै वाहिरिया शत्रुसंग लडाइँ झगडा केही भएन। जनरल जङ्गवहादुरले प्रधानामात्यको पद पाएछि राज्यभित्र पनि धेरै शान्ति कायम गरेका थिए, तर तिब्बतमा अचानक यस्तो घटना घटित भयो जसले गर्दा नेपालका वीरहरूले फेरि शस्त्रसज्जित भएर रणभूमिको यात्रा गर्नुपर्‍यो। संवत् १९०१ को फाल्गुण महीनामा तिब्बतमा व्यापार गर्ने गएर बसेका नेपाली वणिक्वर्गका कोठी लुटिएका र कैयन् व्यापारी तथा निर्दोष यात्रीहरूसमेत मारिएको दुःखदायी समाचार प्राप्त भयो। यस्तो खवर पाएर महाराज जंगबहादुरले तिब्बत-सरकारसित लेखापढी गरी विनारक्तपात यो मामला शान्त गर्न खोजे, तर तिब्बतीहरूको उद्दण्डताले गर्दा उनको मनोरथ सफल हुन सकेन र लाचार भएर युद्धको घोषणा गर्नै पर्‍यो।

तिब्बतसंग युद्ध गर्ने घोषणा गरेर महाराज जङ्गले चौध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजार पैदल र बाह्र सय घुडसवारसमेतको नयाँ सैन्य खडा गरे तथा छः धार्नीको गोला हान्न सक्ने अस्सी र एक धार्नीको गोला हान्ने चौबीस तोपसहित पहाडी लडाइँका योग्य अन्य अनेक युद्धसामग्री तयार गराए। राजधानीको रक्षाका निम्ति बाह्र हजार सिपाही राखेर राज्यको शेष सैनिकशक्ति युद्धयात्राका निमित्त तयार गरियो ; पूर्व र पश्चिम दिशाका सैनिक अफिसरहरूलाई प्रत्येक जिल्लाबाट पाँच हजार सिपाही तयार राख्न आदेश दिइयो। हजारौं मानिस कारखानाहरूमा हातयार, सैनिक झोला, तोपका पांग्रा, सन्दूस, तम्बू र अरू युद्धोपयोगी सामान तयार गर्ने काममा लगाइए। शीतकाल बितेपछि घाँटीहरूको हिउ पग्लेर बाटो खुल्नासाथ तिब्बतमाथि चढाइँ गर्न तयारी गरियो। तिब्बत जाने बाटो भएका घाँटीहरूमा शत्रुपक्षको धावा रोक्न फौजहरू राखिए। यो तयारी चालरहेको अवसरमा तिब्बतबाट एक लामा सन्धिको कुरा गर्न पठाइएको थियो। सन्धिचर्चामा नेपालसरकारबाट तिब्बतमा मारिएका र लुटिएकाहरूको नोक्सानी तिर्न एक करोड रुपैयाँ नगद माँगियो। फेरि भविष्यमा यस्तो घटना रोक्न दुवै सरकारका बीच व्यापारी सन्धि गर्ने प्रस्ताव राखियो। यसमा तिब्बतसरकारले नेपालीहरूको पाँच लाख रुपैयाँ नोक्सान भएको अनुमान गरी त्यति रुपैयाँ तिरेर सन्धि गर्ने इच्छा देखाएकोमा नेपालीहरूका चित्त बुझेन र युद्ध हुने नै भयो।

संवत् १९०२ को फाल्गुनको अन्त्यतिर छ छ सय बलिया जवान भएका तीन पल्टन र भिन्न भिन्न किसिमका बाह्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तोप जनरल बमबहादुरका अधीन थापाथलीमा महाराज जङ्गबहादुरकहाँ बिदा हुन गए । महाराजले सेनानायक बमबहादुरलाई केरुङ र आसपासका प्रदेश विजय गर्न ससैन्य बिदा गरे। उही दिन हिमालध्वज पल्टनले बालाङ्चुङ घाँटी कब्जा गरी त्यस प्रदेशको रक्षा गर्ने आदेश पाएर राजधानीबाट प्रस्थान गऱ्यो। दुइ पल्टन साथमा लिएर जनरल धीरशमशेरले कुती विजयका निम्ति कदम उठाए।

संवत् १९०२ को वैशाख महीनामा नेपालीहरूको शत्रुका साथ पहिलो लडाइँ भयो। चुसन गाउँनिर तिब्बतीहरूले श्री धीरका नेतृत्वमा बढ्दै गएको नेपाली सैन्यको सामना गरे। केही घण्टाको नियमरहित हातापाईमा मरेका र मरेतुल्य भएका आफ्ना कैयन् साथीहरूलाई रणक्षेत्रमा छोडेर शत्रुहरू भागे। अगाडिको प्रदेश हिउँले ढाकिएको हुनाले शत्रुसैन्यको पीछा गर्न नेपाली सैन्य असमर्थ भयो । भोलिपल्ट श्री धीरशमशेरले कुतीको शहर र किल्ला जितेर त्यहाँबाट अढाई कोशअगाडि अग्रगामी रक्षकसैन्य तैनात गरिदिए।

यसै गरी जनरल बमबहादुरको सैन्यले विनाविरोध केरुङ्मा अधिकार जमायो । केरुङ्को किल्ला जितेपछि बमबहादुरले उहाँबाट दुइ बासमा शत्रुको ठूलो फौज जम्मा छ भन्ने खबर सुने। यो समाचार महाराज जङ्गकहाँ पठाइयो र जङ्गबहादुरले जनरल बखतजंगका तैनातमा एक गोलन्दाज र दुइ पदाति सेना केरुङ पठाए। फेरि जनरल जगत्शमशेरको मातहतमा पैदल सिपाहीको छःपल्टन पनि मदतका निम्ति पठाए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घण्टागढीको पहाडमा—

घण्टागढीको पादमूलमा पुगेर जनरल जगत्‌ले साढे छ हजार शस्त्रसज्जित तिब्बती फौज किल्लामा छ भन्ने सुने। यो गढी भिरालो पहाडको चूलीमा बनेको थियो। यसका बायाँ-तिरका पहाडहरूमा बसेका शत्रुहरू आफ्नो संख्याको बहुलतामा सतर्क भई नेपाली सैन्यलाई घेरामा पारेर अत्यन्त लाभदायक स्थानमा प्रभुत्व जमाउन हतपताइरहेका थिए। शत्रुहरू थप मदत पाएर आफ्नो शक्तिभन्दा बढ्ता हुन जालान् भन्ने शङ्का गरेर जगत्‌शमशेरले विनाविलम्ब लड्न शुरू गर्ने निश्चय गरे। अरुणोदय पनि भएको थिएन, नंगा उराठिला पहाडका पाखा र तलको अस्पष्ट दूनमा तीव्र आँधिको जस्तो कडा चीसो बतास चलिरहेको थियो। यस्तो समयमा सुदृढ दुर्गभित्र बसेका शत्रुलाई निकाल्ने भारपूर्ण कठिन कामको उद्योग स्पष्ट दुस्तर र दुःखपूर्ण देखिन्थ्यो। तर पछि हट्ने कुरै थिएन। आखिर लडाइँ शुरू भयो र कठिनाइमाथि अर्को कठिनाइ थपियो। माथि घुम्मिरहेको बादलबाट भएको मुशलधार पानीको वर्षा अत्युग्र ठण्डीले हिउँको रूप लिएर जमीनमा खस्दा आकाश पनि यो दारुण नरसंहार हुन लागे-कोमा रिसाएको जस्तो देखियो। नेपाली सैन्यका निम्ति यो ठूलो विघ्न थियो, यसले गर्दा उनीहरूलाई चिप्लो र हिलोमा तोप घिसार्न साह्रै गाह्रो भयो, तैपनि युद्ध रोकिएन। यो देखेर प्रकृतिदेवीले झन् कडा परीक्षा लिने इच्छा गरिन् र नेपाली योद्धाहरूका मुखमा आँखा खोल्नै नहुने गरी हिमकणका साथ बौछट्टी छाँटको कठोर वर्षाले थप्पड हान्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाग्यो। प्रकृतिसितको दिनभरको यो युद्धमा कुनै पक्षको पनि हारजित भएन। रात परेपछि तूफानग्रसित हाम्रा वीर सैनिकले रक्तरञ्जित हिममय भूमिमा, घायलहरूका आर्त्तनादको बीचमा विश्राम गरे। यो युद्धमा नेपालका २३२ सिपाही र चालीस अफिसर खति भए शत्रुपक्षमा यसको आधा हानि भयो।

भोलिपल्ट बिहानै शत्रुहरूले नेपाली घेराको दाहिने भागलाई छिन्नभिन्न गर्न अचानक आक्रमण गरे। पहिले नै तयार भइसकेका नेपाली सैनिकले पनि जतातत्तै उनीहरूको सामना गरेर फेरि किल्लाभित्र धपाइदिए। यसपछि जगत्-शमशेरले सैन्यको दुइ भाग गरेर एकै साथ दुइतिरबाट गढीमा चढाइँ गरे तैपनि तिब्बतीहरूलाई दुर्गभित्र दृढ नै देखेर उनले गढीमाथि अविरत गोला वर्साउने आज्ञा दिए। तोपका गोलाको यो सनसनाउँदो आक्रमणले त्यो काम गऱ्यो जुन काम हिउँ र जलवर्षासहितको आँधिले गर्न सकेको थिएन। दुर्गका शत्रुहरू नेपाली सैन्यको यो प्रचण्ड धावा रोक्न नसकेर भाग्न लागे। नेपाली फौजले अविलम्ब शत्रुको पीछा गरी पहाड र घाँटी, खोला–नाला र खोंचहरूबाट लगाउँदै छ सय मानिसलाई समातेर विश्राम लियो।

झुङ्गाको किल्लामा—

बण्डागढी जितेर नेपालको विजयी सैन्य झुङ्गाको अभेद्य, धनसम्पत्तिपूर्ण र दस हजार सैनिक बस्न सक्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाचौं परिच्छेद

सुदृढ, सुप्रसिद्ध किल्लानिर पुग्यो। त्यो स्थान र किल्लालाई महत्त्वको देखेर जनरल जगत्शमशेरले 'यो किल्ला लिन पाए चीनको अनगिन्ती फौज पनि रोक्न सकिन्छ' भन्ने आशयको पत्र लेखी आक्रमणका निम्ति नेपालसरकारको आज्ञा माँगे। आज्ञा पनि चाँडै नै मिल्यो। त्यस समय झुङ्गामा छ हजार तिब्बती सैनिक थिए। उनीहरू तोपका गोला बर्साएर किल्ला ध्वस्त गरिनेछ भन्ने डरले बाहिर निस्केर लड्न तयार भए। दुश्मनले थप मदत पाएर बलियो हुन नपाउँदै उनीहरूलाई हराउने इच्छा गरेर नेपाली सैन्य पनि बहादुरीसाथ वैरीमाथि जाइलाग्यो। अझ पनि शत्रुकै संख्या ठूलो थियो। नेपालीहरूको एउटा सानो दल कोट्को पर्खाल चढ्न पुग्यो, तर विपक्षीहरूले त्यो दलको एक एक सिपाहीलाई मारे। दिनभर लडाइँको गति थरमर रह्यो। कहिले नेपालीहरू दस कदम पछि हटेर पचास कदम अगाडि बढ्दथे त कहिले तिब्बतीहरू दस गज अगि सरेर पचास गज पछि हट्थे। आफ्नो उद्योगमा अश्रान्त जगत्शमशेर एक एक सिपाहीको सम्मुख पुगेर स्नेहपूर्ण वचन, नजर र कार्यद्वारा फौजलाई बराबर उत्साहित गर्दै रहन्थे। सन्ध्याकाल नजीक आएपछि नेपाली सैन्यलाई निराश र शत्रुपक्षलाई हर्षित गराउँदै घोर वर्षा शुरू भयो, तर मुख फर्काउने कुरै थिएन। नेपाली वीरगण उच्च प्रशंसाको योग्य दृढ निश्चयले पूरा नौ दिनसम्म लडिरहे। दसौं दिन प्रतिपक्षीहरूको साहस टुट्यो र किल्लाको रक्षा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न नसकेर उनीहरू भाग्न थाले। भाग्न लागेका शत्रुलाई फेरि नेपाली सैन्यले लखेट्यो। यो खेदोमा एघार सय शत्रु सैनिक कैदी भए, मारिए अथवा टाढा टाढा पहाडका खोंचहरूमा छिन्नभिन्न हुने गरी धपाइए। झुङ्गाको यो रणयज्ञमा नेपालको ३७२ सिपाही होमिए। विपक्षी-हरूले असल असल अफिसरहरूसमेत जम्मा १६२१ मानिसको आहुति दिए।

सोनागुम्फाको समरभूमिमा—

उता जनरल श्री धीरशमशेरले नेपालसरकारको आदेशानुसार आफ्नो सैन्यलाई कुतीबाट साढे चार कोशमा बसेको सोनागुम्फा गाउँतर्फ बढाए। मुसलधार पानी परिरहेको थियो र घोर चिप्लो भएको पहाडको भिरालो बाटो यात्राले थकित नेपाली सैन्यलाई स्वच्छन्दताले हिंड्न रोक्थ्यो। यस्तो मौसम र दुर्गम पहाडी प्रदेशमा रातभर हिंडेर अरुणोदयको समयमा नेपाली सैन्य सोनागुम्फानिर पुग्यो। प्रातःकालमा बालसूर्यको किरण पर्नाले टल्किरहेको त्यहाँको विशाल मन्दिरको सुनको छाना देखेर हाम्रा सैन्य अत्यन्त हर्षित भए। नजीक पुगेपछि उनीहरूले मन्दिर र गाउँलाई आठ हजार शत्रुले रक्षित पाए। स्वर्णमन्दिरलाई आठ हजार सशस्त्र सैनिकले रक्षा गरेको देखेर श्री धीर केही छिन चिन्तित भए। परन्तु दूरदर्शक यन्त्रले हेर्दा शत्रुहरूले तोपसमेत तयार राखेको देखिएन। बस, उनले आफ्ना सैनिकहरूलाई एक पल पनि विश्राम गर्न नदिई, हावाको भुँवरी जस्तो भएर अगाडि, पछाडि र दुवै पार्श्वभाग अर्थात् चारैतिरबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शत्रुमाथि हमला गरे। अब दुवै पक्षबाट उग्र लडाइँ हुन थाल्यो, दुवैतर्फका सैनिक भकाभक मर्न लागे, दुवैतिर घाइतेहरूको हाहाकार चीत्कार सुनिन लाग्यो, तर कुनै पक्षको जितको आशा देखिएन। दुवैतर्फका सैनिक वैरीलाई हटाउन उग्र पराक्रम देखाएर दिनभर लडिरहे। सैनिकहरूको लाश र घाइतेहरूको चिच्याहटले त्यो रणभूमि भयङ्करता र निर्दयता, कठोरता र करुणताको रङ्गभूमि समान देखिन्थ्यो। यस युद्धमा नेपालका उज्ज्वल वीर जनरल श्री धीरको तरवारको चमत्कार शत्रु-मित्र दुवैले देखे। उनको प्रचण्ड भुजदण्डबाट चलाइएको त्यो कराल करवाल कहिले आकाशमा बिजुलीको जस्तो चम्कन्थ्यो र तुरुन्त एक रुण्डलाई धराशायी गरेर झटपट अर्काको मुण्ड अलग गर्थ्यो। कसैले एँय्याः पनि भन्न नपाउँदै तेस्रोको मुटुमा पसेर तातो तातो रगत पिउँथ्यो, फेरि बाहिर निस्कने बित्तिकै कसैको हात, कसैको खुट्टा, कसैको शिर काटेर आकाशमा रातो जिब्रो लपलपाउँथ्यो। रणभूमिमा साक्षात् कालको समान श्री धीरको यो भयङ्कर मूर्ति देखेर तिब्बतीहरूको विजयको आशा निराशामा परिणत भयो। उनीहरू आफ्ना पन्ध्र सय साथीलाई मृत्यु र मृत्युतुल्य भयङ्कर नेपाली सैन्यका पञ्जामा छोडेर व्याकुलता साथ ज्यानतातै भाग्न थाले। अकस्मात् भाग्न लागेका वैरीहरूको नेपाली सैन्यले दिनभर पीछा गऱ्यो। आखिर रात परेपछि अगाडि बढ्न अनुचित सम्झेर हाम्रो सैन्य फर्क्यो।

झुङ्गा जितिएको समाचार आएपछि सदलबल महाराज जङ्गबहादुरले झुङ्गाका निम्ति प्रस्थान गरे। त्यहाँ पुगेपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनले दुइ कोशमा शत्रुको फौज जम्मा भइरहेछ भन्ने खबर पाए। तत्कालै पैदल सैनिकको छ पल्टन र खच्चरहरूमा तोप लदाएर शत्रु सैन्यमाथि अचानक आक्रमण गर्न बाह्र बजेको मध्यरातमा उनी झुङ्गाबाट हिंडे। पहाडको अप्ठ्यारो बाटो र रातको समयमा खूब छिटो र फूर्तिसाथ घोडा दौडाउँदै आउन लागेका ससैन्य महाराज जङ्गबहादुरलाई देखेर आश्चर्यचकित भएका शत्रुहरू पहाडै पहाड भागेर नजीकको अर्को दुर्गमा आश्रय लिन पुगे। त्यो दुर्गमा उनीहरूको संख्या पाँच हजार पुग्यो। त्यस दुर्गबाट तिब्बतीहरूले नेपाली सेनाको सामना गरे, तर केही क्षणपछि अड्न नसकी भयभीत भएर उत्तरतर्फ भाग्न थाले। कोटमा नेपालीहरूको अधिकार भयो।

यस प्रकार पूर्वमा कुती र पश्चिममा झुङ्गासम्मको प्रदेशमा नेपालको झण्डा फर्फराउन लाग्यो। अब शीतकाल नजीक नजीक आएको हुनाले टिंग्रीको मैदान तिर बढ्न उचित सम्झिएन। यस कारण विजित प्रान्तको रक्षा निमित्त ठाउँ ठाउँमा फौजी चौकी राखेर वसन्त ऋतु लागेपछि शुरू गरिने महान् आक्रमणका निम्ति रसद र दाउरा इत्यादिको संग्रह गर्न आदेश दिएर जनरल जगत्शमशेरका साथ महाराज जङ्गबहादुर फर्के। कुतीतर्फ गएका जनरल श्री धीरशमशेर पनि फर्के।

नेपाली सैन्यको अद्भुत विक्रम देखेर शत्रुपक्षको धैर्य, साहस र जयको आशा सब भङ्ग भए। उनीहरूले नेपाल सरकारसित सन्धिको इच्छा प्रकट गरेर तत्सम्बन्धी चर्चा गर्न शिखार्जुनमा पूर्णाधिकारयुक्त अधिकारी पठाउन अनुरोध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरे। उहाँ सन्धिका शर्तको समाधान हुन सकेन र तिब्बत तथा चीनका राजदूत नेपाली प्रतिनिधिकासाथ स्वयं महाराज जङ्गसंग यस विषयमा चर्चा गर्न दरबारमा उपस्थित भए। यस अवसरमा चीनका प्रतिनिधिले नेपाली प्रतिनिधिका प्रति असभ्यता देखाए र चीनको आशयअनुसार सन्धि नगरे चीन पनि नेपालसंग युद्धको घोषणा गर्नेछ भन्ने घुर्कीसमेत देखाए। तर, नेपाली वीर अफीमची चीनको बन्दरघुर्कीको के डर मान्दथे ! आखिर सन्धिको कुराको सन्तोषकारक निराकरण हुन सकेन, झन् वैमनस्य बढ्यो।

राजधानीमा सन्धिका शर्तहरूमा छलफल भइरहेको थियो,यही बीचमा'पन्ध्र हजार तिब्बती र तातारीहरूले आधा रातमा नेपालीहरूमाथि अचानक आक्रमण गरेर आधा फौजको संहार गरे। सोनागुम्फामा अड्न नसकेर हाम्रो सैन्य कुतीको किल्लामा आयो, तर त्यहाँ पनि शत्रुहरूले चढाई गरेर सात सय सिपाही मारे। तोप, बन्दूक आदि हतियार र अन्य प्रशस्त रणसामग्री शत्रुको हातमा पऱ्यो र नेपाली सैनिक कुतीमा पनि अड्न नसकी लिस्तीको वरिपरिका पहाडमा भागे' भन्ने दुःखदायी खबर आयो।

कुतीतर्फको शोचनीय समाचार पढी पनि सकिएको थिएन,झुङ्गाबाट पनि यही किसिमको खबर आयो। उहाँ सत्र हजार तिब्बतीहरूले अचानक हमला गरेका थिए, तर कुतीको जति नोक्सान पार्न सकेनन्। अन्दाजी एक घण्टाको युद्धमा छ सय नेपाली र पन्ध्र सय शत्रु सैनिक मारिएपछि दुश्मनहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हटे । तिब्बतीहरूले नेपाली सैन्यलाई झुङ्गाको किल्लाबाट निकाल्न कई फेर दृढ कोशिश गरे, तर हरेक पल्ट धेरै हानि सहेर पछि हट्नुपर्‍यो । संख्यामा कई गुणा बढ्ता भएर पनि नेपालीहरूको हातबाट किल्ला लिन सकेनन् । यो लडा-ईँमा तिब्बतीहरूको पचहत्तर हजार रुपियाँ नेपाली सैन्यको हातमा पर्‍यो ।

सम्मुख युद्धमा वारंवार हार भएपछि तिब्बतीहरूले नेपाल र झुङ्गाका बीच आवागमनको सबै मार्ग रोकेर हाम्रा वीर सैन्यलाई शरण पर भने । यसमा नेपाली सेनाका नायकले शरण पर्न त हामीले जानेकै छैन भनी जवाफ दिए । शत्रुको संख्या ज्यादा हुनाले बाहिर निस्केर लड्न उचित नदेखी विशेष सहायता आइ नपुगेसम्म किल्ला भित्रैबाट नेपालीहरू शत्रुको आक्रमण रोक्न लागे । यस समय सहायताको ठूलो आवश्यकता थियो । दुर्गभित्र खाने कुराको भयंकर अभाव हुँदै गएको थियो, फेरि शीतकालमा ओढ्ने ओछ्याउनेको कमीले नेपाली सैनिक काट्टिन लागेका थिए । शत्रुले सबै बाटो थुनेकोले अर्को ठाउँमा हट्ने उपायसमेत थिएन । त्यस्तो स्थितिबाट शत्रुलाई छकाएर नेपालमा खबर पठाउन पनि गाह्रो थियो, तथापि झुङ्गाका बडाहाकिम प्रतिमन रानाका दुइ बहादुर मानिसले हजारौं शत्रुको आँखा छलेर खबर पुर्‍याइछोडे । समाचार पाउनेबित्तिकै महाराज जङ्गबहादुरले कुतीको मुक्तिका निम्ति जनरल श्री धीर र झुङ्गातर्फ ससैन्य सनकसिंहलाई विदा गरे । यी दुवै वीरले नियत स्थानमा पुग्ने पहिले पद पदमा बाटो रोकेर बसेका

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शत्रुसंग लड्दै -भिड्दै जानुपर्‍यो। बीच बीचका लडाइँमा मारिएका २५० सिपाहीलाई छोडेर बाँकी फौजका साथ श्री धीरशमशेर कुतीको सीमाप्रान्तमा पुगे। उहाँ पुगेर उनले सैन्यको तीन भाग गरे। दाहिने पक्षको नेता जनरल बख्तजङ्ग र देब्रे तर्फका भागको नायक कर्णेल मकरध्वज भए। बीचको सैन्य उनकै अधीनमा रह्यो। यति गरेर श्री धीरले तीनतिरबाट एकसाथ शत्रुमाथि आक्रमण गरे। नेपालीहरूको भन्दा हीन हतियारका भए तापनि भोटेहरूले छातीसम्म अग्लो र प्रशस्त फराकिलो कोटको परखालभित्रबाट तीन घण्टासम्म बहादुरीका साथ नेपाली सैन्यको सामना गरे। बख्तजङ्गको तैनातमा राखिएको फौज दश हजार शत्रु सैनिकसँग निडर भएर लडिरहेको थियो, यही अवसरमा मकरध्वजको सैन्य पनि त्यहाँ आइपुग्यो। अब नेपालीहरूले थप मदद पाएको सम्झेर शत्रुहरू भाग्न थाले। हाम्रा पक्षका सैनिकहरूले लगत्तै पीछा गरी यत्रतत्र छरिएका दुश्मनहरूलाई धपाएर कुतीका आसपासको प्रदेश शत्रुशून्य गराए। जनरल श्री धीरको धीरता र नेपाली सैन्यको वीरताका अगाडि भोटेहरूको बल काम लागेन। यो लडाइँमा नेपालका तीन अफिसरसमेत २१८ सिपाही मारिए। कुतीमा फेरि नेपालको चन्द्रसूर्याङ्कित ध्वजा फर्फराउन लाग्यो।

झुङ्गाको दुःख शमन गर्न हिंडेका सनकसिंहको मार्गमा पनि धेरै कठिनाइ थियो। स्थान स्थानमा बसेका वैरीहरूलाई हटाउँदै झुङ्गासम्म पुग्न उनलाई धेरै गाह्रो भयो, तर जतातलै बहादुरी देखाउँदै अठार सय तिब्बती योद्धाहरूलाई मारेर ससैन्य उनी झुङ्गा पुगे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनकसिंहको यो रणयात्रामा प्रशंसनीय साहसको एक उल्लेखनीय घटना भयो। यो बहादुरी देखाउने मानिस सुबेदार लालवीरको चिरुवादार थियो। उसको मालिक लडाइँमा मारिएपछि मालिकको घोडा समाएर एक छेउमा उ उभिएको थियो। जस उसले शत्रुहरूलाई भाग्न लागेको र नेपाली सैन्यले पीछा गरेको देख्यो, तब वैरीलाई लखेट्ने काममा आफूले समेत सहायता गर्न तुरुन्त मालिकको घोडामा सवार भएर वायुवेगले दौडाउँदै प्रतिपक्षी दलको बीचमा पुगी दायाँ बायाँ दुवैतिर खुकुरी चलाउन लाग्यो। जब उ चारैतिरबाट शत्रुले घेरियो तब घोडाबाट झ्वाट्ट फाल हाली नजीकको एक तिब्बती अफिसरको मुटुमा खुकुरी ह्वास्स रोपेर तुरुन्त घोडा चढी बाँकी शत्रुमाथि बौलाएको सिंहसमान झम्ट्यो र अन्तमा दुश्मनहरूलाई भागेको देखेर बिलकुल अक्षत शरीरले आफ्नो पक्षमा फर्क्यो। महाराज जङ्गबहादुरले यो अतुल साहसको कुरा सुनेर उसलाई उसैको मृत मालिकको पद अर्थात् सुबेदारी दिए।

अन्त्यमा नेपाली फौजबाट बराबर पराजित हुनुपरेकोले आजित भएर तिब्बतीहरू कायल भए। संवत् १८१३ को पौष महीनामा सन्धिचर्चा चलाउन तिब्बतसरकारको एक प्रतिनिधि आयो। सन्धिको कलमहरुमा विचार गर्दा गर्दै दुइ महीना बित्यो। आखिर चैत्र महीनामा दुवै सरकारतर्फबाट सन्धि-पत्रमा हस्ताक्षर गरियो र लडाइँ बन्द भयो। तिब्बतका हिममय स्थानमा दुःख सहेर, शीत खाएर बसेका हाम्रा विजयी सैनिक, शत्रुको मुटुमा नेपाली वीरताको आतङ्क जमाएर विजयगीत गाउँदै विजय-पताका फर्फराउँदै प्रफुल्ल चित्तले घर फर्के।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैटौं परिच्छेद

भारतीय विप्लवमा

"कुनै शब्दबाट ती बहादुरहरूको उपयुक्त तारीफ हुन सक्तैन ।"—लर्ड क्रू।

संवत् १८०३मा तिब्बतसित सन्धि भएपछि नेपालका बहादुर सैनिकले नेपालको भूमिमा लड्नुपरेन, तापनि उनीहरूको कार्यक्षेत्र झन् विस्तृत भयो। नेपाल-तिब्बत-युद्धको समाप्तिका साथै भारतवर्षमा विस्तार विस्तार फैलिँदै गएको अंग्रेजी राज्यको नाश गर्न नष्टप्रायः मुगल-साम्राज्यका मुसलमानी प्रजाले कस्मर कसे। धर्मनाशको निहुँ पारी हिन्दु-मुसलमानी प्रजा र सैनिकहरूलाई बागी गराएर भारतवर्षबाट अंग्रेजहरूलाई निकाली मुगलसाम्राज्यको पुनरुत्थान गर्नु नै उनीहरूको मुख्य उद्देश्य थिए। यस काममा कतिपय हिन्दू प्रजा र राजवर्गसमेत धर्मनाशको डरले उनीहरूको पक्षमा सम्मिलित भए। अंग्रेजी आधिपत्यबाट छुट्कारा पाउन शुरू गरेको यो प्रथम भारतीय स्वातन्त्र्य-संग्राम बङ्गालको ब्यारकपुर छाउनीबाट उठेर थोरै समयमा नै सम्पूर्ण पूर्वी, मध्य र उत्तर-भारतमा व्याप्त भयो। जताततै अंग्रेजहरू मारिन लागे। राज्य-व्यवस्था अस्तव्यस्त भयो। सब आफ्नो मनपरी गर्न लागे। स्त्री, पुरुष वा बालक जो होस्, अंग्रेजलाई जहाँ देखे पनि मार्नु सबको ध्येय थियो। सयकडौं अंग्रेज खाँदा, पिउँदा, उठ्दा, बस्ता भारतीय गोली, भाला र तरवारका शिकार भए। कानपुर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलाहाबाद, लखनौ आदि शहरहरूमा मारिएका अंग्रेजहरूका संख्याले निरापद स्थानमा बसेका अंग्रेजहरूसमेत प्रतिक्षण आफ्नो मृत्युकालको प्रतीक्षा गर्न लागे। करोडौं विद्रोही-हरूका सम्मुख मुट्ठीभर अंग्रेजहरू आफ्नो जीवनरक्षाका निमित्त छट्पटाइरहेका थिए। तत्कालीन भारतवर्षमा उनी-हरूको सहायक र आधार कोही थिएन। यसै अवसरमा सुगौलीको सन्धिपछि मित्र भएका र अंग्रेजहरूबाट सहाय-ताका निमित्त प्रार्थना गरिएका महाराज जङ्गबहादुरले विप्लवसागरबाट अंग्रेजहरूको उद्धार गर्न सदलबल नेपालबाट प्रस्थान गरे। गोरखपुर, अम्बरपुर, बिरोजपुर, मण्डूरी आदि महत्वपूर्ण स्थानमा विद्रोहीहरूको दमन गर्दै नेपालका वीर सैनिक पूर्वी र मध्यभारतका विप्लवकारी अव्यवस्थित सैनिक-हरूको मुख्य केन्द्र लखनौमा पुगे। उहाँ पुगेर नेपालीहरूले घर घरबाट लडिरहेका मुसलमानी सैनिक र प्रजाको भयंकर संहार गरे। यसै गरी दिल्लीमा पनि नेपाली सैन्यले अंग्रेजका आततायीहरूको दमन गरेर यो समराग्निलाई निभाए। अंग्रेज-हरूका हितका निमित्त दिल्लीमा गोरखालीहरूले जुन कठोर परिश्रम गरेका थिए, त्यसको सम्झना गरेर एक अंग्रेज लेख्तछन्—

"जुनसुकै अवस्थामा पनि कुनै अंग्रेज सम्मानपूर्ण मित्रतामा गोरखालीको हाथ नसमाई दिल्लीको प्रसिद्ध उच्चभूमिमा बनेको स्मारकमा जान सक्तैन।" *

यस प्रकार छ सय वर्षदेखि विशाल भारतमा शासन

* 'द टाइम्स' 'हिस्ट्री अब् द वार' भाग १ पृष्ठ १५५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिरहेको महान् र बलियो मुगलसाम्राज्यको अस्तित्व लोप गराउने धेरै श्रेय गोरखालीले पाउनुपर्छ । त्यही मुगलसाम्राज्यको खंडहरमा अंग्रेजी साम्राज्य खडा भएको छ । यूरोपीय जातिको शासनबाट मुक्त हुन लडेको स्वातन्त्र्य-संग्रामको इतिहास पढ्दा त्यस कालमा नेपालले अंग्रेजलाई सहायता नदिएको भए भारतमा अंग्रेजी शासन कायम हुन असम्भव थियो भन्ने देखिन्छ । नेपाली सैन्यका तत्कालीन शौर्यकथा पढेर हामीले नेपालको सहायताले नै मुगलसाम्राज्यको पतन र अंग्रेजी साम्राज्यको उत्थान भएको मानेर गर्व गर्न अनुचित होवैन ।

भारतवर्षमा अंग्रेजहरूको एकाधिपत्य स्थापना गराएर नेपालले स्वातन्त्र्य संग्राममा असफल हुनाले असहाय र निराधार भएका कैयन् स्वधर्मी वीरहरूलाई सपरिवार शरण दियो । अंग्रेजसरकारले उसका विद्रोहीहरूलाई समातेर दिन नेपालसरकारलाई लेखेको थियो, तर नेपालबाट शरणको मरण कदापि हुन सक्तैन भन्ने स्पष्ट जवाफ गयो । यसपछि अंग्रेजहरूले नानासाहेवको गिरफ्तारीका निम्ति धेरै लेखापढी गरे परन्तु नेपाल आफ्नो निश्चयबाट हटेन । आखिर यस देशका प्रजाको प्रचण्ड वीरताको सम्झना गरी नेपालीहरूलाई चिढाउनाले आफ्नै हानि हुने सम्भावना देखेर अंग्रेजहरू चूप लागे । यस रीतले संवत् १९१४ मा नेपालको पहाडी प्रदेशबाट भारतवर्षको समतल भूमिमा आएर मित्र रक्षाको कार्यद्वारा नेपाली वीरहरूले आफ्नो प्रताप र गौरवका साथ राज्यवृद्धिसमेत गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सातौं परिच्छेद

१९७१-७५ को महासमरमा

"...... आफ्नो जो भइरहेको जातीय गौरव नघटाई खडा राख्ने उत्साह हामीले राखिरहनुपर्दछ। यिनीहरु बहादुर हुन्, हक्की पनि छन्, दयाशील स्वभाव यिनमा छ भन्ने नाम गोरखालीले राखि आएका छन्, फेरि निर्धा निमुखा र अत्याचारमा परेकाहरुको बरावर उद्धार गर्ने, सयकडौं लडाइँका वीर भन्ने कीर्ति पनि हाम्रा पुरुखाहरुको छ। त्यो नाम र त्यस्ता पुरुखाका सुहाउँदा सन्तान यिनीहरु हुन् भन्ने कीर्तिलाई हामीले धमलिन दिनुहुँदैन।"

—श्री ३ महाराज चन्द्र

भारतवर्षमा ब्रिटिश साम्राज्य खडा भएको ५७ वर्षपछि फेरि मित्र साम्राज्यमाथि विपद् आइपऱ्यो र नेपालका वीर सैनिकले समुद्र पार गरी यूरोपको भूमिमा पुगेर आफ्नो नेपालसरकारको यशः प्रताप फैलाउने अवसर पाए। संवत् १९७१ मा सर्वियाका युवराजको आकस्मिक हत्या र त्यस कालमा आफ्नो प्रचण्ड सैन्य तथा शस्त्रबलले उन्मत्त भएका जर्मन सम्राट् कैसर विलियम द्वितीयको युद्धलिप्साले यूरोपमा समराग्नि प्रकट भयो। यो युद्धज्वालामा संसारका एक करोड-भन्दा बढ्ता मानिस र अपार धन सम्पत्ति स्वाहा भए। यो यूरोपीय महासमरमा नेपाल सरकारले आफ्ना बहादुर सैन्य दिएर ब्रिटिश र उसका मित्रहरूको सहायता गरेको थियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरखालीको धावा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

99 - ३२
- २०
८
२४
१ - २०
१३ - ५०
१८
१ - २४
१२

११ - ३५
- २०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो महायुद्धमा हाम्रा वीर देशबान्धवहरूले विदेशमा पनि जर्मनी जस्तो प्रचण्ड शक्तिका सम्मुख आफ्नो पुर्खौली वीरताको ख्याति कायम राखे।

सर्वप्रथम फ्रांसको रणक्षेत्रमा पुगेर नेपालका वीर सन्तानले फेस्टुवर्टको लडाइँमा खुकुरीको चमक-दमकले जर्मन सैन्यलाई चकित गराए। न्यूभ चापेलको संग्राममा झ्याल झ्यालबाट गोली बर्साइरहेका शत्रुलाई घर घरमा पसेर खुकुरीको तीक्ष्ण धारमा बगाइदिए। पश्चिम फ्ल्याण्डर्सको रणभूमिमा आफ्नो प्रचण्ड पराक्रम र अतुलनीय साहसद्वारा अवाधगतिले बढ्दै आएका वैरीलाई हटाए। थीप्रेसको युद्धमा भीषण अग्निवर्षामा परेर भुटिंदा पनि असाधारण धैर्य र शौर्यले दुश्मनको सातो लिए। ग्यालीपोली प्रायःद्वीपको भयङ्कर समरमा अद्भुत रणचातुरी देखाएर वैरीलाई अश्चर्यमा पारे। डार्डानेल्स (दर्रे दानियाल) को प्रसिद्ध सामुद्रधुनीमा स्थित एक पहाडका निमित्त अमानुषिक वीरताले लडेर स्वदेश र स्वजातिको गौरवसूचक नामले त्यो पहाडको नामकरण गरे। अन्त्यमा प्यारिसका निमित्त जर्मन चतुरङ्गिणी सेनाले गरेको प्रसिद्ध,प्रचन्ड र दुर्निवार धावामा अतुलनीय, अचिन्तनीय, शूरता, धीरता र युद्धकुशलताले संसारलाई आश्चर्यचकित पार्दै जर्मनसम्राट्को विश्वसम्राट् हुनेआकांक्षालाई तिरोहित गराए। एड्मण्ड क्याण्डलर लेख्तछन्—

"नेपालका पहाडीहरूले युद्धको जाँचमा पहिलो स्थान पाए। हाइमा १।८ गोरखा पल्टनले गरेको लडाइँका सम्बन्धमा डिभाँन्स पल्टनलाई सोध। ग्यालीपोलीमा पाँचौं र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैटौं गोरखाले सहेका दुःखको बारेमा क्चिरनको पल्टन वा अङ्गाक पल्टनलाई सोध अथवा आयन् ह्यामिल्टनको आवेदन पढ । चेसिफोनमा सातौं गोरखा पल्टनले कस्तो युद्ध गऱ्यो यो कुरा टाउनशेण्डका अमर आत्माहरूलाई सोध। १।८ ले कस्तो घोर लडाइँ गरे यो प्रश्न महमुद अब्दुलहसन र इस्तावुलाटमा बसेका ब्रिटिश राजदूतसित सोध । तारीख २३ फ्रेब्रुअरीको दिन शुमराँनमा दुई गोरखाली बटालियनले कसरी अनेक विघ्न बाधालाई जितेर बलजफ्तीले टाइग्रिस नदी पार गरे सो कुरा बहादुर हण्टरोभर्सबाट वुझ। छैटौं गोरखाली फौजले फ्रान्समा कस्तो पराक्रम देखाए । यो कुरा भारतीय सैन्यका सेनापतिलाई सोध। दर्रे दानियालमा 'गोरखा ब्लफ' स्थापित गरेको रोमाञ्चकारी बयान यहाँ गरिरहनुपर्दैन ।"*

न्यूभ चापेल-फ्रान्समा—

गत महासमरमा फ्रान्सको भूमि नै संसारको मुख्य रणक्षेत्र बनेको थियो जहाँ मित्रपक्षलाई सहायता गर्ने सबै देशका सैनिक आफ्नो पराक्रम देखाउन पुगेका थिए। त्यस देशको न्यूभ चापेल नामक स्थानमा भएको भयानक युद्धमा हाम्रा वीर देशबन्धुहरूले प्रबल पराक्रम र असीम साहसको कर्म गरे शत्रु मित्र दुवैलाई आश्चर्यचकित गराए। लडाइँपछि ब्रिटिश सैन्यका नामांकित जनरल सर जाँन फ्रेञ्चले देहरादून ब्रिगेडका दोस्रो र नवौं गोरखा-राइफल पल्टनको निरीक्षण गरेर उक्त दुवै पल्टनका आचरण र शीतऋतुमा

* सर एडमण्ड क्याण्डलर कृत 'द सिपाँय।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरखाली सैनिकका चरित्रको उल्लेख गर्दै भनेका थिए—

"गोरखालीहो ! हालैमा भएको न्यूभचापेलको लडाइँमा तिमीहरूले जुन शौर्यपूर्ण आचरण देखायौ त्यसका निमित्त धन्यवाद दिन आज म यहाँ आएको छु। त्यो संग्राममा तिमीहरूले 'बोइ डु वांक्ष' कब्जा गर्‍यौ, जहाँबाट सैनिक कारणवश तिमीहरूले फर्कने आज्ञा पायौ। त्यो आज्ञा नदिएको भए तिमीहरू पछि हट्ने थिएनौ, यो मलाई राम्ररी थाहा छ, तर लडाइँमा यस्ता अवसर परिरहन्छन्। गरम प्रदेशबाट आएका तिमीहरूलाई फ्रान्सको जाडो कडा लाग्यो होला, यो पनि मलाई थाहा छ। यसकारण, यो शीतकालमा तिमीहरूको चालचलन झन् प्रशंसनीय छ। तिमीहरूले हरएक मामलामा गरेका उत्तम कामको निमित्त म फेरि धन्यवाद दिन्छु र आक्रमण गर्न जहिले फेरि बोलाइनेछौ उहिले सहर्ष र शीघ्र न्यूभ चापेलमा गरे जस्तै कर्म गर्नेछौ भन्ने पूरा विश्वास मान्छु।"

पश्चिम फ्ल्याण्डर्समा—

यो एक अर्को स्थान हो जहाँ भयंकर लडाइँ भएको थियो। यहाँ पनि नेपालका बहादुर सन्तानले नेपाली वीरताको झ्याली पिटे। रणभूमिको संवाददाताले यो वीरताको बयान संक्षेप तर मार्मिक शब्दमा यस प्रकार गरेको छ—

"अक्टोबर ३१ तारीख शनिश्चरवारको राती अल्पकालको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीव्र हातापाइमा फेरि मित्रपक्षको विजय भयो। यो घम्साघम्सीमा गोरखालीहरूले निःशब्द, शीघ्र र दारुण तर प्रशंसनीय प्राणनाशक कर्म गरेर देखाए। ती पुड्का भयंकर मानिस अझ उनीहरूको सुकीर्तिमा स्थिर छन्।"

स्लाइपको रणस्थलमा—

यहाँको युद्धमा गोरखालीहरूको साहस झन् प्रशंसनीय छ। वर्त्तमान शताब्दीमा आविष्कार भएका बडा बडा जनसंहारक हतियारहरूबाट हुन नसकेको कामलाई गोरखालीहरूको एक क्षुद्र दलले पूरा गरेको थियो। देख्तैमा डरलाग्दा बृहदाकारका तोप र ट्यांकहरू शत्रुको जुन मोहडालाई हटाउन असफल भएका थिए, त्यही मोहडालाई छ जना गोरखालीले मात्र बुद्धि, साहस र कुशलताले हटाइदिएका थिए। प्यारिसको एक अखबारले उनीहरूको प्रशंसा गरिने योग्य त्यो साहसिक कर्मको बयान गर्दै लेखेको थियो—

"स्लाइपनिरबाट जर्मनहरूको प्रशस्त सामग्री भएको तोपखानालाई हटाउन मित्रपक्षको तोपवाहिनीका सबै प्रयत्न असफल भए। आखिर वैमानिकगणले जर्मनहरूको युद्धसामग्रीको भण्डारलाई समुद्रकिनारबाट साढे तीन कोशमा स्थित खाईहरूबाट पौने दुइ कोश पर हटाए। रात परेपछि जेर नदीको मुहानबाट गोरखालीहरूको एक दलले प्रस्थान गर्‍यो। प्रशस्त बाटो हिंडेर उपरोक्त तोपखानादेखि डेढ पाउ यतै पुगी उनीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जङ्गलमा चाल मारेर (पदशब्द नै नआउने गरी) हिंड्न लागे। ती गोरखालीहरूमध्ये छ जना, आफ्ना अरू साजबाज छोडेर, मुखमा खुकुरी च्यापी हात खुट्टा टेक्तै बिस्तारै अगाडि बढे। आधा घण्टा जति बितेपछि भ्यागुताले कराएको जस्तो शब्द सुनियो। केही पहिलेदेखि सडकमा देखिएका छ जर्मन सन्तरीका मूर्ति बिनाशब्द अदृश्य भए र बाँकी गोरखालीहरू अगाडि दौडे। यसउपरान्त अँध्यारोमा देखिने दृष्टिसाधक यन्त्र लगाएर हेरिरहेका मित्रपक्षका अधिकारीवर्गले अकस्मात् आगोको एक मुस्लो देखे र बारूद तथा गोलाहरू पड्केका अनगिन्ती शब्दले अनुसरण गरेको एक ठूलो धडाकाको शब्द सुने। यसपछि त्यो सानो दल सुरक्षित हालतमा तोपवाल जहाजसम्म आइपुग्यो। भोलिपल्ट जर्मन तोपखाना पछि हटेको देखियो।"

यीप्रेसको युद्धक्षेत्रमा—

संवत् १९७१–७५ को महासमरमा यीप्रेस पनि प्रसिद्ध रणक्षेत्र थियो। यहाँको युद्धमा गोरखाली फौजका १।१, १।४, र सरहिन्द पल्टन खटिएका थिए। यिनमा सरहिन्द पल्टनले उपत्यकातिर भिरालो परेको र चारैतर्फ पहाडले घेरेको भूमितर्फ बढ्दा बाटोछेकुवा गोलीवर्षाको सामना गर्नु पऱ्यो। १।१ गोरखाली पल्टनले शत्रुका गोलीवर्षाको सम्मुख पर्न उत्तर, पश्चिमोत्तर दिशातिर घुम्न पऱ्यो। यसै अवसरमा चारौं गोरखाली फौज मार्गरोधक अग्निवर्षाले रोकिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो। पहिला गोरखालीको एक कम्पनी घोर क्षति सहेर पनि जर्मनसैन्यबाट २५० गजमा स्थित ध्वंस भएको एउटा खेतमा पुग्न सक्यो र त्यो जत्थाका सिपाहीहरूले राती उहाँबाट नहटाइएसम्म त्यस ठाउँलाई आफ्नो कब्जामा राखिछोडे। उहाँ रहेसम्म उनीहरूमाथि तोप र राइफलसका गोलीको भीषण वर्षा भइरहेकै थियो।

यसरी फ्रान्सको भूमिमा नेपालका सिपाहीहरूले बडा बडा शक्तिशाली साम्राज्य सरकारका सम्मिलित शक्तिलाई थर्काउने प्रचण्ड वलिया जर्मन सैन्यको जतातते सामना गरे। स्वदेशबाट टाढा— धेरै टाढा पुगेका वीरहरूले फ्रान्समा जर्मनहरूलाई मारेको कुरामा गर्व गरेनन्, तर उनीहरूले दुवै हातले वैरीको गला च्याप्न नपाएकोमा दुःखमनाउ गरे। उनीहरूको भनाइ थियो—जर्मनहरू मोटो हाड भएका मानिस होइनन् अर्थात् तिनीहरू खुकुरीलाई रोक्न सक्ने होइनन्। गोरखालीहरू स्वभावले सोझा र स्पष्टवक्ता हुन्छन्। उनी-हरूलाई गुणसम्बन्धी कुरामा भन्दा शरीरसंबन्धी कुरामा बढ्ता चाख लाग्छ र उनीहरू जर्मनहरूको घाँटी बलियो हाड नभए पनि बाक्लो छ भन्ने उजुर गर्छन्।*

विराना मुलुकमा पुगेर पनि नेपालीहरूले मौकाअनुसार रहेर राम्रो सैनिक स्वभाव र गुणको परिचय दिए। फ्रान्समा भारतीय सैन्यसित काम गरेका जनरल सर जाँन विलाँक्स लेख्तछन्—

* द टाइम्स हिस्ट्री अव् द वार भाग २ पृष्ठ ३४७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"फ्रान्समा मसँगै बसेर काम गर्ने भारतीयहरूमध्ये सबैभन्दा पहिले गोरखालीले नै स्थायी खाईहरूमा जर्मन आक्रमणको धक्का सहे। वर्षा र हिउँ पग्लेर भएको हिलोले गर्दा त्रुटि पूर्ति गर्न असम्भव भएको मौकामा उनीहरूले आफ्नो शरीरको ऊचाईभन्दा धेरै अग्ला खाईहरू कब्जा गर्न ठूलो नोक्सान सहेर पनि कठिन मेहनत गरे। उनीहरूले आफूलाई प्रतिकूल अवस्थाको अनुकूल पार्न धेरै समय लगाए, तर नेपालका सिपाहीहरूको सानो जीउमा ठूलो पौरुष छ, रूखो स्वभाव छ। पहिले निकालिएका खाईमा जान सके उनीहरू फेरि फर्कन्छन् र त्यहाँबाट उनीहरूलाई अर्को पटक निकाल्नु सजिलो कुरा छैन। स्वभावैले अल्पभाषी, वीरता र राजभक्तिको चरम सीमामा पुगेका गोरखालीहरू— मेरो अनुमानानुसार पछिसम्म अजोड नै रहे*।"

ग्यालीपोली प्रायःद्वीपमा—

गत महासमरमा जर्मनीको मित्र तुर्की साम्राज्यसित ग्यालीपोली प्रायःद्वीपका अनेक स्थानमा लडाइँ भएको थियो। तिनमध्ये दर्रे दानियालको सामुद्रधुनीमा भएको युद्ध मुख्य मानिएको छ। यहाँको भूमिमा फौज ओह्राल्न मित्र-पक्षलाई साह्रै गाह्रो परेको थियो। एक दुई स्थानमा सफल भएकाले वडा बहादुर कहलिएका न्यूजील्याण्डका फौज र अजाक पल्टनले समेत तुर्कीहरूका बहादुरीको तारीफ गर्नुपरेको

*जनरल सर जान विलाँक्स कृत 'विथ द इण्डियन्स इन् फ्रान्स १९३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो । आखिर जुन पहाडका निमित्त घमासान लडाइँ भएको थियो, त्यस पहाडलाई गोरखालीले नै जितेका थिए । संवत् १९७२ को वैशाख महीनाको २६ गते शनिवारमा म्याञ्चेष्टर र डब्लिन पल्टनले पहाड जित्न असफल कोशिश गरेका थिए । छैटौं गोरखापल्टनका लेफ्टिनेण्ट कर्णेल सी. जी. ब्रूसले पहाड उक्लन सिपालु उनका मानिसलाई अँध्यारो भएपछि किनारबाट उक्लेर त्यो ठाउँ दखलगर्न दिनुपर्छ भन्ने कुरा बताए । उनका सिपाहीहरूले वैशाखको २७ गतेका दिन त्यो ठाडो चट्टानको जाँच गरिसकेका थिए र त्यो वेला पनि उनीहरूमाथि वैरीको गोली चलेकै थियो । उनन्तीसौं भारतीय पैदल सेनाको सेनाध्यक्ष मेजर जनरल एच्० बी० कॉक्सले समुद्र र किनार-बाट तोपका गोलाहरू बर्साउँदै शत्रुको ध्यान आकर्षित गर्न पैदल सेनालाई हिंडाउने र त्यसको आडमा ठूलो संख्यामा गोरखालीहरूलाई त्यो पहाडमाथि उकाल्ने युक्ति बताए । यो युक्ति पूरापूर सफल भयो । बेलुका साढे छ बजे साङ्ग्रामिक जहाज डब्लिन र ताल्बोटले आगो बर्साउन थाले र साथ-साथै ब्रिटिश पंक्तिबाट उनन्तीसौं पैदल सैन्यले तोपको गोला वर्साउन थाल्यो । बयालीसौं म्याञ्चेस्टर पल्टनले पनि गोली चलाएर मदद गरेको थियो । यही धूमधामको बीचमा गोर-खालीहरूको दुइ दल पहाडमाथि पुग्यो र वेगसँग धावा गरेर कार्य पूरा गऱ्यो । अर्को दुई दल पनि त्यही बाटो लागेर भोलिपल्ट बिहान जितेको ठाउँलाई राम्ररी बलियो गराई ब्रिटिश मोर्चामा मिल्न आएको थियो । यो युद्धपछि त्यस चट्टानलाई 'गोरखा पहाड' भन्ने नाम दिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो युद्धमा मित्रपक्षको सेनानायक भएका सर आयन् ह्यामिल्टनले आफ्नो विज्ञप्तिमा लेखेका थिए—

वैशाखको २८ र २९ गतेको राती छैटौं गोरखाली सेनाले यो पहाड कब्जा गर्न कूँच गऱ्यो। यो पल्टनका सिपाहीहरू पहिले समुद्रतिर ओर्ह्लेर किनारको खाल्डाखुल्डी भएको जमीनमा केही परसम्म गए। त्यसपछि पहाडको भिरालो पाखोतिरबाट हातखुट्टा टेकेर घस्रँदै माथि चढे। टिप्पामा पुगेपछि उनीहरूमाथि शत्रुहरूले भीषण गोलीवर्षा गरे। अकस्मात् यो कठिन मेहनत असफल भयो तापनि प्रारम्भिक जाँचको दृष्टिले अति हितकार सिद्ध भयो। भोलिपल्ट मेजर जनरल एच्.बी. काक्सले सम्मिलित चढाइ गर्ने प्रस्ताव गरे र तदनुसार जलसेनाको सहयोगको प्रबन्ध मिलाइयो। मेको बाऱ्ह तारीखमा सांग्रामिक जहाजबाट भएको गोलाबारीको आडमा १।६ गोरखाको दुइ कम्पनीका सैनिक फेरि एक पटक किनारबाट घस्रेर पहाडमुनि जम्मा भए। अनि तुर्कीहरूको ध्यान गोलाबारीतिर खिंचेर उनीहरूले खूब चाँडो पहाड उक्ली प्रचण्ड धावा गरे, शत्रुलाई भगाए। यसपछि गोरखाली सैन्यका मशीनगन–विभाग अगि सऱ्यो र साढे चार बजे बिहान गोरखाली दुइ कम्पनी पहिले गएका कम्पनीसित मिल्न पठाइए।

एक घण्टापछि यी दुइ कम्पनी अगाडिका पल्टनसंग मिलेर उनीहरूकै फौजले पहिले कब्जा गरेका खाईलाई

६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दाहिने पाइँ कानको आकारले हिंडेर अगाडि फैलिंदै गए। फेरि छ बजे बिहान तेस्रो कम्पनी पहिलेंका खाईहरूको अग्रपंक्तिबाट मशीनगन र राइफलका गोलीको डरलाग्दो वर्षामा खुला मैदानतर्फ अग्रसर भई दाहिनेतिरको मुख्य नाला औ नयाँ कब्जा गरेको पहाडका बीच कर्णरेखाकृति पंक्तिमा स्थिर भयो। सहायताका रूपमा अरू दुइ कम्पनीले प्रस्थान गरेर पहिलेको अग्रपंक्तिमा आफ्नो अधिकार जमायो।"

यस रीतले ग्यालीपोली प्रायःद्वीपमा वीर नेपालीहरूले अनेकौं कष्ट र प्रशस्त हानि सहेर तुर्की सैन्यलाई धपाई मित्रपक्षलाई विजयी गराए। गोरखाली सेनाको पराक्रमले विजित त्यही पहाड आजसम्म 'गोरखाली ब्लफ' को नामले प्रख्यात छ।

मेसोपोटेमियाको युद्धस्थलमा हाम्रा बहादुर देशबन्धुहरू कुन किसिमले लडे, उनीहरूले कस्तो साहस, पराक्रम र रणकुशलता देखाए त्यसको समुचित बयान गर्न नसकेर कन्यू महादयले निम्न शब्दमा आफ्नो विचार प्रकट गरेका छन्—

> "कुनै शब्दबाट ती बहादुरहरूको लायक तारीफ हुन सक्दैन।"

न्यूभ चापेलको लडाइँमा द्वितीय बटालियन, थर्ड क्वीन अलेक्जेण्ड्राज-ओॅन गोरखा-राइफलसको २१२९ नम्बरका सिपाही कुलवीर थापाले व्यक्तिगत बहादुरी र अत्यन्त साहसको कर्म गरेर असाधारण वीरता देखाउने सिपाहीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रिटिश सरकारबाट दिइने "भिक्टोरिया क्रस" नामको सर्वोच्च पदक पाए। उनले संवत् १९७२ को आश्विन ९ गतेका दिन स्वयं घाइते हुँदा पनि शत्रुको खाईमा घायल भएर लडिरहेको एक अंग्रेज सिपाहीलाई रातभर कुरे। त्यो अंग्रेजले उनलाई भागेर आफ्नो प्राण बचाऊ भन्दा पनि उनले मागेनन्। भोलिपल्ट बिहान कुइरो लागेको समयमा अंग्रेज सिपाहीलाई बोकी सकी नसकी जर्मन खाईबाट झिकेर आपत्तिरहित स्थानमा पुऱ्याए। फेरि उसै दिन घायल भएका अरू दुइ गोरखाली सिपाहीलाई पनि शत्रुको खाईबाट सारेर बचाए। सोही दिन दिउँसो वैरीतर्फबाट छुटिरहेको गोलीको पर्वाको वास्तै नराखी घाइते अंग्रेजलाई बोकेर लड्दै र पछारिंदै सकुशल आफ्नो शिविरमा आइपुगे। स्वयं घायल भएर पनि आफ्नो पक्षको सिपाहीलाई बचाउन उनले गरेको यो अद्भुत कर्म अरू सिपाहीहरूका निम्ति सैनिक कर्त्तव्यपालनको उदाहरण थियो।

यही पल्टनको एक अर्को सिपाही कर्णबहादुर रानाले पनि यस्तै साहस गरेर 'भिक्टोरिया क्रस' पाए। शत्रुहरूका गोलाले आफ्नातर्फका सिपाहीहरू भकाभक मर्न लागेका देखेर वीर कर्णबहादुरले तोप हान्ने ती शत्रुहरूमाथि आफ्नो बन्दूक चलाए। फेरि बम हुऱ्याउने र राइफल लिएका वैरीहरूमाथि पनि उसै गरी गोली चलाएर तिनको तेज घटाए। कप्तान आर० एल० टर्नरले उनको बहादुरीको बयान गर्दै लेखेका छन्—

"हवल्दार-मेजर बुद्धिबल पउटा डाँडोका पाखोमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जर्मनसैन्यको मशीनगन-विभागमाथि वीरतापूर्वक आक्रमण गर्दा मारिए। लेफ्टिनेण्ट वार्टर भि० सी० र हवल्दार बुद्धिवलले छ सिपाही संगमा लिएर शत्रुका मशीनगनमाथि जाइलाग्नुपर्‍यो। उनीहरू शत्रुबाट तीस गज टाढा पुगेका मात्र थिए यत्तिकैमा एक गोलाले बुद्धिबल र उनका सिपाहीहरूको प्राण लियो। लेफ्टिनेण्ट वार्टर गोली लागेको निहुँ पारी भूइँमा लोटेर आगो झैं पोल्ने घाममा छ घण्टासम्म कत्ति पनि नचलमलाई लडिरहे। यसपछि धेरै सिपाहीले मशीनगन खोस्ने उद्योगमा प्राण दिनुपर्‍यो। आखिर लिविसगन लिएका सैनिकहरू आए। उनका नाइकेले शत्रुलाई हात्र बन्दूक सोझ्याए, तर गोली चलाउन नपाउँदै मृत्युको मुखमा परिहाले। वार्टर यी सबै घटना हेरिरहेका थिए।

ती अगुवाका पछि कर्णवहादुर राना नामको एक पुड्के सिपाही थिए। उनले मरेको अगुवाको लाश घचेटेर मशीनगन चलाउने शत्रुमाथि गोलीको पर्रा छोडी ती सवैलाई भकाभक मार्न लागे। यसै बीचमा उनको बन्दूक बिग्र्यो र गोली चल्न सकेन, तर कर्णवहादुर कत्ति पनि आत्तिएनन् बन्दूकको कसर हटाएर उनी फेरि गोली चलाउन लागे। उनको यो प्रशंसनीय बहादुरी बिचरा बुद्धिवलले देख्न पाएका भए कति खुशी हुने थिए।

यति गरेर शत्रुका गोलीवर्षाको रत्तीभर पनि डरै नमानी दुइ चार सिपाही साथमा लिएर शूरा कर्णबहा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर लुक्तै र लड्दै शत्रुको मशीनगन खोस्न पुगे। यो दिन उनले असाधारण वीरता देखाएर बहादुर सिपाहीले गर्नुपर्ने कर्तव्यको पालन गरे।"

प्रथम बटालियन नवौं गोरखा राइफलसको ११७५ नम्बरका हवल्दार कर्णबहादुर खत्रीले संवत् १९७२ माघ ३ गतेमा अरबीहरुको एउटा गाउँमाथि आक्रमण गर्दा उत्कृष्ट शूरताको कार्य गरेर "इण्डियन अर्डर अब् मेरिट्" को द्वितीय श्रेणीको तक्मा पाए। उनले प्रथम पंक्तिका साथ आफ्नो मशीनगनको उपयोग गरेर ५०० गज टाढा टाइग्रिस नदीको बायाँ किनारमा उभिएका दुश्मनहरुमाथि यस्तो झमटसँग आच्छादक गोलीवर्षा शुरु गरें जसले वैरीको गोलीवर्षा शान्त पार्न धेरै मदद भयो। यसरी उनले मित्रपक्षका सैनिकलाई हरापरा खनिएको खाईमा खुट्टा अड्याउन समर्थ गराए। यसै अवसरमा उनको मशीनगनले काम दिन छोड्यो, तर भीषण अग्निवर्षाको मध्यमा विपत्तिलाई अति तुच्छ मान्दै उनले त्यसको मरम्मत गरे। पहिले पनि फ्रान्समा अनेकौं अवसरमा मशीनगनको उपयोग गर्नु पर्दा उनले यस्तै झमट देखाएका थिए।

शत्रुले पनि मित्रका समान जसको सहानी गरे त्यो नेपाली फौजको प्रताप थियो। यो महायुद्धमा नेपाली सैन्यको अद्भुत पराक्रम देखेर छक्क परेका जर्मन-सम्राट् कैसर विलियम द्वितीयले यो उद्गार निकालेका थिए—

"म मेरा प्यारा फौजलाई सँसारको अरू कुनै देशका फौजसँग लडाउन किञ्चिन्मात्र डर मान्दिन; तर गोरखा सैन्यको नाम सुन्दैमा मेरो मुटु काँप्दछ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संवत् १९७५ को मार्गशीर्ष महीनामा यो महासमर सकियो। पाँच वर्ष चलेको यस युद्धमा ठाउँ ठाउँमा भएका भयङ्कर घमासानमा वीरता देखाएर स्वदेश आउन लागेका वीर गोरखाली सेनाको वर्मामा स्वागत गर्दा उहाँका तत्कालीन गभर्नर श्री मान् हारकार्ट वट्लरले भनेका थिए—

"यो लडाइँमा अत्युत्तम सेवा गर्ने वहादुर सैन्यको वर्मामा स्वागत गर्ने पहिलो अवसर पाएकोमा म आफूलाई धन्य सम्झन्छु। तिमीहरूको सेवाकार्यको विवरण खूब राम्रो छ, तर हानि पनि उत्तिकै ज्यादा भएकोमा अफसोस छ। युद्धको शुरूमा इजिप्ट पुगेर टौसमको लडाइँमा तिमीहरूले उत्तम कार्य गर्‍यौ र स्वेज नहरका निम्तिको पहिला आक्रमणलाई सफलतापूर्वक हटायौ। फेरि दर्दानियाल पुगेर गथालीपोली प्रायःद्वीपमा भएका सबै साहसिक शुरू लडाइँमा हिस्सा लियौ। आषाढको १२ देखि १६ गतेसम्मको क्रिथियाको आक्रमण, श्रावण २२ देखि २८ सम्म सारीमा र सोही महीनाको ५ गतेका दिन सुवला खाडीमा ओल्हेनाको निमित्त सैनिक प्रगमनमा तिमीहरूले विशेषरूपमा आफ्नो पराक्रम देखायौ। फेरि ५ गते मार्गशीर्षको भयङ्कर हिमवर्षामा तिमीहरूले ठूलो क्षति सहनुपर्‍यो, जसमा ४०० मानिस कठाङ्ग्रिएर मरे। तिमीहरूको सहायताका निमित्त रमजान जहाजबाट एक सैन्य पठाएको थियो, तर टारपीडोले त्यो जहाज डुबायो र त्यहाँ पनि तिमीहरूको ठूलो हानि भयो। अन्त्यमा तिमीहरू मेसोपोटेमिया गयौ र त्यहाँको लडाइँमा अत्यन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तम औ लाभदायक काम गऱ्यो। शुरूदेखि अन्त्यसम्ममा छ अंग्रेज र ना गोरखाली अफिसरसमेत तिमीहरूका ११५० मानिस मरे। यो हानिमा अफसोस मान्दा तिमीहरू तिम्रा मरेका र घायल भएका साथीहरूले गोरखाली सैन्यका निमित्त भारतीय सैन्य र गोरखाली जातिको अस्तित्व रहेसम्म कहिल्यै नबिर्सिने गौरवपूर्ण विवरण खडा गरिदिएकोमा गर्व गर।"

सर्वत्र शान्ति स्थापित भएपछि सहायतार्थ आएका मित्रराष्ट्रका सैनिकहरूलाई बिदा गर्न दिल्लीमा भएको सैन्यबिदाइ-प्रदर्शनीमा भारतवर्षका तत्कालीन राजप्रतिनिधि चेल्मसफोर्ड महोदयले जनरल श्री बबरशमशेर जङ्गबहादुर राणालाई सम्बोधन गरेर भनेका थिए—

"यो विजयमा आफ्नो सहयोगका निम्ति भारतवासी पनि गर्व गरून् र भारतीय सैन्यको कुनै विभागले गोरखालीहरूको भन्दा बढ्ता सहायता दिएको छैन। फ्रान्समा, मेसोपोटेमियामा, इजिप्टमा, पेलेस्टाइन र सालोनिकामा हजूरका देशबान्धवहरूले अरूलाई स्वयं गौरवशाली बनाएका छन् र लडाइँमा स्वजातिको परम्परागत विशाल कीर्तिलाई योग्यरीतिले कायम राखेका छन्[१]।"

त्यस कालमा नेपालमा ब्रिटिश राजदूत भएर बसेका कर्णेल केनिअनले भनेका थिए—

"भारतीय सैन्यका गोरखा फौजले—चाहे ती

१ लॉयल रूलर्स एण्ड लीडर्स अव् द इस्ट'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युद्धको पहिले भर्ना भएका हुन् अथवा महाराजबाट खास लडाइँका निमित्त पठाइएका हुन्—संसारमा जतातते लडे औ साहस र आत्मबलिदानसम्बधी स्वजातिको विपुल कीर्तिलाई यथाशक्ति कायम राखे[१]।"

हुन पनि हो, गत महासमरमा गोरखालीहरू कहाँ पुगेका थिएनन् र ? जहाँ जहाँ शत्रुहरू बलिया थिए, उहाँ उहाँबाट तिनीहरूलाई छिन्नभिन्न गर्न गोरखाली बहादुर नै पुगेका थिए। त्यस समयमा फ्ल्याण्डर्सको धापमा, फ्रान्सको मैदानमा, मिश्रको मरुभूमिमा र पर्सियन गिलानका जङ्गलमा सर्वत्र पुगेर नेपालका वीर सन्तानले आततायीहरूका मनमा नेपाली वीरताको कहिल्यै नमेटिने छाप लगाए।

महासमरको अवसरमा नेपाली सैनिकको चरित्र, साहस र युद्धकौशलको राम्ररी अध्ययन गरेर एक अंग्रेज सज्जनले लेखेका छन्—

"हाम्रा समयमा पूर्वदेशका कुनै लडाका जातिले गोरखालीको बराबर सुख्याति कमाउन सकेको छैन। त्यो जाति परम साहस र युद्धनिपुणता दुवै कुरामा उत्तिकै प्रख्यात छ[२]।"

लडाइँमा गोरखालीहरूको निर्भीकता देखेर एड्मण्ड क्याण्डलरले लेखेका छन्—

"मुर्मुरिनु कुनै सिपाहीको स्वभाव होइन। धैर्य र सहनशीलता सबैका हकको हो, तर हर्ष उल्लास त

---

१. पर्सिवल ल्याण्डन कृत 'नेपाल' भाग १, पृष्ठ १५८।
२. "लॉयल रूलर्स एण्ड लीडर्स अव् द इस्ट'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरखालीमा नै ज्यादा देखिन्छ। उसलाई हानेको गोला नलाग्दा उ यान्ट्किस्को जसरी हाँस्तछ र आफ्नो भाग्यमा कहिल्यै निराश हुँदैन।',

लन्डनको प्रसिद्ध समाचारपत्र 'द टाइम्स' ले गोरखाली सेनाका पराक्रमको सबै समाचार पाएर "हिस्ट्री अव् द ग्रेट वार" नामक पुस्तकमा लेखेको छ—

गोरखालीहरूका यस्ता उज्ज्वल र जङ्गी पराक्रमका काम र तेजोमय चरित्रलाई हामी मामुली कुरा सम्झन सक्तैनौं। फिक्का हरियो रङ्गको जङ्गीपोशाक लगाएका र भरखर कार्टरमास्टरको भण्डारबाट निस्केर आएका जस्ता सबै एकैनासे देखिने गोरखा राइफल्सको दश पल्टनका वलिया सैनिकहरूलाई शायद अन्य कुनै सैन्यका उनीहरूकै जस्ता दश फौजले लड्ने गुणमा जित्न सक्तैनन्।"

वजीरिस्थानका पहाडमा—

यूरोपीय महासमरमा भारतवर्षका तालीमी फौजले समुद्रपार जानुपरेको थियो। त्यो अवस्थामा भारतवर्षको रक्षा गर्न नेपालबाट पूरा तालीम पाएका सोह्र हजार पाँच सय चवालीस सैनिक गएका थिए।१८७४ सालमा अफगानिस्तान र भारतवर्षको सीमानामा वस्ने मासुद पठानहरूले भारतको सीमाभित्र पसेर लूटपीट मचाउन थाले अनि भारतसरकारका अनुरोधले नेपालका दुइ पल्टन—महीन्द्रदल र शेरदल—मासुदहरूको दमनका निमित्त खटिए। त्यो लडाइँमा श्री कम्माण्डर-इन-चीफ जनरल पद्मशमशेर जङ्गबहादुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राणा र श्री पू० क० ज० बबरशमशेर जङ्गबहादुर राणाबाट देखाइएको कष्टसहिष्णुता तथा कठिन परिश्रमको तारीफ उनीहरूका साथ काम गर्ने सौभाग्य पाएका अंग्रेज जनरलहरूले मुक्तकण्ठले गाएका छन्। त्यो युद्धमा नेपाली सैन्य विशेषतः महीन्द्रदल पल्टनले हैडरकचू र अर्को एक टिप्पा लिन देखाएको प्रचण्ड पराक्रमले सबै चकित भएका थिए। नेपालका ती प्रशंसनीय वीरहरूले सीमान्तको त्यो नाङ्गो, उराठ लाग्दो, पानीको दुःख भएको, असह्य गर्मी र अत्युग्र जाडो हुने पहाडी प्रदेशका दुर्दमनीय डाँकूहरूको रास्त्रीदमन गरी दुःसाध्य कर्मलाई साध्य गरेर देखाए। नेपालीहरूको त्यो वीरताले चिढेका पठानहरू अद्यावधि गोरखालीलाई देखिसहँदैनन्। त्यो काण्ड 'वजीरिस्थानको युद्ध' का नामले विख्यात छ।

यूरोपको लडाइँ सकिएको थियो। गोरखाली सैन्य माघ निकल्दोतिर स्वदेशतर्फ फर्किसकेका थिए। कैयन् पल्टन अझ द्वीपान्तरमै थिए। पाँच वर्षको महायुद्धले थकित आधा संसार विश्राम लिन पाएर सन्तोष मानिरहेको थियो। घरबिदा पाएर गएका सिपाहीहरू आफ्ना परिवारलाई लडाइँमा भएका रोमाञ्चकारी घटनाहरूको बयान सुनाउँदै थिए, यसै बीचमा भारतवर्षको पश्चिमोत्तर दिशामा लडाइँको बादल उठ्यो र अकस्मात् वर्षन लाग्यो। अफगानिस्थानका नवयुवक अमीर अमानुल्लाखानले सीमाप्रान्तमाथि चढाइँ गरेका थिए। अफगान सैन्यका तोप र बन्दूकका गड्याङ्गुडुङ, भालाको चमचमाहट र तरवारको झनझनाहटले सम्पूर्ण भारतवर्षमा सनसनाहट र एक प्रकारको आतङ्क फैलिएको थियो। भारत-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरकारले यत्रतत्र छरिएका सैनिकहरूलाई पुनः एकत्रित गर्ने समय नै पाएको थिएन। भारतवर्ष सङ्कटमा परेको देखेर श्री ३ महाराज चन्द्रशमशेर जङ्गबहादुर राणाले फेरि नेपालबाट सहायता पठाउने निश्चय गरे, भारतसरकारले पनि नेपालको मदद नलिई गत्यन्तर नै थिएन। त्यो परिस्थितिमा भरतवर्षको सहायतार्थ सैन्य पठाउन सजिलो थिएन,तर लडाइँको प्रश्न उपस्थित भएको मौकामा गोरखालीहरू प्रफुल्लित चित्तले लड्न तत्पर हुन्छन् । संवत् १९७१ को जेष्ठ २० गतेका दिन २००० नेपालीहरूले कम्याण्डिङ्ग जनरल श्री पद्मशमशेर जङ्गबहादुर राणाको मातहतमा भारतको वायव्य सरहद्को रणक्षेत्रमा जान प्रस्थान गरे । त्यससंग्रामका निमित्त ठूलो सैन्य खडा गर्न नेपालले नयाँ भर्ती शुरू गरेको थियो, तर त्यो लडाइँ जति चाँडो प्रारम्भ भएको थियो उति चाँडो सकियो र तीनै महीनापछि नेपाली वीरहरू स्वदेश फर्के। त्यो लडाइँमा—जतिसुकै लामोभए पनि अन्त्यसम्म मदद गर्ने नेपालले निश्चय गरेको थियो। भाग्यवश युद्ध शुरू हुनाका साथ सकियो पनि, तर त्यसको संक्षेपले थकित र शून्यताको हालतमा सहायतार्थ तत्पर भएको नेपालको गौरव न्यून हुन सक्दैन।

यस प्रकार अंग्रेजहरूको कथनानुसार संसारको इतिहासमा भएको प्रथम महासमरमा वीर नेपालीहरूले सर्वत्र उग्र पराक्रमसित लडेर मित्रपक्षलाई विजयी र आफूलाई भूमण्डलका सबै जातिबाट प्रशंसित गराउँदै आक्रमणकारीको डरले अधीर भएको संसारलाई शान्तिको दिव्य सन्देश सुनाएर मात्र पुनः स्वदेशमा पदार्पण गरे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आठौं परिच्छेद

द्वितीय महासमरमा

"त्यो खँदिलो जीउ र पुड्के शरीरको निडर गोरखाली सिपाही एक आदर्श सैनिक छ। लडाइँ खेल्नमा गोरखालीको बराबर कोही छैन।"

—पं. रुद्रदत्त पन्त।

यूरोपको प्रथम महासमर शान्त भएको २० वर्षपछि राज्यविस्तार-लोलुप राष्ट्रहरूले फेरि शिर उठाए। गत महासमरमा पराजित भएको जर्मनी फेरि शक्तिशाली भएर छिमेकका साना निर्बल राज्यहरू हस्तगत गर्न लाग्यो र परिणामस्वरूप संवत् १९९६ मा संसारको द्वितीय महायुद्धको सूत्रपात भयो। वर्तमान युद्धमा पनि नेपाल हात बाँधेर बसेको छैन। यस देशका बहादुर सिपाहीहरू आफ्ना परम-प्रिय श्री ३ महाराज जुद्धशमशेर जङ्गबहादुर राणाबाट हुकुम पाएर संवत् १९९६ देखि १९९९ सम्म उत्तरतर्फका कम्याण्डिङ जनरल श्री बहादुरशमशेर जङ्गबहादुर राणाको नायकत्वमा र तत्पश्चात् लेफ्टिनेण्ट जनरल श्री कृष्णशमशेर राणाको नेतृत्वमा भारतवर्षको रक्षा गरिरहेका छन्।

नेपालीहरूले यो महासमरमा इजिप्ट, सुदान, इरिट्रिया, अबीसीनिया, सीरिया, इराक, इरान, बर्मा र सिङ्गापुर आदि स्थानमा बहादुरीले लडेर कैयन् गौरवपूर्ण विजय पाएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दोस्रो महासमरका निम्ति नेपाली वीरहरूको प्रस्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आठौं परिच्छेद

द्वितीय महासमरमा

"त्यो खँदिलो जीउ र पुड्के शरीरको निडर गोरखाली सिपाही एक आदर्श सैनिक छ। लडाइँ खेल्नमा गोरखालीको बराबर कोही छैन।"

—पं. रुद्रदत्त पन्त।

यूरोपको प्रथम महासमर शान्त भएको २० वर्षपछि राज्यविस्तार-लोलुप राष्ट्रहरूले फेरि शिर उठाए। गत महासमरमा पराजित भएको जर्मनी फेरि शक्तिशाली भएर छिमेकका साना निर्बल राज्यहरू हस्तगत गर्न लाग्यो र परिणामस्वरूप संवत् १९९६ मा संसारको द्वितीय महायुद्धको सूत्रपात भयो। वर्तमान युद्धमा पनि नेपाल हात बाँधेर बसेको छैन। यस देशका बहादुर सिपाहीहरू आफ्ना परम-प्रिय श्री ३ महाराज जुद्धशमशेर जङ्गबहादुर राणाबाट हुकुम पाएर संवत् १९९६ देखि १९९९ सम्म उत्तरतर्फका कम्या-ण्डिङ जनरल श्री बहादुरशमशेर जङ्गबहादुर राणाको नायकत्वमा र तत्पश्चात् लेफ्टिनेण्ट जनरल श्री कृष्णशमशेर राणाको नेतृत्वमा भारतवर्षको रक्षा गरिरहेका छन्।

नेपालीहरूले यो महासमरमा इजिप्ट, सुदान, इरिट्रिया, अबीसीनिया, सीरिया, इराक, इरान, बर्मा र सिङ्गापुर आदि स्थानमा बहादुरीले लडेर कैयन् गौरवपूर्ण विजय पाएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोस्रो महासमरका निम्ति नेपाली वीरहरूको प्रस्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन्। उनीहरूकै प्रबल पराक्रमले अफ्रिकामा इटाली साम्राज्यको अस्त भयो। उनीहरूले छिमेकका साना र गरीब राष्ट्रहरूलाई अनन्त बलसम्पन्न आक्रमणकारीहरूको घुर्की, आक्रमण र अत्याचारबाट बचाएका छन्।

नेपालका योद्धाहरूले हरएक युद्धमा आफू र आफ्नो मातृभूमिलाई इज्जत र गौरवको दोसल्ला ओढाएका छन्। वर्तमान लडाइँको नवीनतम साधनहरूको सम्मुख र धेरै प्रतिकूल अवस्था तथा अनभ्यस्त परिस्थितिमा उनीहरूले उचित साहस र सहिष्णुता देखाएर स्वदेशको साङ्ग्रामिक कीर्तिलाई झन् बढाएका छन्।

यो द्वितीय महासमरमा नेपालका वीरपुङ्गवहरूले महान् बुद्धिमान् र बलिया मानिएका दुइ नयाँ राष्ट्रको सामना गर्नुपर्‍यो। ती दुइ राष्ट्र हुन् इटाली र जापान। संवत् १९७१-७४ को महायुद्धमा ती दुवै राष्ट्र मित्रपक्षमा थिए। आजको २-३ वर्षअगि रोम-बर्लिन टोकियोको त्रिगुटदेखि संसारका सबै राष्ट्र कति भयभीत थिए सो सबलाई विदितै छ। पश्चिममा चमत्कारिक रूपले यूरोपको अधिकांशमा जर्मनीको प्रभुत्व स्थापित हुनु र पूर्वमा जापानले अगाडि बढ्दै आएर अजेय दुर्ग मानिएको सिङ्गापुरलाई केही दिनको युद्धमा जितेर ब्रह्मदेशपर्यन्त कब्जा गर्नु, यी दुइ घटनाबाट ती दुवै राष्ट्र कति शक्तिसम्पन्न रहेछन् त्यसको अनुमान गर्न सकिन्छ। तर यो महायुद्धमा अजेय जस्ता देखिने ती दुवै राष्ट्रका सैन्यको मान-मर्दन गर्ने प्रतिष्ठा भारतीय र गोरखाली सैन्यले नै पाए, यो अति हर्ष र गौरवको कुरा छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरी अफ्रिकामा ट्युनीसिया जितेपछि जयलक्ष्मीले ब्रिटिश र उसका मित्रराष्ट्रको पक्ष लिइन्। यसको सारा श्रेय भारतीय आठौं पल्टनले पाउँछ, जसमा गोरखाली सैनिक पनि छन्। ती बहादुरहरूले आफ्नो प्राणको आहुति दिएर अफ्रिकामा मित्रपक्षको शिर ठाडो गराए। मृतप्रायः साम्राज्यलाई सञ्जीवनी पिलाएर शत्रुद्वारा कुल्चिनुबाट बचाए। निराशामा आशाको सञ्चार गरे, मुर्दामा नयाँ प्राण हाले। हतोत्साह हुन लागेको मित्रपक्षमा नयाँ जोश, स्फूर्ति, उमङ्ग, पैदा गरिदिए। यूरोपीय जातिको सिवाय अरू कुनै जातिको प्रशंसा गर्न नजानेका कट्टर विदेशीहरू पनि ती वीरहरूको वीरताका सामुन्ने शिर निहुराउन लाचार भए। साँचै भनौं भने, सिक्खको चक्र र कृपाण, मराठाको बाघनख, राजपूतको तरवार र गोरखालीको चमचमाउँदो खुकुरी र यी सबभन्दा बढ्ता निडर मुटु, चौडा छाती, अद्भुत साहस, बलभद्र कुँवरको जस्तो धैर्य र पराक्रम तथा अमरसिंह थापाको जस्तो रणकौशलका सम्मुख ठूला ठूला तोप र बन्दूक, भयङ्कर ट्याङ्क र बमवर्षक सबैका तेज मलिन भए, सबै बेकम्मा भए। आर्यवीरका सामुन्ने गर्वित शत्रुले खुट्टा अड्याउन सकेनन् र पछि हटे, आत्मसमर्पण गरे, हतियार राखिदिए। अफ्रिकामा गोरखालीहरूले लडेको वर्णन सरकारी विज्ञप्तिमा यस प्रकार गरेको छ।

जेबेल गार्सी–अफ्रिकामा—

"संवत् २००० को वैशाख ६ र ७ गतेका बीचको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रातमा पांचौं भारतीय पैदल सेनाले (जसमा गोरखालीहरू पनि थिए) जेबेल गार्सीमा आक्रमण गरेको थियो। आठौं सैन्यले बढ्नुपर्ने एनफिडाविलेको पश्चिमको विस्तृत मैदाननेर पहाडहरूको यो श्रेणी खडा छ। उच्चभूमिमा जर्मन र इटालियन सैन्यले फौजी चौकी राखेर मित्रसैन्यको गतिविधिमा बाधा खडा गरेका थिए, तर भारतीय सैन्यले त्यो पर्वतश्रेणीमा अचानक धावा गरेर आफ्नो खुट्टा अड्यायो। नयाँ अधिकार गरेका स्थानमा शत्रुले भयङ्कर प्रत्याक्रमण र जोरदार गोलाबारी गर्दा पनि भारतीय सैन्यले त्यो ठाउँ छोडेन। पछि सहायता पनि आइपुग्यो।"

यो युद्धमा भारतीय सेनाको एक प्रेक्षकले गोरखाली सेनाको वीरताको बयान गर्दै लेखेको छ—

'एक ब्रिटिश रेजमेण्टले ब्लिडा पहाडमा अधिकार जमाएको थियो। यो सफलताबाट लाभ लिन गोरखालीहरूलाई रातको समयमा अगाडि बढेर सूर्योदय हुनुभन्दा पहिले एक उच्च स्थान "प्वाइण्ट ३०" कब्जा गर्ने आदेश दिइयो।"

रातका समयमा खूब तेजीले गोली चलिरहेका थिए। मशीनगनबाट पनि आगोको वर्षा भइरहेको थियो, तैपनि गोरखालीहरू लक्षित स्थानमा पुगिहाले। उहाँ पुगेपछि नेपालका योद्धाहरूले शत्रुको प्रबल विरोधको सामना गर्नुपर्‍यो, भीषण हातापाई शुरू भयो। गोरखालीहरूले खुकुरी झिकेर आक्रमण गरे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो सैन्यको नायक जमादारले शत्रुको तात्कालिक प्रत्याक्रमणको वेग सहनुपर्‍यो । उसले सिंहासमान पराक्रम देखाएर खुकुरीको प्रहारले चार जर्मन सैनिकलाई मारी बाँकी शत्रुलाई भगायो ।

यसै मौकामा अर्को गोरखाली कम्पनीले उस्तै हातापाइ गरी "प्वाइण्ट ३३०" को दक्षिण-पश्चिमका शेष पहाडमा कब्जा गर्‍यो । दलका दुवै नेता घायल हुँदा पनि मातहत नायकले आफ्नो नेतृत्वमा पल्टनलाई शत्रुबाट अधिकृत स्थानतिर बढायो । उहाँ पुगेर गोरखालीहरूले फेरि खुकुरी झिकी जर्मन सैनिकलाई मूला काटे झैं काट्न थाले । गोरखाली खुकुरीको तीक्ष्ण धारबाट बच्ने आशा नदेखेर बाँकी सैनिकहरूले सुइँकुच्चा ठोके । यति गरेर गोरखालीहरूले विश्राम लिए । जर्मनहरूको आर्त्तनाद सुनेर उनीहरू मुसुमुसु हाँसिरहेका थिए ।

सूर्योदय भएपछि 'ए' र 'डी' दल बसेको ठाउँमा फेरि घनघोरसँग गोला बर्सन लाग्यो र जर्मनहरूले प्रशस्त संख्यामा ती दुवै दलमाथि आक्रमण पनि गरे । खूब छिटो भइरहेको गोलाबारीले गोरखाली सैनिकहरूलाई आश्चर्य गरायो, तर उनीहरू आफ्नो स्थानबाट एक पाइला पनि हटेनन् । उनीहरूले पहिले जर्मन-सैन्यलाई बढ्न दिए अनि नगीच पुगेपछि खुकुरीले खूब राम्रो स्वागत गरे । यो हातापाईमा चालीस जर्मन मारिए, बाँकी अन्दाजी साठी सिपाही रणक्षेत्रबाट भागे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो सेनाको अधिनायक कर्णलले पछि त्यस ठाउँमा पुगेर हेर्दा सिपाहीहरूका संख्या केही घटेको र दललाई सुसङ्गठित तथा विश्वासपूर्ण पाए। एउटा जमादारले अगि सरेर भन्यो—"साहेब ! यहाँ खुट्टा अड्याउन नपाउँदै हामीले शत्रुलाई भगायौं। अब हामीलाई यहाँबाट हटाउन कोही सक्तैन।"

यही संघर्षमा एक गोरखाली युवा लान्सनायक एक बन्दूकधारी सिपाहीले शत्रुको एक मशीनगन-चौकीमा अधिकार जमाए।

उत्तरी अफ्रिकाको विजयी कमानका साथमा रहेको भारतीय सैन्यको एक अन्य प्रेक्षकले पठाएको एक समाचारबाट खुकुरी चलाउनामा नेपालका सन्तानको कुशलता र लोकप्रियताको पत्ता लाग्दछ, जो यस प्रकार छ—

"गोरखाली सैन्यले युद्ध गरेको अनेक स्थानमा मैले जर्मनहरूको लाशमात्र देखें, ती जर्मनमाथि गोरखालीहरूले खुकुरीको बडो सफल प्रहार गरेका थिए। रातभरको गोलाबारी र गोरखाली सैन्यको आक्रमणपछि बिहानै मैले जर्मन कैदीहरूलाई डरले थर्थर काँपिरहेका देखें।"

मक्नासीनेरको युद्धमा—

उत्तरी अफ्रिकाको ऐतिहासिक लडाइँमा गोरखाली सैन्यको निर्णयात्मक भाग रहेका छ। पहिला झमटमा शत्रुको सम्मुख परेर उनीहरूको तेज घटाउने अभिभारा गोरखालीहरूले नै पाएका छन् र यो कठिन कर्मलाई ती वीरहरूले कुन पराक्रम र साहसले पूरा गरे त्यसको आभास मक्नासीनेरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको युद्धबाट पाइन्छ ।

आनन्दसाथ गीत गाउँदै रनाम्लो लाएर डबल भारी बोकेका गोरखाली सैनिक, जसको पर्वतमय प्रदेशको ऐतिहासिक आक्रमणमा आठौं सेनाको सफलतामा निश्चयात्मक भाग थियो, पाखाको सैनिक बाटोमा ओर्ले । अमेरिकन सैन्यमा मिल्न मक्नासीतर्फ बढिरहेका आठौं पल्टनका सैनिकहरूले ती पुड्काहरूलाई ठूलो काम सुम्पे, किनभने सबैलाई उनीहरूका साहसिक कर्मको ज्ञान थियो । एउटा गोरखाली दल २५ फुटको समकोणगामी उकालोमा नपुगेसम्म अविरत गोलीवर्षाको बीचबाट बढ्दै गयो । माथि बसेको एक इटालियन सैनिकले 'इङ्ग्लीश' 'इङ्ग्लीश' भनेर कराएको सुनियो र जब एक गोरखाली उसको नगीच पुग्यो, उसको चिच्याहट गलगल स्वरमा थामियो ।

त्यसपछि एक अफिसर भन्छ–गोरखालीहरूले गन्ध पाएर झम्टेका शिकारी कुकुरका समान, बाहिरका सैनिक स्थानहरू जितेर भयाकुल इटालियनहरूमाथि वैरिंदा चारैतिरबाट उत्तेजित खासखुस सुनियो । यो संग्राममा शत्रुले पैराशूटबाट खसालेका ज्योतिले अँध्यारोमा भाग्न लागेका इटालियन सनिकहरूलाई देखाएर उनीहरूकै नाश गर्न धेरै मदद गऱ्यो । दुर्भाग्यवश शिखरभुनिको गड्ढरमा बसेको मित्रपक्षीय सैनिकहरूको वासस्थानमा गोलाको सोझो निशाना लागेकोले बेतारबाट खबर पठाउने सबै साधन नष्ट हुँदा गोरखालीहरूले धेरै समयसम्म कुनै समाचार नपाई काम गर्नुपऱ्यो ।

यो पहाडी प्रदेशमा फेरि अधिकार जमाउन जर्मनी पैदल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सैन्यले तीन पटक धावा गऱ्यो तर सफल हुन सकेन। पछिल्लो धावामा जर्मन-सैन्य साहसपूर्वक अग्निवर्षाको बीचबाट एउटा भीरमा चढ्यो । फलामको (क्रस) लाएको एक तरुण जर्मन अफिसर माथि शिखरसम्म पुग्यो र साथीहरू आइनपुगेसम्म गोरखालीहरूको गोलीवर्षालाई छेक्न एउटा मशीनगन लिएर आयो। राइफल लिएको एक तरुण गोरखालीले उसलाई देख्यो र मार्ने उद्देश्यले एक्लै दौड्यो। यो गोरखाली सैनिकले चूलीसम्म पुगेका अरू दुई जर्मनलाई पनि माऱ्यो यसपछि जर्मनहरूले माथि चढ्ने साहस गर्न सकेनन् ।

गोरखालीहरूले करीब करीब सबै युद्धसामग्री खर्च नगरेसम्म पर्खेर दुराग्रही जर्मनहरूले फेरि आसाहीन तर साहसिक चढाइ गरे । चुलीमा बसेका नेपालका बहादुरहरूले घातक अग्निवर्षा कायमै राखेका थिए। यही अवसरमा मित्रपक्षको तोपवाहिनीले गोरखालीहरूलाई सङ्कटापन्न देखेर जर्मन-आक्रमण भङ्ग गर्न भयङ्कर गोलाबारी शुरू गऱ्यो । यो गोलाबारीमा अड्न नसकेर वैरीहरू भागे ।

यसरी यो पहाडी लडाइँमा नेपालीहरूको साहस र शूरताले मित्रपक्ष विजयी भयो । अन्दाजी ३००० प्रतिपक्षी मारिए।

ट्यूनिसियाको युद्धस्थलमा—

आज संसार मुक्तकण्ठले नेपालीहरूको असाधारण बहादुरीका कार्यको प्रशंसा गरिरहेछ । इराक, इरान, सीरिया र अफ्रिकाको प्रत्येक रणक्षेत्रमा हाम्रा बन्धुहरूले प्रबल पराक्रम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमित साहस,कुशाग्रबुद्धि र उत्तम सैनिक योग्यताको परिचय दिएका छन् । संसारका विभिन्न रणभूमिमा भएका महान् महान् संग्राममा विजयी भएर उनीहरूले अक्षय कीर्ति कमाएका र मातृभूमिको यश र गौरवलाई सम्मानको धेरै अग्लो स्तंभमा स्थापित गरेका छन । ती बहादुरहरूले ट्यूनिसियाको समराङ्गणमा देखाएको शौर्य, अद्भुत धैर्य र अद्वितीय वीरताको वृत्तान्त युद्धको इतिहासका पृष्ठमा सधैँ स्वर्णाक्षरमा चम्किरहनेछ ।

ट्यूनिसिया जितेपछि ब्रिटिश-सम्राट् जर्ज षष्ठ अफ्रिका गएका थिए। उहाँ उनले सम्पूर्ण सैन्यको निरीक्षण गर्दा विजयी भारतीय चौथा डिभीजनको तारीफ गरे। यही डिभीजनको गोरखाली वीर सुबेदार लालबहादुर थापाको वीरतामा प्रसन्न भएका सम्राट्ले 'भिक्टोरिया क्रस'को पदक प्रदान गरेर उनलाई सम्मानित गरे। सरकारी विज्ञप्तिमा लेखेको छ—

"चारौँ डिभीजनका निम्ति यदि यो अभिमानको समय भए सुबेदार लालबहादुर थापाका निम्ति अभिमानको चरम सीमाको मौका थियो। दोस्रो गोरखा बटालियनको अगाडि मोटर पुगेपछि बादशाह जर्ज मोटरबाट ओर्ले । वादी अकारितको युद्धमा वीरता देखाउनाले 'भिक्टोरिया क्रस' पाएका सुबेदार थापालाई सम्राट्का साम्हुन्ने खडा गराइयो । बादशाहले लालबहादुरको छातीमा तक्मा झुण्डाएर तिमीले बहादुरीको काम गरेका छौ, मलाई 'तिमी जस्ता सिपाही पाएकोमा अभिमान छ' भन्दै हात मिलाए ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुबेदार लालबहादुर थापाले संवत् १९९९ को चैत्र २३ गतेको रातो ट्युनिसियाको समरभूमिमा अद्भुत वीरता देखाएका थिए। त्यस वेला उनले दुई सैन्यदलको नेतृत्वको भार लिएका थिए। उनलाई मित्रराष्ट्रका सैन्यले रास-अल्-जूडीनामक पहाडमाथि पुग्न सक्ने एक मात्र दुस्तर मार्गमा अधिकार जमाउन आदेश दिइएको थियो। बगरैबगर हिंडेर त्यो पहाडसम्म पुग्ने सङ्कीर्ण स्थानमा शत्रुले अनेक विमानभेदी तोप र मशीनगनहरू राखेका थिए। स्थितिको राम्ररी विचार गरेर मातहत सेनाका साथ लालबहादुर साहसपूर्वक अगाडि बढे। शत्रुसँगको पहिलो जुधाइमा उनले साथीहरूसमेत भई आफ्नो राष्ट्रिय हतियार खुकुरीद्वारा वैरीहरूलाई हैरान गरेर मारे। एवं रीतले एक एक पाइलो जमीनका निमित्त घमासान लडाइँ लड्दै शत्रुको बाहिरी रक्षापंक्तिका सिपाही-हरूलाई मार्दै र घाइते पार्दै ससैन्य उनी चारैतिर अग्ला अग्ला पहाडले घेरिएको मैदानमा पुगे।

सेनासमेत लालबहादुरलाई मैदानमा आइपुगेको देखेर शत्रुहरूले पहाडमाथिबाट गोलाबारी शुरू गरे। अब अगाडि बढ्न झन् मुश्किल भयो, तर गोरखाली वीर रोकिएनन्। उनी साथीहरूलाई उत्साहित गर्दै अप्रतिहत गतिले बढ्दै गए। शत्रुको मशीनगनबाट प्रलयकारी आगो बर्सिरहेको र हातेबम असिना जस्तै खस्न लागेका थिए। यस्तो चाल डरलाग्दो स्थितिमा छिनभर पनि नअडेर वीर लालबहादुर मातहत सैन्यसहित सैनिक गतिविधिका निमित्त बिलकुल थोरै ठाउँ भएको साँगुरो बाटोमा पुगे। अब उनी अकेला अगाडि बढे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाटोमा शत्रुका दुई सिपाहीलाई खुकुरीले र दुईलाई रिवल्व-रले यमपुरी पठाएर लालबहादुरले फेदीमा पुग्ने बाटो समाते। उनलाई यसरी बढ्दै आएको देखेर शत्रुहरूले विजयको आशा छोडी शीघ्रतापूर्वक धेरै संख्यामा बम बर्साउन थाले, तर बहादुर सुबेदारको गति रोकिएन। उनी राइफलधारी दुई सैनिकका साथ लक्षित स्थानमा पुगि नै हाले। फेदीमा पुगेर उनले फेरि दुई सिपाहीको वध गरे। उनका साथीहरूले पनि दुई शत्रुसैनिकलाई मारे। यसपछि बहादुर गोरखाली सुबेदारसित लड्ने हिम्मत गर्न नसकेर दुश्मनहरू कुलेलम ठोके; पहाडमाथि मित्रपक्षको विजय-ध्वज फर्फराउन लाग्यो। यी वीर लालबहादुर थापा नेपाल-राज्यान्तर्गत बागलुङ जिल्लाको थानथाप गाउँका बासिन्दा हुन्।

इटालीको रणक्षेत्रमा—

संसारले नेपालीहरूलाई एक वीरजाति मानेको छ। बहादुरीमा नाम कमाएका अरू जातिले पनि लडाइँमा गोर-खालीका सामुन्ने नतमस्तक हुनुपरेको छ। नाङ्गो खुकुरी हातमा लिएर झम्टने गोरखालीका अगाडि टिक्न सक्ने हिम्मत कसैमा देखिएको छैन। गोरखालीले दापबाट झिकेको खुकुरीको ज्योति देखेर शत्रुका आँखा तिर्मिराउँछन्, सुद्धि-बुद्धि हराउँछ र उनीहरू किंकर्तव्यविमूढ हुन्छन्। इटालीमा भारतीय आठौं सेनाको सँगमा रहेको एक सम्वाददाताले गोरखाली खुकुरीको प्रतापको राम्रो बयान गरेको छ। उसको कथनानुसार खुकुरी भिरेका गोरखालीहरूदेखि जर्मन हवाइ-छातावाल सैन्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि तर्सँदा रहेछन्। क्रे नगाउँको उत्तर-पश्चिममा जर्मन-सैन्यले गोरखाली आक्रमणको सामना खूब दृढताले गरे। रिसले मुर्मुरिएर जर्मनहरूले गोरखाली सेनामाथि प्रशस्त हातेबम र तोपका गोलाहरूको वर्षा गरे, तर नाङ्गो खुकुरी चम्काउंदै आइरहेका नेपाली वीरहरूलाई देख्नेबित्तिकै सुइँकुच्चा ठोके।

ती गोरखालीहरू अंग्रेजी गोलन्दाज र महाराष्ट्रिय सिपाहीहरूलाई संगमा लिएर आक्रमण गर्न गएका थिए। एउटा पहाडको सुरक्षित स्थानबाट शत्रुले गरेको चर्को गोलीवर्षाको समना गर्दै मित्रपक्षको फौज सन्ध्याकालमा त्यो पहाडको फेदीमा पुग्यो। उहाँ पुगेर सिपाहीहरू चिया पिउन लागे, तर जर्मन गोलाले चिया पकाउने भाँडा र कटौराहरू सबै चूर चूर पाऱ्यो, अँध्यारो भएपछि चार सय गज परको लक्षित स्थानमा पुग्न त्यो फौज गुप्त तवरसँग पहाड उक्लन लाग्यो। अग्रगामी सैनिकहरूले शत्रुको खबर पत्ता लगाउनासाथ चर्को हमला गरे औ घण्टौंसम्म उग्र लडाइँ भइरह्यो। दुवै पक्षबाट भयङ्कर मारकाट मच्चिइरहेकै थियो तर गोरखालीहरु अगाडि बढ्नबाट रोकिएनन्। आखिर चम्किला तीक्ष्ण खुकुरी हातमा लिएका बहादुर नेपालीहरू जर्मन सैन्यबाट बीस गज फरकमा आइपुग्दा उद्दण्ड शत्रुहरु भागिसकेका थिए। यो लडाइँमा जर्मनसैन्यले धेरै मानिस र युद्धसामग्रीको हानि सहनुपऱ्यो।

इटालीको रणक्षेत्रमा—

शत्रुको संख्या चौबर र आफ्नो गोला-बारूद सकिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदा पनि चौबीस जना गोरखालीले हातेबम र खुकुरीहरू लिएर सय जर्मन सैनिकमाथि आक्रमण गरी धेरैलाई हताहत पारेर बाँकीलाई धपाए। संवत् २००१ वैशाख २२ गतेका राती शत्रुले अकस्मात् गोला बर्साउन थाल्यो जसका जवाफमा गोरखालीहरूले पनि गोली चलाउन थाले। यसको परिणाममा गोरखालीहरूको गोलाबारूद थोडै नै सकियो र त्यो अवस्था देख्नेबित्तिकै जर्मनहरूको एक दलले उनीहरूको मोहडामा धावा गऱ्यो।

गोरखालीहरूका २२ वर्षीय युवक नेता खड्गबाहादुरले पछाडि हट्नुपर्ने अवस्थामा आफ्नो परम्परागत राष्ट्रिय वीरताले शत्रुसंग भिडिने निश्चय गरे। चौबीसै जना गोरखाली नवयुवकहरूले आफ्ना खल्तीमा हातेबम भरे अनि एक हातमा खुकुरी र अर्कोमा हातेबम लिएर'जय गोरख-काली, आए गोरखाली'भन्ने राष्ट्रिय युद्धघोष गर्दै वैरीमाथि खनिए। दुवैतिरबाट हातापाइ हुन थाल्यो। यसमा धेरै जर्मन मारिए। बन्दूक लिएका सिपाही मनीर थापाले जर्मनदल-नायकलाई मारे। नेता मारिएपछि जर्मनहरू गोरखाली खुकुरीको प्रहार सहन नसकेर भाग्न थाले। भागिरहेका शत्रुलाई निकै टाढा धपाएर प्रसन्नचित्त नेपाली युवक वीरहरू विजय-गीत गाउँदै आफ्नो शिविरमा फर्के।

बाइफर्नोका किनारमा

अरू ठाउँको जस्तै यहाँ पनि बाह्रौं सीमाप्रान्तीय सैन्य र आठौं भारतीय सेनाको साथ पाँचौं गोरखा राइफलसका गोरखाली सैनीकले सबैभन्दा पहिले बाइफर्नो नदी पार गरे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बंगालको सुरङ्गनाशक दलले पुल बनाएर गोरखालीहरूलाई पारीपट्टि पुग्न मदद गरेको थियो ।

बाइफर्नोपछि ड्राइग्नो नदी तर्नु पर्‍यो यो नदी पारी जर्मनहरूको प्रसिद्ध छत्रधर सेनाले तुफिलो गाउँका वरिपरि र मोण्टो फर्रानो नामको करीब पौने सात सय गज अग्लो एक पहाडमा मोहडा कायम गरेको थियो । गोरखालीहरूले घमासान युद्ध गरेर ज्यादै मुश्किलसँग ती दुवै ठाउँमा मित्रपक्षको अधिकार गराए । यसपछि टमीगन पिस्तोल र खुकुरी लिएका नेपाली बहादुरहरूले अरेसामा अधिकार जमाए । उनीहरूले मुखमा खुकुरी च्यापेर अगाडि बढी.जर्मनहरूलाई तिनीहरूको लुक्ने ठाउँबाट पिटेर धपाए ।

टाइबर घाटीमा—

एक भारतीय प्रेक्षकको कथनानुसार इटाली–स्थित प्रसिद्धिप्राप्त भारतीय सेनाको गोरखाली सैनिकहरूले टाइबर घाटीमा जर्मन सैन्यको अनेक भीषण प्रत्याक्रमणलाई दिनको प्रारम्भिक भागमा विफल गरिदिए ।

सिट्टाडि क्यास्टेलोको उत्तर–पश्चिम र सेण्ट मेरिया तथा सङ्गोना पहाडका पूर्वमा शत्रुले प्रचण्ड प्रत्याक्रमण गरे । ती ठाउँहरू भरखर जितिएका थिए । आक्रमणको शुरूमा त गोरखालीहरू पिटिएर धपाइन्छन् कि जस्तो देखिन्थ्यो, तर नेपालका वीर सन्तान, सजिलैसित धपाइने भए आज नेपाल स्वतन्त्र रहने थिएन । नूनको सोझो गर्दै सम्मुख युद्धमा प्राणत्याग गर्नमा आफ्नो गौरव सम्झने नेपालका वीरहरु अन्त्यसम्म मैदानमा डटेर नै रहेर विहानीपख त उल्टो शत्रुले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरतिर भाग्नुपर्‍यो ।

यो लडाइँभन्दा पहिले गोरखालीहरूले गोगांची पर्वतमा जर्मन सैन्यको प्रत्याक्रमणलाई विफल गराएका थिए । यो पहाडमा मित्रसेनाको अधिकार हुन गएकोले जर्मनहरूको हातबाट सिट्टा डि क्यास्टेलोका दक्षिणमा त्यो अन्तिम स्थान यो जहाँबाट तिनीहरू भारतीय सेनाको प्रगति रोक्न सक्तथे ।

खुकुरीको महत्व—

संवत् १८७१ मा इस्ट-इण्डिया कम्पनीसित युद्ध हुँदा जुन शस्त्रका भरमा हाम्रा वीर बन्धुहरू स्वराज्य नेपालको सीमा किल्ला काँगडासम्म पुर्‍याउन सफल भएका थिए, त्यही राष्ट्रिय हतियार खुकुरीको महत्व यो यान्त्रिक युद्धकालमा पनि केही कम भएको देखिएन। इटाली राज्यमा स्थित क्यासिलो नामको पहाडनेर भएको भयङ्कर युद्धमा खुकुरीको महत्ता प्रत्यक्ष देखेर विस्मित भएका भारतीय सेनाको एक प्रेक्षक भन्दछन्—

"युद्ध कैयन् प्राचीन विचार र रूढीहरूको नाशकारी मानिएको छ तापनि, एउटा गोरखाली अफिसरले मसित 'आधुनिकगोरखाली सैनिक खुकुरीको ज्यादै कम उपयोग गर्दछ' भन्दा मैले पत्याउन सकिनँ। ती अफिसरले मलाई भने—

"संवत् २००१ का गोरखाली सैनिकले आफूलाई आधुनिक यान्त्रिक युद्धकलाको उपयुक्त बनाएका छन् । आजको गोरखाली यो राम्ररी जान्दछ कि एउटा ठूलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बन्दूक बन्दूकको बराबरी गर्न सक्दैन, यो बुझेर नै उसले खुकुरीको साटो टमीगनको उपयोग गर्न थालेको छ। अफिसरको यो कथन मनासीब थियो, तर पनि नेपाली प्रजाको बारेमा यो नयाँ धारणा गर्न मलाई ज्यादै गाह्रो लाग्यो।

मुखमा सिगारहीन महाशय चर्चिल अथवा जुँघा नभएका मार्शल स्टालिनलाई देखेर मलाई त्यति आश्चर्य लाग्ने छैन जति पुड्के गोरखालीलाई उसको खुकुरीसित नदेख्ता लाग्दछ।

एक सप्ताहपछि म चारहजार फीट अग्लो क्यासिलो पहाडमा भएको प्रत्यक्ष देखेको युद्धको वर्णन पढिरहेको थिएँ। वर्णन यति सजीव छ कि म त्यसलाई पाठकहरूका सामुन्ने राख्ने क्षोभ रोक्न सक्तिनँ। त्यो यस प्रकारको छ—

"हाम्रो सानो दल नाजीहरूको आक्रमणलाई ज्यादै उत्कण्ठाले पर्खिरहेको थियो। सामुन्नेको झाडबाट निस्केर शत्रु कुनै वेला पनि आक्रमण गर्न सक्तथ्यो।

यहीं समयमा हामीले सेनाको सबभन्दा राम्रो दृश्य हेर्न पायौं। निडर र साहसी नेपालका पहाडीहरू हातमा खुकुरी मात्र लिएर 'काट मार' कराउँदै नाजीहरूमाथि खनिए।

यसका केही मिनटपछि त्यो झाडमा नरकको दृश्य खडा भयो। शत्रुहरूमध्ये कुनै त डरले भागे, कोही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घोप्टिएर दयाको भीख माग्न थाले र जसले गोरखाली-सित द्वन्द्वयुद्ध गर्ने साहस गरे तिनीहरूले त्यसको मूल्य आफ्नो टाउको गुमाएर चुकाए। एउटा गोरखालीले चार जर्मनलाइ आफ्नो खुकुरीले काट्यो। गन्ती गर्दा जर्मनहरूका नब्बे लाश पाइए र चालीस शत्रु सैनिक कैदी गरिए।"

आधुनिक शस्त्रास्त्रले सुसज्जित अग्ला र पराक्रमी तीन सय जर्मन पदाति योद्धाहरूमाथि गरिएको यो आक्रमणको घटना देखेर 'खुकुरी अति प्राचीन र अनुपयुक्त हतियार हो' भन्न को सक्छ ?"

युद्धकालमा अनेकानेक अद्भुत कार्य गरेर वीर नेपाली-हरूले शत्रु–मित्र दुवैलाई आश्चर्यचकित गराएका छन्। पहाडी युद्धमा त यिनीहरू अद्वितीय नै रहे। सेनाको अरू विभागले अधिकार जमाउन असफल भएको दुर्गम पहाडी स्थानमा आक्रमण गरेर मोहडा कायम गर्न खुकुरीले सज्जित गोर-खाली सैनीकहरूले मात्र सके। भारतीय सेनाको प्रेक्षकका कथनानुसार मध्यइटालीमा लडिरहेको गोरखाराइफल्स सैन्यले एउटा दुर्गम पहाडको टाकुरामा शत्रुलाई डटेको देखे। चारैतिर भीर परेको ठाउँमा बसेका हुनाले जर्मनहरू आफूलाई सुरक्षित ठान्दथे। हुन पनि, असाध्य फुर्तिला र पहाडी लडाइँ लड्नमा सिपालु सैनीकहरू मात्र त्यो ठाडो भीरबाट चढेर उनीहरू बसेका ठाउँसम्म पुग्न सक्तथे।

एक दिन राती गोरखालीहरू चूपचाप शत्रुको मोहडातिर अग्रसर भए र विहानीपखसम्ममा कसैले सुइँको नै नपाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरी चाल मारेर जर्मनहरूबाट अन्दाजी ५० गज नजीकमा पुगे ।

शत्रुनेर पुगेर गोरखालीहरू मौका हेर्न एक छिन अडिए । जर्मनहरू ठाउँ ठाउँबाट आएका चिठीपत्र अखबार इत्यादि पढ्न लागेका थिए । कोही कोही रातभरको निद्रापछिको अल्छीले पल्टिरहेका थिए । दुई चार सिपाही निश्चिन्त भएर घुमिरहेका थिए ।

केही बेरपछि एक कान दुई कान हुँदै एउटा आदेश गोरखालीहरूको पंक्तिमा पुग्यो र सहसा डरलाग्दो चीत्कारले त्यहाँको वायुमण्डल कम्पायमान भयो । बिहान बालसूर्यको सुनौला किरणमा चम्किरहेका खुकुरी हातमा लिएर हाम्रा वीरहरूले अप्रतिहत हमला गरिदिए । केही छिनपछि उहाँ एक पनि जर्मन जीवित रहेन र यी दृढनिश्चयी सैनिकहरूले शत्रुलाई निर्मूल पारी प्रत्यक्षतः एउटा अभेद्य मोहडामा अधिकार गरे ।

सिरियाको रणस्थलमा—

वर्तमान महायुद्धमा मिश्रदेशमा लड्न गएको चारौं गोरखा राइफलसका दुई सिपाही देव गुरुङ र गनबहादुर गुरुङले असीम धीरता र साहसको काम गरेर गोरखालीहरूमा सर्वप्रथम 'भारतीय उत्कृष्ट सेवा (इन्डियन डिस्टिङ्गुभिष्ड सर्विस)' को पदक पाए । यो दलले सीरियामा तेल-अबैदनेर छादनरहित एउटा पाखोमा स्थान बनाउन लाग्दा ती दुइ सिपाही मेशीनगनका छेउ खुला ठाउँमा हवाइ-सन्तरी नियुक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएका थिए। त्यस अवसरमा सत्रुको पाँच विमानले हमला गरेको थियो। पहिले तीन र पछि दुई पटक दुई विमान आएका थिए। दलका अरू सैनिक खाईभित्र लुके, तर ती दुवै सिपाही जहाँको तहीं उभिएर शत्रुको विमानलाई लक्ष्य गरी गोली चलाउन थाले। उनीहरूको त्यो प्रहारबाट बच्न शत्रुविमानले आकाशमा चक्कर काट्नुपर्‍यो र निशाना चुक्न गएको थियो। दुश्मनको हवाइजहाजबाट लगातार भइरहेको गोलीवर्षाको कत्ति पनि डर नमानी ती दुई गोरखाली सिपाहीले आफ्नो अचूक निशानाबाट विमुख गराएर आफ्नो र सम्पूर्ण दलको रक्षा गरेका थिए।

भारतको पूर्वी द्वार–बर्मामा—

यूरोपीय रणक्षेत्रमा सर्वत्र प्रशंसा पाएको नेपाली जातिले एशिया महाद्वीपको महान् शक्तिशाली जापानी साम्राज्यका प्रबल पराक्रमी, वैज्ञानिक साधनसम्पन्न सैन्यको सामना गर्नुपर्‍यो। यो जातिले कुनै अवसरमा पनि जापानी सेनासित लड्न नपरेकोले उसको सैनिक योग्यता र बलको परिचय पाएको थिएन। फेरि त्यो सानो साम्राज्यले महान् राष्ट्र चीनलाई पिटेको देखेर सबै उसको शक्तिदेखि डराएका थिए। वर्तमान महासमरमा सक्रिय भाग लिएपछि अबाध-गतिले भारतवर्षतिर बढ्दै आएको जापानी सेनालाई कसैले रोक्न सकेन र त्यो सैन्यले प्रशान्तमहासागरका अनेक साना ठूला टापूहरू र अजेय दुर्ग मानिएको सिङ्गापुरलाई अनायास जितेर आसाम–बर्माको सीमानासम्म जापानको विजयध्वज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फर्फरायो । यस्तो प्रचण्ड पराक्रमी जापानी सैन्यसँगको युद्धमा हाम्रा प्यारा देशबन्धुहरूले जुन साहसिक मनोबल र कर्त्तव्यपालनको परिचय दिएका छन् त्यो सबै देशका सैनिकहरूबाट अनुकरणीय छ। जापानीहरूसँगको लडाइँमा गोरखालीहरूको व्यक्तिगत वीरता देखिएको छ, जसको वर्णन क्रमैसित गरिन्छ ।

भीमराज लिम्बु नामको एउटा दृढनिश्चयी सिपाहीले बर्माको जङ्गलमा आफ्नो दलबाट बिछुडिंदा सन्दिग्ध अवस्थामा पर्नुपर्‍यो। उनी आफ्नो आदेशक नायकको अर्दली दौडाहा थिए। जङ्गलमा शत्रुलाई खोज्दै हिंड्दा उनी एउटा झाङ्मा अल्झिएर दलबाट बिछुडिन गए। त्यो झाङ्को पासोबाट छुट्कारा पाउन उनले एक ठूलो रूखको जरा काट्नुपर्‍यो यस काममा लागिरहेको मौकामा सानो टोप लिएको एक जापानी सैनिक उनको नजरमा पर्‍यो। त्यो सैनिकले उनलाई देख्नुपहिले नै भीमराजले काम रोकेर उसलाई मार्ने दाउ हेरिरहे।

त्यो झाङबाट निस्केर आफ्नो नायकको निष्फल खोज गर्दा उनले आफ्नै दलको एक हवल्दारलाई भेटे, जो एक्लै जापानी अग्रगामी दलसित ब्रेनगन र टमीगन चलाएर लडिरहे-को थियो। हवल्दारसित मिलेर जापानीहरूलाई भगाएपछि ती दुवै जना शत्रुसैन्यका पछिपछि फेरि आफ्नो दलको खोजमा लागे। यस बीचमा कैयन् फेर शत्रुसैन्यसँग उनीहरूको भिडन्त पर्‍यो। एक हातापाइमा एउटा हातेबमले भीमराजको शिरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चोट लाग्यो । उनलाई अलिअलि पोलेको र लगातारको परिश्रमले पसीनाको धारा बगेको जस्तो लाग्यो, तर त्यो पसीनाको होइन रगतको धारो थियो। उनले स्वयं पट्टी बाँधेर लड्नबाट हटेनन्। यो प्रसङ्गको स्मारकस्वरूप उनी निधारमा तीन इञ्चको खतले चिह्नित छन् र भीमराज जस्ता साहसी सिपाहीका निमित्त त्यो खत नै कुनै धातुको पदकभन्दा सुहाउँदो तक्मा छ।

चिन पहाड श्रेणीमा—

बर्माको चीनपर्वतमालामा जापानी सैन्यले गरेको एक आक्रमणमा अधिकार नपाएको एक गोरखाली अफिसर र उनका साथी सिपाहीहरूले चौगुना बढ्ता शत्रुसैन्यलाई राम्ररी हराएका थिए।

गोरखालीहरू जङ्गलले ढाकिएको एउटा पहाडमा लुकेका थिए। यसै वेला अन्दाजी तीस जापानी प्रहरीहरू त्यहाँ आए। गोरखालीहरू बसेका ठाउँबाट पन्ध्र गज जति फरकमा ती जापानीहरू आइपुगेपछि नायक शेरबहादुर गुरुङले गोली छोड्न शुरू गरे। उनले हानेको गोलीले जापानी अफिसरको प्राण गयो खाल्डोमा लुकेका साथीहरूले पनि गोली हान्न र हानेबम फाल्न थाले।

जापानीहरू नेपालीहरूका गोलीको जवाफ गोलीले नै दिन लागे। तर पछिल्लो पंक्तिका शत्रु सिपाहीले हानेका गोलीहरू उनीहरूकै अगिल्लो पंक्तिका सिपाहीलाई लागे। नेपाली सैन्यले कब्जा गरेको ठाउँ लिन जापानीहरूले दुई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पटक कोशिश गरे, तर सफल हुन सकेनन्। पहिला प्रयत्नमा शेरबहादुरले दुई हातेबम मिल्काउँदा शत्रुहरू हाहाकार गर्दै पछि हटे। दोस्रो पटकमा ती नायकले बढ्ता बम फाले। उनको यो कामले शत्रुपक्षका धेरै मानिस मरे— घाइते भए। यही मौकामा पछाडिपट्टि पाढा रहेका जापानीहरूले साना साना तोपबाट चार बम हिर्काए। उनीहरूले हानेको पहिला बम अगाडिका जापानीहरूको बीचमा खस्यो र धेरै मानिस मरे। अरू तीन बम गोरखालीहरूको नगीच खसे तर केही हानि भएन। यसपछि शत्रुहरू नेपाली वीरका सामुन्ने अड्न नसकेर भागे।

यही चीनपहाडमा गोरखालीका दुई पल्टनले फेरि शत्रु सैन्यलाई हरायो। साना बन्दूक, हलुका मशीनगन औ पहाडी तोपहरू साथमा लिएर शत्रुको खोजमा निस्केको नेपाली फौजले तीन सय गज पर शत्रु सैनिकहरूको एक डफ्का देख्यो। दुश्मनको दल देखेपछि गोरखालीहरू बिस्तार-बिस्तार घस्रँदै जापानीहरूबाट २५ गजको फरकमा पुगे। अनि संगै लिएर आएका तोप, बन्दूक चलाएर शत्रुको सबै स्थिति छ्यान्नव्यान्न पारे। शत्रुहरूले पनि मशीनगनबाट आगो बर्साउन थाले, तर त्यसले अगाडि नेपालीहरूसँग जुध्न लागेका जापानीहरूकै हानि गरायो।

यो हमलामा एउटा गोरखाली सिपाहीले त्यो भीषण अग्निवर्षाको वास्तै नगरी माथि चुलीमा पुगेर शत्रुपक्षले लुक्ने खाडलमा हातेबम मिल्कायो। शत्रुहरू पनि हातेबम मिल्काइरहेका थिए। पहिले मिल्काएका बमहरूले खाडलमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लुकेका सबै शत्रु मरिसकेका रहेछन् । नगीचको अर्को खाडलमा लुकेका दुई जना जापानी आत्तिँदै बाहिर निस्केर भागे । यसरी शत्रुलाई भगाएर बाटोमा परिआएको जोखिमको सामना गर्दै नेपालीहरू आफ्नो बचाउको ठाउँमा आइपुगे ।

बर्माको यो युद्ध-क्षेत्रमा पाँचौं गोरखा राइफलसको ६८१६ संख्याको हवल्दार गजे घलेले संवत् २००० ज्येष्ठ ११ देखि १४ गतेसम्म भएको लडाइँमा असाधारण वीरता र नेतृत्व देखाएको हुनाले उनलाई 'भिक्टोरिया क्रस' को पदक दिएर सम्मानित गरियो ।

गजे घलेले असाधारण बहादुरी देखाएको लडाइँ चीन पहाडमा भएको थियो । त्यो लडाइँमा एक अपेक्षाकृत ठूलो जापानी सेनालाई रोक्न एउटा यस्तो पहाडमा अधिकार गर्न आवश्यक सम्झियो, जुन सैनिकदृष्टिले शत्रुका निमित्त महत्वको थियो । यो उद्देश्यले गरेका दुई आक्रमण निष्फल भएपछि हवल्दार घलेको पल्टनका दुई दल र अर्कै बटालियनका दुई कम्पनीलाई तेस्रो आक्रमण गर्न आदेश दिइयो । अधिकार नपाएका हवल्दार घलेको दुई पल्टनमध्ये एक पल्टनमा अधिकांश नवयुवक थिए ।

सेनाले लक्षित स्थानमा पुग्ने बाटो साँगुरो (कहीं कहीं त पाँच गज मात्र फराकिलो) उच्चभूमिबाट थियो जसका दुवैतिर खाल्डा थिए, जङ्गल थिएन । यसका विपरीत शत्रुका चौकीहरू पूर्ण सुरक्षित र जङ्गलले ढाकिएका थिए । त्यो स्थान एकातिर शत्रुका एक दर्जन मशीनगनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हवल्दार गजे घले भि. सि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मारभित्र पर्दथ्यो र अर्कोतिरको पहाडबाट पनि गोलावारी भइरहेकै थियो । आक्रमणको तयारी गर्दा फौजमाथि खाईहरुमा हान्ने गोला बर्सिरहेका थिए, तर हवल्दार घलेले आफ्ना सैनिकहरुलाई एकत्र गरेर अगाडी बढाए । नगीच पुगेर गोरखालीहरुले खाईमा जमेर बसेको शत्रुसैन्यबाट भएको डरलाग्दो अग्निवर्षाको सामना गर्नु पर्‍यो । शत्रुको हातेबम लागेर वीर घले घाइते भए । उनलाई छाती, पाखुरा र खुट्टामा चोट लाग्यो । त्यो गहिरो चोटको मलम-पट्टीका निम्ति एक क्षण पनि नअडेर शत्रुले चारैतिरबाट गरिरहेको भीषण गोलीवर्षाको उपेक्षा गर्दै हवल्दार गजेले आफ्नो सैन्यलाई शत्रुको बिलकुल नगीच पुर्‍याए । यसपछि घोर मारकाट हुन लाग्यो । आफ्नो असाधारण उदाहरण र उत्तम नेतृत्वका कारण त्यो घम्साघम्सीमा उनी जताततै देखिन्थे ।

उपेक्षा गरेका घाउहरुबाट बगेको रगतको धाराले नुहाएका र हातले हातेबम फ्याँक्तै बहादुर घलेले एकपछि अर्को कैयन् आक्रमणको नेतृत्व गरे । आक्रमण गर्दा उनी 'अब आए गोरखाली' भनेर कराउँदै आफ्ना सैनिकहरुको उत्साह बढाउँथे । नेताको विजयश्री कमाउने अदम्य शङ्कल्पले प्रोत्साहित भएको गोरखाली पल्टनले धावा गरी धेरै जापानीहरुलाई हताहत गरेर त्यस पहाडमा आफ्नो अधिकार जमायो । त्यसपछि निज हवल्दारले शत्रुतर्फबाट भयङ्कर गोलीवर्षा हुँदा पनि कठिन मेहनतले जितेको त्यो पहाडको रक्षा गर्दै रहे । सुरक्षाको राम्रो व्यवस्था भइसकेपछि एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अफिसरको आदेश पाएर मात्र उनी विनासहारा एक्लै रेजिमेण्टको प्राथमिक चिकित्साकेन्द्रमा गए । उनको सम्बन्धमा प्रकाशित भएको सरकारी विज्ञप्तिको अन्त्यमा लेखेको छ—

> "अधिकार नपाएका हवल्दार गजे घलेको साहस, सङ्कल्पशक्ति र नेतृत्व गुणको जति प्रशंसा गरे पनि थोरै छ ।"

नेपालका वीर पुरुष हवल्दार गजे घले पश्चिम २ नम्बर गोरखा जिल्लाको वारपाक गाउँका निवासी हुन् । उनको वीरतामा प्रसन्न भएर नेपालसरकारले पनि 'नेपाल-तारा' को तक्मा दिएर उनको सम्मान गरेको छ ।

मायू पर्वतको संग्राममा–

मायूपहाडको एक बाङ्गो-टिङ्गो भागमा काम गर्दा गोरखालीको एक सेनाले मौंगदा र बुधीदांगका बीचको बाटोमा शत्रुको धेरै हानि गर्‍यो । जापानीहरुले गोरखाली सेनालाई पछि हटाउन खूबै प्रयत्न गरे । त्यसका निम्ति भएका कैयन् झम्टाझम्टीमा गोरखालीहरुले स्वाभाविक युद्धकुशलताको उपयोग गरेर संख्यामा कैयन् गुना बढ्ता जापानीहरुलाई हताहत गरी वारंवार पछि हटाए ।

पहिलेको छ घस्साघस्सीमा भायसराय-कमीसन पाउने सबभन्दा कम उमेरका युवक चक्रबहादुर थापा सेनाको नायक थिए । ती भिडन्तमा गोरखाली सेनाको सिर्फ एक सिपाहीलाई साधारण चोट लाग्यो । राइफलधारी हस्तबहादुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राई शत्रुहरूलें खाईंबाट बाहिर निस्कने भिरालो बाटोमा चतुरतापूर्वक लुकेर बसेका थिए। एक छिनपछि उनले दुई जापानी सैनिकलाई आइरहेका देखे। तिनीहरू हस्तबहादुरबाट केही हात पर आइपुगेपछि उनले गोली हानेर एकलाई उहीं मारे, अर्को सिपाही साङ्घातिक चोट लागेर उनैतिर लड्यो। हस्तबहादुर त्यो सैनिकको ज्यादै नगीच थिए र उसले हिर्काएको तरवारले उनको छातीमा घाउ लाग्यो। तर घाइते भएर पनि राईले आफ्नो पल्टनको साथ छोडेनन्। त्यो प्रसिद्ध गोरखाली सेनाले शत्रुबाट खोसेका हतियारहरुमा जापानी सैनिकको त्यो तरवार पनि छ।

एक दिन गोरखालीहरूलाई बिहानै एउटा गाउँमाथि चढाइ गर्ने आदेश दिइयो। उनीहरूलें उज्यालो हुनेबित्तिकै आक्रमण गरे। त्यस समय शत्रुहरू गुप्त स्थानमा बसेका थिए। गोरखालीहरू पहिले टमीगन र हातेबम लिएर अगाडि बढे। पछि उनीहरूले खुकुरी र सङ्गीन सोझ्याए। एक भयङ्कर युद्ध गरेपछि जापानीहरू चिच्याउँदै गाउँभित्र पसेर अर्कैतिरबाट भागे। यसरी गोरखालीहरूले हातेबम र अरू युद्ध-सामग्री लिएका पुगनपुग पाँच सय जापानीहरू-लाई त्यस ठाउँबाट धपाएँपछि त्यो प्रदेशमा दश दिनसम्म कुनै जापानी देखिएन।

भारतीय सेनाको एक प्रेक्षकको कथनानुसार गोरखाली हरूले जङ्गलभित्र बनेको एक हवाई अड्डाको रक्षा गर्न अर्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युद्ध गरेका थिए। शत्रुहरू त्यो वैमानिक अड्डाबाट ७० गजको फरकमा आइपुगेपछि गोरखालीहरूले हातेबम लिएर जापानी-हरू माथि धावा गरेर तिनका नायकलाई मारे। नायक मरेपछि अरू सैनिक लडाइँबाट हटे।

गोरखालीहरूको अर्को दल हवाइ अड्डाबाट पछि हट्न लागेका जापानीहरू माथि अकस्मात् धावा गर्न एक ठाउँमा बसेको थियो। शत्रुहरू पहिले नै निश्चित गरेको बाटोबाट आए तर उनीहरूले गोरखालीले वर्साएका मसीनगनका गोली र हातेबमको भीषण सामना गर्नुपर्‍यो। यस युद्धमा कैयन् जापानी सैनिक हताहत भए। मर्न र घायल हुनबाट बचेका शत्रु-सैनिकहरूले गोरखालीमाथि विजय पाउन असम्भव देखेर कुलेलम ठोके।

मलउँ पहाड—

टाम्रू सडकका नगीचको एक पहाडमा गोरखालीहरूले २०० जापानीलाई एक ऐतिहासिक लडाइँमा मारे। उनी-हरूको यो बहादुरीको स्मारकस्वरूप त्यो पहाडको नयाँ नामकरण गरियो। डिभीजनको सेनापतिले गोरखाली मलउँ बटालियनको सम्मानमा त्यस पहाडको नाम मलउँ राखेको छ। शिमलादेखि दक्षिण सवाथूको नगीच प्रसिद्ध मलउँ दुर्ग छ। नेपाल-अंग्रेज युद्धको अन्तिम अवसरमा त्यो दुर्गमा बसेका नेपाली वीरहरूले श्री अमरसिंह थापाको नेतृत्वमा ठूलो बहादुरीसँग लडेका थिए। ती वीरहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिलकुल अशक्त नभएसम्म अंग्रेजका विरुद्ध अद्भुत साहसले लडिरहे। नेपालीहरूको त्यो वीरताबाट ज्यादै प्रभावित भएको अंग्रेज अफिसरले श्री अमरसिंह थापा र उनको सेनालाई युद्धका सबै सामानसमेत लिएर त्यो दुर्गबाट बाहिर जान दिएको थियो। नेपालसित सन्धि भएपछि लडाइँबाट एक प्रथम गोरखा-सैन्यको निर्माण भयो र प्रसिद्ध लडाइँको स्मृतिमा त्यसको नाम मलउँ रेजिमेण्ट राखियो।

टिडिम-इम्फाल-मार्गमा—

सत्रौं भारतीय सैन्यले शत्रुका विरुद्ध १८०० गणना बढ्ता गरेर एक महान् अवरोधक दौडाइ जितेको छ। हरएक गणनामा एक जापानी मारिएको अथवा घायल भएको छ। दौडाइको बाटो टिडिम-इम्फाल-मार्गमा ८० कोशको थियो। जापानीहरूले बाटो रोक्न अनेक विघ्न खडा गरेका थिए। यस काममा समय २१ दिन मात्र लाग्यो।

यो सैन्यले पहिला गमनमा रातभर हिंडेर साढे दश कोशको बाटो तय गर्‍यो। प्रथम संग्राममा एक गोरखाली रेजिमेण्टले शत्रुमाथि खूब रौद्रता र दृढतासित आक्रमण गरेर शत्रुको धेरै हानिसहित पराजय गर्‍यो। वैरीका सबै युक्ति आरम्भमै ढीला र विफल भए।

मध्यम र हलुका मशीनगनले सज्जित बङ्कर स्थितिले खाडीमा सबल भएर बसेका शत्रुसँग २००० चैत्र ६ गतेका दिन यो प्रवृत्तिको प्रथम निर्णयात्मक युद्ध भयो। बार्डर रेजिमेण्ट, तोपवाहिनी सैन्य र बङ्गाल सुरङ्गीहरुले सहायित गोरखालीहरूले नै यो लडाइँमा पाने कीर्ति पाए। एक गोरखाली सिपाहीले एकलै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीन जापानी सैनिकलाई मारी हातेबमहरू मिल्काएर शत्रुको स्थिति ध्वस्त पारी एउटा बङ्कर पोजिशनमा कब्जा गऱ्यो।

टिडिमबाट करीब ६ कोश र टनजाँगदेखि केही उत्तरतर्फ स्थित 'तुत्तुम सैडल' नामक स्थानमा चैत्र नौ गतेको राती भएको लडाइँ नै यो प्रकृतिको भयङ्कर लडाइँ थियो। यहाँ शत्रुहरूले ट्याङ्क सहित वैरिएर रोक्ने स्थिर प्रयत्न गरेका थिए। यहाँ पनि गोरखाली वीरहरू नै फैलिए र शत्रुका ट्याङ्कहरू ध्वंस गरी दश तोप कब्जा गरेर जापानीहरूलाई साँच्चिकै सफा पारे। यो लडाइँमा मित्रपक्षको विजयले टिडिम-क्षेत्रमा शत्रुको आक्रामक ढाड नै भाँचियो।

यसै अवसरमा जापानीहरू फेरि बाटो छेक्न सफल भएका थिए। एक पटक फेरि नेपालका वीरहरूले दुश्मनलाई रोकेर बाटो सफा गर्नुपऱ्यो। त्यसपछि जापानीहरूले फेरि दुई ठाउँमा बाटो छेकेका थिए तर ती सजिलैसित हटाइए, अनि सत्रौं भारतीय सैन्य नेपाली-वीरताको झ्याली पिटेर आफ्नो विजयवैजयन्ती फर्फराउँदै शिविरमा फर्क्यौं।

यो तीन सप्ताहको ऐतिहासिक युद्धमा गोरखालीले प्रत्येक लुधाइमा शत्रुभन्दा धेरै बढ़्ता वीरताको विस्मयजनक कर्म गरेर संसारमा उत्तमोत्तम सैनिकको आदर्श देखाई नेपालको उज्ज्वल कीर्तिलाई चरम सीमामा पुऱ्याए।

कोहिमा क्षेत्र–इम्फाल मोहडामा–

एक भारतीय सैनिक प्रेक्षकको सूचना छ २००१ वैशाख १६ गतेको दिउँसो खुकुरी, सङ्गीन र हातेबमहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गञ्जुलामाले बिगारेका ट्याङ्क ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुसज्जित नेपाली वीरहरूको एक दल क्रीट पहाडका खावाहरूबाट जापानीहरुलाई धपाउन गयो । एक रात पहिले नै जापानीहरु त्यस ठाउँमा बसेका थिए । गोलाबारीपछि खावाहरुबाट निस्केर शत्रुहरु बाक्लो जङ्गलमा लुक्न गए तर गोरखालीहरु उहाँ पनि पुगे अनि मशीनगन र बन्दूकहरुद्वारा तिनीहरुलाई सखाप पारे । गोलाले नष्टभ्रष्ट खावाहरुमा द्वन्द्वयुद्ध पनि भयो र बाँकी जापानीहरु खुकुरी र सङ्गीनका शिकार भए । वैरीहरुले चाँडै नै फेरि धावा गरे तर तिनीहरुको प्रयत्न निष्फल भयो । यस युद्धमा ८० जापानी मारिए । बाँकी शत्रु गोरखालीहरुको चमचमाउँदो खुकुरीको तेजका सम्मुख अड्न नसकेर भागे ।

इम्फाल–कोहिमा–मार्गमा–

संवत् २००१ वैशाख ७ गतेका दिन इम्फाल शहरबाट करीब छ कोश उत्तरमा गोरखालीहरुको एउटा सानो दलले लगभग तीन सय अन्दाज गरिएका शत्रुहरुमध्ये सत्तरीलाई मारेर पछि हटायो । यो लडाई इम्फाल-कोहिमा–मार्गमा स्थित सेङ्माइ नामको स्थानमा भएको थियो । हातेबम र हलुका मशीनगनहरुले सज्जित ठूलो परिमाणको जापानी सैन्य गोरखालीले कब्जा गरेको एउटा पहाडमा आइपुग्यो । उहाँ गोरखालीहरुले बलियो खावा चौकी बनाएका र तारको घेरा लगाएका थिए । शत्रुहरु तारको घेराबाट केही गज पर आइनपुगेसम्म गोरखालीहरु आफ्नो स्थानमा चूपचाप बसिरहे । जब शत्रुहरु नजीक आइपुगे अनि यी पहाडी वीरहरुले आफूसित भए जति शस्त्रास्त्रले एकैफेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हमला गरेर जापानीहरुलाई गिराउन थाले। यसरी अकस्मात भएको आक्रमणले आत्तिएर छयान्नब्यान्न भई भागिरहेका शत्रुसैनिकहरूलाई तीव्र गोलीको आगोमा भुट्तै नेपालीहरुले निकै टाढा धपाए।

नेपालका वीरहरुले नै यो द्वितीय महासमरको पूर्वीय मोहडा वर्मा र आसामका निर्जन तथा दुर्गम पहाडका घाटी र जङ्गलहरुबाट प्रबल जापानी साम्राज्यका दुर्द्धर्ष सैनिकहरूलाई एक एक गरेर खोज्दै निकालेका छन्।

कोहिमा-क्षेत्र-चर्चपहाडमा—

वीर नेपालीहरूको एउटा दलले कोहिमाको एक रणक्षेत्रबाट शत्रुलाई एकै दिनमा दुई कोश पछाडि हटाएका छन्। यो लडाइँ नागा गाउँहरूमा शत्रुका प्रतिरोधको अन्तिम स्थान चर्चपहाडमा भएको थियो। संवत् २००१ ज्येष्ठ २० गतेको दिन गरेको आखिरी आक्रमणमा गोरखालीहरूले ट्याङ्कहरूद्वारा जापानीहरुका कैयन् खावा बिगारे। नष्ट हुनबाट बचेका खावाहरूबाट गोरखाली सैन्यको गति रोक्नालाई दुश्मनहरूले गोली वर्साउन थाले, तर दृढसङ्कल्प गोरखालीहरूले त्यो गोलीवर्षाको टेरपुच्छर नै नलगाई ट्याङ्कद्वारा तिनीहरूका चौकीहरू ध्वस्त पारे। हाम्रा वीर देशबन्धुहरूको अतुल साहस, असाधारण धैर्य र प्रचण्ड पराक्रमका अगाडि केही जोर नचल्ने देखेर बहुसंख्यक जापानी सेना उहाँबाट भाग्यो।

यहीं आक्रमणको सिलसिलामा एक अर्को गोरखाली पल्टनले जमीदार पतिराम गुरुङको नेतृत्वमा चर्चपहाडबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शत्रुलाई सहायता गरिरहेको एउटा तोपमाथि चढाइ गऱ्यो। पतिरामका वीर सैनिकहरूले अग्निवर्षाको बीचमा पसेर यस्तो कडा आक्रमण गरे जसको वर्णन गर्न असम्भव छ।

लडाइँपछि यो पल्टनको अफिसरले एउटा खावामा चियाउँदा जापानीहरूका लाश र नष्टभ्रष्ट भएका तोपहरू सिवाय केही देखेनन्। तोपबाट केही गज टाढा गोरखाली खुकुरीका प्रहारले मरेका बाह्र जापानी सैनिकका लाश देखिए। यो युद्धमा कुनै गोरखालीलाई सानो घाउसम्म लागेन।

विजयको चिन्हस्वरूपमा हात लागेको एउटा ७५ मिलि-मीटरको तोप घिसार्न नसकिने देखेर गोरखालीहरूले हातेबमद्वारा त्यसलाई बिगारे।

संवत् २००० माघ १ गतेको लडाइँमा भारतको पूर्वी सीमाप्रान्तमा रहेको पाँचौं शाह गोरखा राइफलसका नं० ९२२ का नायक मानजित गुरुङ र उही पल्टनको सिपाही पासाङ गुरुङले एक अनुकरणीय कार्य गर्दा गर्दै वीरगति पाए।

नायक मानजित गुरुङ आफ्नो फौजी सेक्सन नायक र एक गोलन्दाजका साथ एउटा पल्टनको देब्रेतिर बसेका थिए। यसै मौकामा त्यो विभागका जवानहरू शत्रुको एउटा लुकुवा खावामा जाइलागे। शत्रुहरू जब्बर स्थितिमा डटेका थिए। सो ठाउँमा पुग्ने बाटो साँगुरो र माथिपट्टि बाँसको ठानाले ढाकिएको ज्यादै ठाडो भिरालो परेको थियो। अगाडि बढ्दै जाँदा सो विभागका जवानहरूले शत्रुतर्फ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाट अन्दाजी ३०गजको फासलाबाट छुटेको चर्को गोलीवर्षाको सामु पर्‍यो । सो पल्टनलाई अगाडि हाँकिन असम्भव गराउँदै शत्रुले गोलीका पर्रा छोड्न लाग्यो । नायक मानजित गुरुङले र ब्रेनगन लिएका पासाङ गुरुङ आफू-माथि खनिएको सो आपत्तिको रत्तीभर पनि वास्ता नगरी चारैतिरबाट भइरहेको गोलीवर्षाको बीचबाट अगाडि बढ्दै आफ्ना साथका ब्रेनगन र टमीगन चलाउँदै रहे । उनीहरूको यस कामले गर्दा खावामा लुकेका शत्रुलाई आच्छु आच्छु पर्‍यो आखिर ती दुवै वीर शत्रुसँग जुध्न पुगे । परिणाम स्वरूप त्यो पल्टन शत्रुमाथि जाइलाग्ने पंक्तिमा मिल्न गयो । त्यस वेलासम्म पनि ती दुई जनाले शत्रुको खोइरो खन्दै गए । अन्त्यमा छल्न नसकिने किसिमले एउटा हातेबम उनीहरूको बीचमा खसेर फुट्यो र ती दुवै वीर सदाका निमित्त वीरशय्यामा सुते । तीं दुई जनाले गरेको कामबाट नै त्यो पल्टनले शत्रुको स्थितिमा अधिकार गर्न सक्यो त्यो काम सारा घम्साघम्सीको, पछिल्लो सफलता हुन आयो ।

चिनडाडाँको पश्चिममा—

संवत् २००० चैत्र १२ गते गुरुवारका दिन चिनडाडाँ-हरूमा पर्ने पश्चिमको थुम्कोमा धावा गर्दा पाँचौ शाही गोरखा राइफल्सका नायक सुनबहादुर गुरुङले पल्टनको एक दल हाँक्ने काम लिएका थिए । शत्रुको स्थानमा पुग्ने बाटो ज्यादै नै गाह्रो थियो । एक ठाउँमा त बीस फुट अग्लो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एउटा चट्टानले त्यो पल्टनलाई अगाडि बढ्नबाट बिलकुलै रोकिदियो। सुनबहादुरले तुरुन्त आफ्ना मानिसहरूलाई त्यो अग्लो चट्टानमा भन्याङको काम दिने हिसाबसित आफ्ना बन्दूकहरू एकमाथि अर्को ठड्याएर राख्ने आज्ञा दिए। यस प्रकार उनले आफ्ना मातहतका सिपाहीहरूलाई त्यो चिनबाट पार गराइछोडे। यसपछि शत्रुले आक्रमणको सुइँको पाउँदा नपाउँदै निज नायकले आफ्ना जवानहरूलाई शत्रुबाट दशै गजको फरकमा पुऱ्याए। आक्रमणको काम शुरू गर्नेबित्तिकै नेपाली वीरहरूका नगीचै रहेको शत्रुपक्षको एउटा हलुका मशीनगन लिएको सिपाहीले त्यो धावालाई रोक्यो। शत्रुपट्टिबाट छुटेको चर्को अग्निवर्षामै सुनबहादुरले आफ्नो दललाई सो मशीनगननेर पुऱ्याए। यसपछि यस भेकतिरबाट हुने गोलीवर्षलाई मिच्न सक्ने स्थितिमा उनले आफ्नो पल्टनलाई राखे, तैपनि उनी र उनका सिपाहीहरूले शत्रुका हतियारका मुख टाल्न सकेनन्। अब सुनबहादुरले आफ्नो फौज त्यही पंक्तिमा रोकिने आपत्तिको परिस्थिति बुझेर आफूलाई ढाकछोप पार्ने उर्दी आफ्ना मातहतका मानिस-हरूलाई दिई स्वयं त्यो गुप्तअस्त्र भएतिर लुकेर गए। यसपछि आफ्नो स्थान छोडेर विपक्षीहरूबाट भइरहेको भीषण गोलीवर्षामा होमिंदै दृढतापूर्वक शत्रुको तोप भएतिर अग्रसर भए। शत्रुका मशीनगनको नगीच पुगेपछि उनी अगिल्तिर जाइलागे। उनले सो तोपको नाललाई बायाँ हातले अँठ्याएर जापानी गोलन्दाजलाई आफ्नो टमीगनको चोटले उत्तिखेरै ठहरै पारे। अर्को जापानीले एउटा हातेबम हुऱ्याउने कोशिश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गऱ्यो। तर सुनबहादुरको टमीगनबाट छुटेको दोस्रो पड्काइले उसको पनि मिति पुग्यो। यस किसिमले त्यो तोपको मुख टालियो। सुनबहादुरका दलको बायाँतर्फ रहेका फौज अगाडि बढ्न समर्थ भए। सुनबहादुरले तुरुन्तै आफूलाई आफ्नो पल्टनको अग्रेसर गराए औ प्रतिपक्षीका गोलीको परवाह नगरी शत्रुको दोहोलो पार्दै आफ्ना मातहतका जवानहरूलाई हाँक्नै लगे। तोकिएको निशानामा पुगेपछि उनले ठूलो दक्षतापूर्वक त्यो स्थानको रक्षा गर्ने बन्दोबस्त मिलाए। शत्रुले उत्तिखेरै गरेको प्रत्याक्रमणलाई धकेल्ने काममा पनि उनले भरमगदुर गरे। पछिल्लो यस काममा आफ्ना साथीहरूलाई अरू प्रयत्नहरूमा प्रेरित गरिरहँदा आफ्नो बचाउको समेत सधैं वास्ता नगर्ने भएका सुनबहादुरलाई गोली लाग्यो र उनी ढले। यो कामको उठानदेखि लिएर आफूले वीरगति नपाएसम्म नायक सुनबहादुर गुरुङले साहस, उपाय सोच्ने दक्षता र मसक्क आँट लिएको शत्रुको सामुमा पनि सेनानायकत्वको काममा खुरन्धार लाग्नु इत्यादि गुणको प्रदर्शन गराए। उनको निर्भीक साहस र उदाहरणले गर्दा उनका आसपासमा रहेकाहरूलाई पनि शत्रुलाई घेरामा पार्ने र झन् चर्को घम्साघम्सीसित लड्ने-भिड्ने काममा हौस्यायो।

मोगाँगको भयङ्कर युद्धमा—

छैटौं गोरखा राइफल्सका गोरखालीहरूले चिन्दितहरूको सहयोग पाएर मोगाँगका सडकहरूमा संवत् २००१ आषाढ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६ गतेका दिन शत्रुसँग घमासान युद्ध गरे। त्यस मौकामा जापानी तोपहरू अविरत गोला बर्साइरहेका थिए। घर-घरमा लुकेका शत्रुहरूको मशीनगनबाट पनि आगो बर्सिरहेको थियो।

लङ्काशायर पत्थरकाला सैन्य र अठतीसौं चिनी सेनाबाट उत्तेजित गोरखालीहरूले बस्तीको सबभन्दा महत्वपूर्ण भागमा अधिकार जमाए जहाँ शान्तिका समयमा छ हजार प्रजा क्रयविक्रयका निमित्त आउँदथे। यो स्थान मित्किना रेल्वे लाइनमा पर्दछ।

गोरखालीहरूले दुई दिन पहिले नै गाउँको एक हिस्सा कब्जा गरेर रेलको लीग काटिदिएका थिए। अमेरिकाका बमवर्षक वायुयानहरू आकाशबाट बम खसालिरहेका थिए तापनि जापानीहरू एक एक पाइला जमीनका निमित्त खूबै बहादुरीसँग लडे। गोरखालीहरू शहरको एक ढोका खोलेर भित्र पसे औ गुप्तस्थानमा बसेका एक एक शत्रुलाई हातेबम र सङ्गीनले घोचेर मारे।

भारतीय सेनाको साथमा रहने प्रेक्षक भन्छन्— "कैयन् सप्ताहदेखि गोरखालीहरू आफ्ना अंग्रेज साथीहरूका साथ पानीले भरिएको खावाबाट निस्केर शहरबाहिर आउँदथे। उनीहरूले साना साना बर्मी गाउँ र तिनमा बनेका माटाका घरहरूबाट जापानीहरूलाई निकालेर सयकडौं संख्यामा मारिसकेका थिए।

दश दिन पहिले मोगाँग नदीपारी मित्किना जाने पुल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मित्रपक्षको मशीनगनले सुरक्षित भइसकेको थियो। केही दिनपछि गोरखालीहरूको मोहडामा पर्ने अन्तिम गाउँ पनि एक भीषण सङ्घर्षपछि मित्रसैन्यको अधिकारमा पर्‍यो। त्यो हातापाइमा चालीस जापानी मारिए।

दुई दिन पहिले बिहानै महान् आक्रमण शुरू भएको थियो। गोरखालीहरू वर्षाले निथ्रुक्क भिजेका र लामा लामा पाइला सार्दै हजार गजको अन्दाजी रेल्वे लाइनतिर अग्रसर भए। त्यस वेला उनीहरूका चारैतिर गोलाहरू फुटिरहेका र जङ्गलमा लुकेका ठाउँबाट मशीनगनहरू आगो वर्षाइ-रहेका थिए।

पत्थरकालाधारी लङ्काशायर सेनाले पानी भरिएका धानका खेतहरूबाट गएर गोरखालीको देब्रेतिरबाट आक्रमण गर्‍यो। जनरल स्टिलवेलका चिनी सैनिक दक्षिणतर्फबाट शहरतिर बढे।

जापानीहरू रेल्वेलाइनको रक्षा गरिरहेका थिए। तिनीहरूले खूब जोशसँग युद्ध गरे तर केही लागेन। आखिर सबलाई मारेर गोरखालीहरू शहरभित्र पसे। त्यसपछि चौबीस घण्टासम्म मोगाँग शहरमा घमासान युद्ध भयो। शहरमाथि धूवाँको बाक्लो पर्दा लाग्यो। भत्के-बिग्रेका कैयन् घरहरूमा आगो लागेको थियो। बम र तोपका गोला लागेर बजार बिग्रेको थियो। भूइँ पनि ठाउँ ठाउँमा चिरिएको थियो। त्यो अव्यवस्था, धूवाँ, आगो र हल्लीखल्लीका बीचमा गोरखालीहरू एक घरबाट अर्को घरतिर बढ्दथे। खुकुरी र सङ्गीनहरूद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शत्रुसित कैयन् द्वन्द्वयुद्ध गरेर नेपालका वीर पुत्रहरूले शहरको तीन हिस्सामा आफ्नो अधिकार गरे। गोरखालीहरूले लिएका शहरको भागमा घाउ, भोक र रोगले पीडित कैयन् जापानी सैनिकहरू पाइए। तिनीहरूको अवस्थाबाट त्यस शहरमा भएको भयङ्कर युद्धको अनुमान गर्न सकिन्थ्यो।

कियाउकिष्ट गिरिपृष्ठ–आराकानमा—

संम्वत् २००० फाल्गुन २४ गते सोमवारका दिन कियाउकिष्ट गिरिपृष्ठमा स्थित शत्रुको बालुवाको खाल्डोरूपी मुख्य रक्षाका साधनहरूमा हमला गर्दा शत्रुको स्थानमा पुग्ने पहिला जवान एक नेपाली नै थिए। पाँचौं शाही गोरखा राइफल्स पल्टनको नं० ५६,०२५ का सिपाही पुनिराम थापा पहिलो खाडलको माथिल्लो भाग उक्ली परतिरको गहिरो खावामा पुगे। उनी चढ्न लाग्दा घस्रनुपर्ने किसिमको खावामा लुकेर बसेको एउटा जापानीले उनको तानाभ्राना अँठ्यायो र उनलाई पनि खावैमा तान्यो। तर पुनिरामले आफ्नो सङ्गीनद्वारा कुनै किसिमसँग त्यो जापानीको मिति पुऱ्याइदिए। त्यसै वेला सो गाँथिएको खावामा कुद्दै आइरहेका पाँच जवान जापानीउपर पुनिरामले तीनोटा हातेबम मिल्काएर तिनीहरूको दौडाइको वेग बीचैमा टुंग्याइदिए। उनका दलको नेता लडाइँमा काम लागिसकेको हुनाले उनी फगत एक्लै जाइलागे। त्यसपछि खावाको अर्को भागबाट शत्रुपट्टिको टमीगन चलाउने एक जनाले उनीमाथि गोली चलायो। पुनिरामले त्यो भागमा अर्को हातेबम हुन्र्याए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो हातेबमले शत्रुका दुवै सिपाहीलाई यमलोकको पाहुना गरायो। यस प्रकारलें साढे दुइ घरो मात्र गोली चलाएकै वेलामा हलुका मशीनगनको चालकलाई पनि कामबाट वर्खास्त गराए। मशीनगनको यो चालकले आक्रमणकारी मित्र-फौजको बायाँ पक्षमा निकै मर्का पारिरहेको थियो।

यसपछि पुनिरामले जोरिएको घस्रने लुकुवा खाडल-माथि बन्दूक चलाएर आफू भएको ठाउँमा स्वपक्षको हलुका मशीनगनधारी सैनिकहरूलाई बढाउन तीखो स्वरले कराए। शत्रुपट्टिका ६ सैनिकले आफ्नो पक्षको मशीनगनधारी सिपाहीलाई छुटाउन अगाडि बढ्ने कोशिश गरे, तर पुनिरामले आफ्नो बन्दूकबाट खूब छिटो गोली चलाएर तिनीहरूलाई रोकिराखे। यस हिसाबले स्वपक्षको मशीनगन आइनपुगिञ्जेलसम्म उनको काम जारी नै रह्यो। पछिबाट जापानीहरू पनि पछाडि हटाइए। आखिर बन्दूक र हातेबमहरू मात्र साथमा भएका एक्ला पुनिरामले शत्रुका मशीनगनको मुख टम्म पारे। अनि त्यो ठाउँ फिर्ता गर्न तीनतिरबाट छोटो पलामा शत्रुले गरेको अर्को गोलीवर्षाको बीचमा पर्नाकन पनि शत्रुका दुइ झम्टाइलाई रोकिछोडे। उनले आफ्नो दलनायक मारिएपछि पनि खूब प्रशंसनीय बहादुरीको प्रदर्शनी गरी परिस्थितिलाई पूरा तवरसंग कब्जा गरे।

बर्माको मोहडामा पाँचौं गोरखाराइफल्सका सात सिपाहीहरूले जापानीहरूलाई तिनीहरूकै खाबामा पिटेर धपाए। नायक नरबहादुर गुरुङ र उनका सहायक महावीर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुनः रातको समयमा घस्रँदै जापानी खावामा पुगे औ शत्रुलाई उहीं मारे ।

युद्धक्षेत्रबाट प्राप्त भएको विवरणमा भनेको छ—यिनी-हरूले यथासम्भव ज्यादा संख्यामा शत्रुलाई मार्ने विचार गरेका थिए। यो दल चूपचाप बिस्तार-बिस्तार रातको एक बजे आफ्नो स्थानबाट हिंडेर वैरीको एउटा खावामा पऱ्यो। नायकले उहाँबाट एक दललाई पहाडमनि गोली-वर्षाको निमित्त ठीक ठाउँमा तयार भएर बस्न पठायो। फेरि दुइ नम्बरको खाल्डोनेर दुइ मानिस र एक अर्को स्थानमा एउटा सिपाहीलाई नियुक्त गऱ्यो। त्यो एक जना सिपाही मौकामा हातेबम हुऱ्याउन त्यहाँ राखिएको थियो। अन्दाजी आधाघण्टासम्म यिनीहरू शत्रुबाट पाँच कदम पर खडा भइरहे तर शत्रुले सुईंकोसम्म पाएन। यसै मौकामा नायक नरवहादुर र महावीर दुई नम्बरको खाल्डोको दाहिने भागमा पुगे।

खावाभित्रबाट खोकेको आवाज आयो। यिनीहरूले खावाको छेउबाट हातेबम नमिल्काएर छानाबाट मिल्काउने निश्चय गरे, अनि शत्रुहरूले घुरेका शब्दको सहायताले छाना फोरेर दुई हातेबम तल खसालिदिए। विस्फोटको आवाजबाट खाल्डो गहिरो रहेछ भन्ने थाहा भयो। हातेबम फुटेपछि खाल्डोमा हाहाकार मच्चियो, मानिसहरू चिच्या-उन कराउन लागे। एक व्यक्ति भागेर बालुवाका बोराले घेरेको चौकीमा पुग्यो। नरबहादुले उसमाथि पनि हातेबम हिर्काए। उसले ठूलो स्वरले चिच्याएको मात्र सुनियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी त्यो खाल्डोमा प्रमादपूर्वक सुतिरहेका जापानी-हरूको निद्रालाई महानिद्रामा परिणत गराएर गोरखालीहरु आनन्दसाथ आफ्ना शिविरमा फर्के।

बाशा पहाडमा--

एक भारतीय सैनिक प्रेक्षकको कथनानुसार अन्ध-कारमय रातमा शत्रुको एउटा मध्यम तोप र ७५ मि. मी. को अर्को तोप खोस्न गोरखालीहरुले गरेको प्रशंसनीय प्रयत्नमा बीस जापानी हताहत गरिए। गोरखालीहरु एकाएक जापानी मोर्चामा पुगे। यद्यपि शत्रु गहिरो खावामा सुदृढतासित बसेका थिए तथापि तिनीहरुले आफ्नो बचाउ गर्ने मौका नै पाएनन् र यथाशीघ्र भेट्टाएसम्मको सामान लिएर भागे।

यो आक्रमण एक नागागाउँको नजीक बाशा पहाडमा भएको थियो। बिहान तीन बजेको समयमा नेपालीहरु त्यो पहाडमा पुगेर ७५ मि. मी. तोप र मशीनगन चौकीका बीचमा छरिएर बसेका शत्रुलाई देखे।

यसपछि दुई दलमा विभक्त भएर गोरखालीहरूले दुईति-रबाट एकसाथ आक्रमण गरे। निरीक्षणचौकीका दुई चार सिपाहीहरू मशीनगनको रक्षा गरिरहेका थिए। वीर नेपाली-हरूले शत्रुसैनिकलाई धपाएर मशीनगनलाई आफ्नो गराए। पछि फेरि बिग्रेका बेतारका यन्त्र र टेलिफोनका सामान पाइए। हिलोमा लुकेका पाँच जापानी सैनिक पनि फेला परे। यो आक्रमणमा बीस जापानी घायल भए, मारिए।

यस स्थानमा भएको रोमाञ्चकारी लडाइँमा पाँचौं गोरखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सि. अगमसिंह राई, भि. सी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राइफल्सका एक अफिसरको निर्भय नेतृत्व र जोशयुक्त आक्रमणको परिणामस्वरूप दश जापानी मारिए र शत्रुका तीन बलियो अड्डामा अधिकार भयो । यो असाधारण पराक्रमको कामले निज अफिसरलाई भि. सी. को तक्माले शोभित गरायो ।

यो महायुद्धमा सबभन्दा ठूलो सैनिक सम्मान पाउने चौथा गोरखालीको नाम थियो अगमसिंह राई । यिनी पाँचौ गोरखा राइफल्समा नायक र पूर्व ३ नम्बर ओखुलढुङ्गा जिल्लाको सम्सोरा गाउँका निवासी थिए ।

नायक अगमसिंहको कम्पनीलाई शत्रुको मोहडा 'वाटर पिकेट' र 'मेर्टरब्लफ' मा अधिकार गर्ने आज्ञा मिलेको थियो। यहाँबाट विष्णुपुर–सिल्चर क्षेत्रमा सजिलैसित आक्रमण गर्न सकिन्थ्यो । ती दुबै मोहडासम्म पुग्न एउटा ठाडो भीर उक्लनुपर्दथ्यो ।

अगमसिंहले आफ्नो सिपाहीहरूलाई लिएर संवत् २००१ को आषाढ २६ गते का दिन आक्रमण गरे, उनी चाँडै नै मर्टरब्लफबाट चलाएको मशीनगन र जङ्गलमा लुकाएको एउटा ३७ मिलीमीटर तोपको भीषण अग्निवर्षाभित्र परे। उनको दलमा घायलहरूको संख्या बढ्दै गयो र मुख्य आक्रमण रोकियो, तर अगमसिंह भने त्यो अग्निवर्षामा पनि आफ्ना सैनिहरूको नेतृत्व गर्दै बीचको खुल्ला स्थान नाघेर जापानी चौकीसम्म पुगे । उनको ब्रेनगन–चालकले जापानी मशीनगनको चालकलाई मार्‍यो र स्वयं उनले तीन शत्रुसैनिकलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यमपुरीको यात्री गराए।

यो वीरतापूर्ण कार्यले उत्साहित भएर कम्पनीले चौकीमा अधिकार गर्‍यो तर त्यसको कब्जा खतराबाट खाली थिएन, किनभने ३७ मिलीमिटरको तोप अब झन् नजीकबाट आगो बर्साइरहेको थियो

फेरि नायक अगमसिंह आफ्ना सैनिकहरूका साथ तोपतिर बढे। टमीगन बेकार भएपछि अगमसिंह एउटा ब्रेनगन उठाएर अगाडि दौडे, अनि शत्रुका तीन सैनिकको मिति पुर्‍याइदिए। बाँकी रहेका शत्रुहरूलाई उनका साथीहरूले सिध्याए। यसरी त्यो तोपको मुख टालियो। नायकले पहिलेनै छ जवान जापानी सैनिकलाई मारिसकेका थिए, तैपनि आफ्नो दलमा मिसिन आएपछि उनलाई वाटर पिकेटमा गरिने आक्रमणमा एउटा जापानी खाईबाट भइरहेको विरोधले अडकाउ परेको खबर मिल्यो। उनी तुरुन्तै एक हातमा हातेबम र आर्कोमा टमीगन लिएर अगाडि बढे अनि निश्चित स्थानमा पुगेर खावामा बसेका चार जवान जापानी सैनिकहरूलाई मारी आक्रमणलाई निष्कण्टक तुल्याए। सरकारी विज्ञप्तिमा भनेको छ—

"अगमसिंहको साहस र वीरता युद्धप्रिय गोरखाली जातिको अनुरूप छ। उनको कर्तव्यनिष्ठा पनि सेवाका सर्वोच्च आदर्शहरूको योग्य छ।"

विष्णुपुर-सिल्चर क्षेत्रमा—

यही स्थानमा जापानीहरूको आक्रमण रोक्न पाँचौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरखा राइफल्सका नेपाली वीरहरूले उक्त सैन्यदलको इतिहासमा चिरस्मरणीय उज्ज्वल वीरता देखाए विष्णुपुरको नजीकै एक ठाउँमा जापानीहरूको आक्रमणलाई रोक्ने अन्तिम स्थानमा सुबेदार नेत्रबहादुर थापाको मातहतमा गोरखाली सैनिकहरू बसेका थिए। ती वीरहरूले एक यस्तो स्थान (वाटर-पिकेट)को रक्षा अन्तिम समयसम्म गरिरहे, जसमा अधिकार कायम राख्नु चौथौं सेनाको एउटा सैनिक अड्डाको रक्षाका निमित्त परमावश्यक थियो।

वाटर-पिकेट हातबाट गएपछि उहाँ फेरि अधिकार गर्न जापानीहरूले ३७ र ७५ मिलीमीटर तोपको सहायताले प्रबल आक्रमण गरे। जापानीहरू निरन्तर अगि सर्दै आए, तर अन्त्यमा गोरखालीको पिटाइमा परेर भारी नोक्सानी सहँदै पछि हट्न बाध्य भए। यसको श्रेय सुबेदार नेत्रबहादुरले नै पाए। उनी एक चौकीबाट अर्को चौकीमा पुगेर सैनिक र अफिसरहरूलाई उत्साहित गर्दै रहन्थे।

त्यही रात जापानीहरूले अर्को चर्को चढाइ गरे, तर सुबेदार र उनका सैनिकहरू तबसम्म आफ्नो ठाउँमा डटि नै रहे जबसम्म उनका साथमा भएका मशीनगन र टमीगनहरूले काम दिन छोडेनन्। हतियारले काम दिन छोडे पछि मात्र शत्रुहरू गोरखाली मोहडाभित्र आंशिक रूपमा घुस्न सके।

अब एउटा सिपाही साथमा लिएर नेत्रबहादुर अगाडि बढे। साथीले खुकुरी झिकेर जापानीहरूलाई टुक्र्याउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाग्यो । सुबेदारले हातेबमको मदत लिएर अगाडि बढि-रहेका शत्रु-सैनिकलाई रोकिराखे । यत्तिकैमा फेरि दुई मशीनगन बिग्रन गयो र जापानीहरू फेरि अगाडि बढ्न केही अंशमा सफल भए।

सरकारी विवरणमा भनेको छ—' हाल परिस्थिति ज्यादै गम्भीर थियो। आफ्ना पक्षका आधा सैनिक हताहत भइ-सकेका थिए, खजानाको पनि कमी थियो र मोहडाको आधाभन्दा बढता भागमा जापानीहरूले दखल गरिसकेका थिए। यस्तो मौकामा नेत्रबहादुर पछि हटेका भए पनि केही अनुचित हुने थिएन, तर उनको मनैमा त्यस्तो विचार उठेन । उनले आफ्ना नायकलाई पठाएको विवरणमा आफ्नो स्थितिलाई थामिराख्छु भन्ने र दोस्रो थप फौजको मदत र गोलीगट्ठा मागेका थिए। नेत्रबहादुरले सैनिकहरू-सँग आफ्नो विचार प्रकट गरी गोलीगट्ठा किफायतसाथ खर्च गरेर शत्रुलाई रोकी मात्र राख्ने सल्लाह दिए।

यी बहादुर गोरखाली सुबेदारको यस्तो राम्रो बन्दोबस्त र पराक्रमको आदर्शकामले गर्दा एक सिपाही पनि खावाबाट हटेन। यस अवसरमा अनेकौं कोशिश गरेर पनि शत्रुले अरू एक बित्ता जमीन लिन सकेन।

नेत्रबहादुरका मातहतका अल्पसंख्यक सैनिकहरूले त्यो रात पनि आफ्नो स्थानलाई सह्मालिराखे। भोलिपल्ट बिहान सुबेदार थापा हातेबमको प्रहारले वीरगतिमा प्राप्त भएका पाइए। त्यस अवस्थामा पनि उनको हातले खुकुरी च्यापि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुबेदार नेत्रबहादुर थापा भि. सी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखेकै थियो र उनको नजीकै टाउको फाङफुङ भएको जापानी मरिरहेको थियो ।

पल्टनको हवल्दारले सुबेदारको वीरताबाट उत्साहित भएर घायल हुनबाट बचेका ४९ व्यक्तिमध्ये बाह्र जवानको सहायताले लडाइँ कायम राखेकै थियो, तर आखिर लाचार भएर पछि हट्नुपर्‍यो ।

सरकारी विज्ञप्तिको अन्त्यमा लेखेको छ— "भारतीय सेना तथा आफ्नो जातिका आदर्शको अनुरूप सुबेदार नेत्रबहादुर थापा ज्यादै कठिनता छँदाछँदै पनि लगातार आठ घण्टासम्म लड्दै रहे ।"

भिक्टोरिया क्रसको सर्वोच्च तक्मा पाउने यी पाँचौं गोरखाली वीर पश्चिम ४ नम्बर भिर्कोट इलाकाको राह्रू गाउँका निवासी थिए ।

फेरि मोगाँगमा—

पाठकहरूले पहिले मोगाँगमा भएको भयङ्कर युद्धको वर्णन पढिसक्नुभएको छ । अब यहाँ फेरि त्यस ठाउँमा भएको भीषण संग्राममा नेपाली वीर तुलबहादुर पुनले जुन असीम साहस देखाएर भि० सी० को सर्वोच्च तक्मा प्राप्त गरे त्यसको बयान पढ्नुहोस् ।

शत्रुतिरबाट भइरहेको गोलाबारीको हेला गरेर एउटा जापानी अड्डामा अधिकार जमाउन तुलबहादुरले असाधारण धीरता र वीरताको परिचय दिए । उनले तीन जापानी सैनि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलाई मारेर शत्रुका दुइ मशीनगन र प्रशस्त गोला बारूद कब्जा गरे ।

मोगाँगको पुलमाथि आक्रमण गर्दा शत्रुको गोलाबारीबाट बटालियनका दुई पल्टनले रोकिनुपर्‍यो । यिनैमध्येको एक पल्टनमा तुलबहादुर पनि थिए । यस पल्टनका धेरै सैनिक मारिएपछि सेक्सनका नायक दुई सिपाही साथमा लिएर अगाडि बढेका थिए तर स्वयं एक सिपाहीसहित घायल भएर पछि हटे । यस अवसरमा तुलबहादुर तीस गज पर उभिएर ब्रेनगनबाट गोली चलाइरहेका थिए । उनी उभिएको ठाउँमा ज्यादै हिलो र काँटावाल तार लगाउन गाडेका कीलाहरू थिए । बिहानीपख जापानीहरूले उनीमाथि धूवाँ-धार गोलीवर्षा गरे तर तुलबहादुर दौडेर आफ्नो लक्ष्य स्थानमा पुगिहाले र शत्रुको त्यो ठाउँमा अधिकार गर्न पल्टनलाई ठूलो सहायता दिए ।

सैनिक विवरणमा भनेको छ—"त्यस विषम परिस्थितिमा जहाँ ९९ प्रतिशत मृत्यु निश्चित थियो, उनले जुन अदम्य साहस र उत्कृष्ट वीरताको परिचय दिए त्यो सबै श्रेणीका मानिसहरूलाई प्रेरणा दिने थियो । त्यसको प्रशंसा जति गरे पनि थोरै छ ।"

यी वीर तुलबहादुर पुन नेपाल-राज्यान्तर्गत गुल्मी जिल्लाको बन्दूक गाउँका निवासी र छैटौं गोरखाराइफल्स सेनाका एक सिपाही हुन् ।

नेपाली वीरहरू रणक्षेत्रमा यस्तै निडरता र साहस देखाउँदै छन् । वर्तमान कालमा सबै किसमका वैज्ञानिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सि. तुलबहादुर पुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधन र नयाँ आविष्कार भएका उग्र उग्र हतियारले सम्पन्न बडा शक्तिशाली कहलिएका साम्राज्यहरूको सेनासित लडेर गोरखाली वीरहरूले सबै प्रतिपक्षीहरूको हृदयमा नेपाली वीरताको अमिट छाप लगाएका छन् । संवत् २००० कार्तिक ३१ गतेको दिन केन्द्रीय राजपरिषद्मा भाषण दिंदा भारतवर्षका प्रधान सेनापति माननीय श्रीमान् क्लाड अकिनलेकले पनि यो कुराको पुष्टि गर्दै भनेका थिए ।

"हाम्रा सैनिकहरूले शत्रुका हृदयमा वीरताको सिक्का जमाइदिएका छन् । बर्माको रणभूमिमा हिन्दुस्थानी र गोरखाली सैनिक ब्रिटिश र बर्मी सैनिक मित्रहरूका साथ रमन घुम्ने काममा जुन मनोबलको परिचय दिइरहेछन् त्यो सोह्रै आना उत्साहवर्द्धक छ, यसमा सन्देह छैन । जनरल विङ्गेटको मातहतमा यी सैनिकहरूले मध्यबर्मामा आक्रमण गर्ने कठिनाइ र जोखिमहरूलाई हाँस्दै खेल्दै सहे । वर्षा ऋतुमा पनि यी सैनिकहरूले हिम्मत हारेनन् र राती घुम्ने काम बराबर गर्दै रहे । जहिलेसम्म यिनीहरूमा यो मनोबल रहन्छ र यस बलले उत्साहित भएर स्वकर्तव्यपालन गर्दै रहनेछन् उहिलेसम्म हिन्दुस्थानले उसको रक्षाको भार सुयोग्य व्यक्तिहरूका हातमा छ भन्ने विश्वास राख्नुपर्दछ ।"

संवत् २००० श्रावण १८ गतेमा केन्द्रीय व्यवस्थापिका सभाको सम्मिलित अधिवेशनमा भायसराय लार्ड लिनलिथगो महोदयले बिदाइको भाषण दिंदा भनेका थिए—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"हाम्रा राम्ररी परीक्षित र विश्वासी मित्र नेपालका प्रधान मन्त्री र नेपालसरकारबाट मित्रराष्ट्रको उद्देश्यले सामान्यतः तथा भारतवर्षका निमित्त विशेषतः जो असीम सहायता आएको छ त्यसका निमित्त कृतज्ञता प्रकट गर्न लायक शब्द मसँग छैन। गोरखाली सैनिकले आफ्नो सैनिक गुणको उच्चतम परम्परालाई बराबर कायम राखेका छन्। युद्धकालमा भारतवर्षको रक्षा गर्न उनीहरूको वीरता र दृढताले धेरै मदत गरेको छ र मैले तपाईंहरूलाई यो सम्झना गराउने आवश्यक छैन कि युद्ध चलिरहेसम्म हाम्रो सामान्य शक्तिमा सहायता गर्न नेपालसरकारको सेना भारतवर्षमा उपस्थित छ।"

नेपाली-वीरताको प्रतापले उत्तरी अफ्रिकामा मित्रपक्ष विजयी भएपछि भारतवर्षका तत्कालीन प्रधान सेनापति (वर्तमान भायसराय) वाभेल महोदयले श्री ३ महाराजका हजूरमा निम्नपत्र पठाएका थिए—

"हाम्रा गोरखाली र भारतीय सैन्यले रोमेलको मातहतका जर्मन-सैन्यको समूल पराजय गर्न महत्वपूर्ण लडाइँ लडेका छन्। ती युद्धमा हाम्रो अत्यन्त कम हानी भएको र पहिले शत्रुहरुले कैद गरेका २०० गोरखाली सैनिकलाई छुटाउन पाएको समाचारले महाराज अति प्रसन्न भइबक्सिनेछ भन्ने आशा गर्दछु। शत्रुहरुको धेरै हानि भएको छ। गोरखालीहरुले प्रशस्त संख्यामा कैद गरेका शत्रुसैनिक र जितेका युद्धसामग्रीहरु अझ जम्मा गरिंदा छन्। उनीहरुको यो सफलतामा हाम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्मिलित सैन्यले अन्तिम विजय पाउने पूर्वरङ्ग देखेर म अत्यन्त हर्षित छु।"

नेपालका वीरहरुको वीरतामा मुग्ध भएर मेजर सी० बी० थार्न एम्० सी० ले लेखेका छन्—

"स्वतन्त्र राज्य नेपालका निवासी वीर गोरखालीहरू आज ब्रिटिश राष्ट्रमण्डलका परम मित्र छन्। आज़को १३० वर्षपहिले बडो विचित्र ढङ्गबाट एक भीषण सङ्ग्रामको परिणामस्वरूप यो मैत्री भएको थियो। त्यस युद्धमा गोरखालीहरूको धीरता र वीरताको अंग्रेजहरुमाथि ठूलो प्रभाव पर्‍यो र उनीहरुले एउटा ठाउँमा हारेर आत्मसमर्पण गर्ने गोरखालीहरुलाई झण्डा र हतियारहरुसमेत लिएर जाने अनुमति दिएका थिए। नेपालसँगको युद्ध सकिनेबित्तिकै गोरखालीहरु इष्ट-इण्डिया-कम्पनीको सेनामा भर्ना भएका थिए। शुरूमा तिनीहरुको चार सेना खडा गरियो, तर बिस्तार-बिस्तार यो संख्या बढ्दै गयो। उहिलेदेखि नै गोरखालीहरुले चीन, तिब्बत, फ्रान्स र अफ्रिकाको विकट परिस्थितिहरुमा बहादुरी देखाउँदै आएका छन्।

गोरखालीहरु जन्मदेखि नै सैनिक हुन्छन्। ती बडा प्रसन्न तथा हास्यप्रिय हुन्छन् र कुनै किसिमको द्वेषभाव राख्तैनन्। तिनीहरु सैनिक जीवनलाई ठूलो सम्मानपूर्ण मान्दछन्। ती पहाडी पुड्का, सुदृढ र सरल प्रकृतिका हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्तमान युद्धमा गोरखालीहरु बर्मामा ठूलो बहादुरीले लडेर भारतको रक्षा गरिरहेछन् । संवत् १९९९–२००० को हेमन्त ऋतुमा चिन–पर्वतमाला र टिडिममा अधिकार गर्न चाहने जापानी सेनालाई गोरखालीहरुले नै रोकेका थिए। छ दिनको घमासान युद्धपछि गोरखालीका खुकुरीको प्रहार सहन नसकेर शत्रुहरु भागेका थिए । उत्तरी अफ्रिकामा पनि ती वीरहरुले अतुल शौर्य देखाए । मारेथ–दुर्गपंक्तिमा आक्रमण गर्दा मुखमा खुकुरी च्यापेर ठाडो पहाडमा चढ्न लागेको गोरखाली सेनालाई देखेर शत्रु डरले स्तम्भित भएको थियो। ट्युनीसियामा अन्तिम आक्रमणको बाटो पनि गोरखालीले नै खोलेका थिए ।

गत महायुद्ध शुरू हुँदा भारतीय सैन्यमा २–२ बटालियनका १० गोरखाली सैन्यबल थिए। तिनमा तेह्र बटालीयन पछि थपिएका थिए। सैनिक, पुलिस, मजदूरदल र अन्य सब दलहरुका निमित्त नेपालले मित्रराष्ट्रलाई प्रायः दुई लाख मानिस दिएको थियो। जुन जुन जातिका गोरखालीलाई सैन्यमा भर्ना गरिन्छ तिनको संख्या दस लाखभन्दा बढता छन् । यति थोरै संख्याका जातिबाट दुई लाख मानिस पाइनु साधारण कुरा होइन। गत महासमरमा ६ गोरखाली बटालियन फ्रांसमा थिए । नाङ्गा डाँडाहरुमा लड्ने ती पहाडी वीरहरूका निमित्त खाईको लडाइँ विचित्र अनुभवको थियो, तैपनि, तिनीहरूले जर्मन गोलाबारीको वीरता-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वक सामना गरे । त्यो क्षेत्रमा बहादुरी देखाएर तिनीहरूले एक भिक्टोरिया क्रस र अरू कैयन् सम्मानपूर्ण पदकहरू पाएका थिए। त्यसअतिरिक्त ग्यालीपोली, चेसिफोन, कुट, मेसोपोटेमिया, फिलस्तीनमा पनि तिनीहरूलें बहादुरीसंग लडेका थिए। यस्ता रीतिले एक शताब्दिभन्दा बढ्ता समयदेखि गोरखालीहरू उच्चकोटिको युद्धकला देखाउँदै आएका छन् र स्वतः आफ्ना वीर पुरुखाको वीर सन्तान प्रमाणित गरिरहेका छन् ।"

युद्ध कालमा अहिलेसम्म नेपालीहरूले विभिन्न रणस्थलमा बहादुरीका कैयन् उज्ज्वल कर्म गरेका छन्, सर्वत्र आफ्नो सांग्रामिक कीर्तिलाई स्थिर राखेर शत्रुलाई प्रचण्ड नेपाली वीरताको प्रत्यक्ष प्रमाण दिएका छन् । गोरखालीहरूका महान् गौरवपूर्ण वीरकर्मको वर्णन नगरे भारतवर्ष र युद्धको इतिहास नै अधूरो रहन्छ ।

वास्तवमा हामी चारैतिरबाट गोरखालीहरूको प्रशंसा सुनिरहेका छौं र सत्यतः उनीहरु यसका योग्य पनि छन्। वर्तमान नयाँ ढङ्गका युद्धको हाम्रा देशबन्धुहरूलाई अलिकति पनि अनुभव थिएन, तर यसमा पनि उनीहरूले शीघ्रातिशीघ्र निपुणता प्राप्त गरे अनि यान्त्रिक युद्धमा समेत शत्रुसँग दाँजिन सक्ने प्रमाणित गरे । उनीहरू ब्रिटिश र अन्य राष्ट्रका सैनिकहरूका साथ सँगसंगै रहेर जलमा स्थलमा सर्वत्र लडिरहेछन् तथा आफ्नो महान् योग्यता, असीम साहस र अजोड़ वीरताको प्रत्यक्ष प्रमाण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिइरहेछन् । उनीहरूले स्वदेशका प्रसिद्ध वीरपुरुषहरूका प्राचीन शौर्यकथालाई पुनर्जीवन प्रदान गरेका छन् र सफलता अवश्य उनीहरूकै पछि लाग्नेछ भनी हामी निस्सन्देह भन्न सक्छौं ।

वर्तमान संसारका हरएक मानिस, बालक वा वृद्ध, प्रौढ वा तरुण सबै लडाइँका कुरा गर्छन् । यस अवसरमा नेपालका बहादुर सैनिकहरूको ज्ञानोत्पादक र मनोमुग्धकर शौर्यकथा सबैले पढ्नेछन् र ती वीर योद्धाहरूले प्रत्येक रणक्षेत्रमा बारंबार देखाएका अद्भुत साहस, असाधारण धैर्य, अपूर्व राजभक्ति, कर्तव्यपालनको उच्च भावना र परमोत्साहको अवश्य प्रशंसा गर्नेछन् भन्ने आशा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवौं परिच्छेद

उपसंहार

यूरोपीय रणक्षेत्रमा नेपालीहरूले जुन बहादुरी देखाए, त्यस बारेमा धेरै मानिस यूरोपियन शासनको प्रशंसा गर्दै भन्छन्— अंग्रेजहरूको सञ्चालनमा रहेर नै नेपाली सैन्य विजयी भएको हो। नेपाल-अंग्रेज-युद्धको समयका अंग्रेज-हरूले नेपालीहरूको जुन प्रशंसा गरेका थिए, त्यो नेपाली वीरताको होइन, किन्तु बलभद्रसिंह, अमरसिंह आदिको रणकुशलता र सैन्यसञ्चालनको तारीफ गरेका हुन्। यदि अंग्रेजहरूका सैन्यसञ्चालनको निपुणताले नै नेपालीहरू विजयी भएका हुन् [illegible] उनै अंग्रेज अफिसरहरूबाट सञ्चालित यूरोपियन सैन्य ठाउँ ठाउँमा किन विजयी हुन सकेन ? त्यही रणक्षेत्रमा, तिनै शत्रुहरूसंगको युद्धमा र उनै अंग्रेज अफिसरहरूका मातहतमा नेपाली सैन्य कसरी विजयी भयो ? भारतका भूतपूर्व प्रधान सेनापति रावर्टस् महोदयले भनेका थिए—"यदि मैले सम्पूर्ण गोरखा पल्टनमाथि अधिकार पाएँ भने म विश्वविजय गर्न सक्छु।" उनको यस कथन-बाट पनि नेपाली सैन्यको बहादुरीको पुष्टि हुन्छ। कुनै चतुर सेनापतिको आज्ञाधीन रहेको फौजले नै लडाइँ जितिने भए रावर्टस्ले किन उनकै देश र जातिका उत्तम शिक्षाप्राप्त विश्वविश्रुत फौजको तैनात पाएर विश्वविजयी हुने आशा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेनन र नेपाली सैन्यकै नाम लिए ? संवत् १९७१-७६ को महासमरमा ग्यालीपोली प्राय द्वीपको एक पहाडका निमित्त भएको जुन भयङ्कर युद्धको सातौं परिच्छेदमा वर्णन भएको छ त्यसबाट पनि यस कथनको सत्यता प्रमाणित हुन्छ । सैन्यसञ्चालनपटु सर आयन ह्यामिल्टनको तैनातमा रहेको न्यूजिल्याण्डको सैन्य र मेजर जनरल वर्डवुडका मातहतको अञ्जाक पल्टन त्यो पहाड जित्न किन असफल भयो ? आखिर उनै ह्यामिल्टनको सञ्चालनमा गोरखाली सैन्यले विजय प्राप्त गऱ्यो । आज त्यो पहाड 'अञ्जाकब्लफ' अथवा 'न्यूजिल्याण्ड ब्लफ' नभएर 'गोरखा ब्लफ' को नामले प्रख्यात छ । स्वदेश र स्वबान्धवहरूबाट टाढा कोशौं टाढा पुगेका हाम्रा ती वीर बान्धवहरूले, केवल आफ्नो कर्तव्यपरायणतामा दृढ रही "युद्धे चाप्यपलायनम्" यो आर्यक्षात्रसिद्धान्तको पालन गरेर स्वदेश र स्वजातिको गौरव राखे ।

वास्तवमा युद्ध जित्न रणविद्या-विशारद सेनापति र बहादुर सैन्य दुवै चाहिन्छन् । सेनापति मात्रै चतुर र सैन्य सञ्चालन गर्न जान्ने भएर फौज कातर छ भने संग्राममा जित हुन सक्दैन । फेरि सेना त निर्भीक, साहसी र युद्धपटु छ तर सेनापति कातर, व्यूहविद्या नजानेको र प्रत्युत्पन्नमतिको छैन भने त्यस फौजबाट पनि विजयको आशा गर्न सकिँदैन । चित्रकूटमा श्रीरामले महात्मा भरतसित कुशलप्रश्न गर्दै सोधेका थिए—

"बाबु ! तिमीले जसलाई सेनापति बनाएका छौ उनी तिमीसित प्रसन्न त छन् ? शूर, वीर, धीर, बुद्धिमान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुलीन तिम्रीमाथि प्रेम गर्ने र रणविद्यामा निपुण त छन् ?"

"तिम्रो सेनाका मुख्य योद्धा बलिया त छन् ? उनका वीरताको परीक्षा लिएको छ कि छैन ? ती विक्रमी छन् कि छैनन् ? त्यस्ता वीरश्रेष्ठहरूको तिमी मान-सत्कार त गर्छौ * ?"

विश्व सम्राट् धर्मराज युधिष्ठिरको राजसभामा देवर्षि नारदले सोधेका थिए—

"महाराज ! हजुरका सेनाधिपति उत्तम कुलमा जन्मेका साहसी, शूरा, गम्भीर, कार्यचतुर र प्रभुभक्त त छैनन् के ? सब किसमका युद्धमा सिपालु, प्रबल पराक्रमी, सच्चरित्र र साहसी सिपाहीहरूको हजुर यथोचित मान, इज्जत त गरिबक्सिन्छ ?

नीतिज्ञ, शास्त्रज्ञ, वाहनविद्यामा पूरा अभ्यास भएको अर्थात् सब किसमको सवारीमा सिपालु, शूरता, धीरता र अन्य सद्गुणहरूले युक्त पुरुषलाई राजाले सेनापतिको पद दिनुपर्छ। शूर, अर्थशास्त्र जान्ने, युद्धरूपी खेल खेल्न सिपालु चतुरङ्गिणी सेनाको योजना गर्न सक्ने, स्वामीको आज्ञानुसार काम गर्ने र प्रजाको प्यारो व्यक्तिलाई सेनापति बनाउनुपर्छ'।"

स्वभावले नै वीर, अस्त्रविद्याको जानकारी, स्वामीमाथि

*श्रीमद्वाल्मीकीय रामायण, अयोध्याकाण्ड, सर्ग१०० श्लोक३०-३१
१ श्रीमन्महाभारत, सभापर्व, अध्याय श्लोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाढ प्रेम भएका र परिश्रमले कातर नहुने पुरुषहरूलाई सैनिक गराउनुपर्छ भन्ने नीतिको वचन छ।

सारांश यो कि सेना सेनापति दुवै लायक भए मात्र यश कीर्ति र संग्राममा विजय पाइन सकिन्छ। सिर्फ सेनापति लायक भएर काम चल्दैन भन्ने स्पष्ट छ। संसारमा भइसकेका र भइरहेका लडाइँहरूबाट नै यो कुरा सत्य देखिन्छ।

के त अमरसिंह थापा र बलभद्रसिंह कुँवरको मृत्युपछि हाम्रो मातृभूमिमा सैन्य-सञ्चालन गर्न जान्ने कुनै व्यक्ति जन्मेनन् अथवा भविष्यमा जन्मने आशा छैन ? के वीरप्रसू नेपालमाताले वीर र बुद्धिमान् सन्तान जन्माउन छोडिन्, जो मौकामा आफ्नो जन्मभूमिको रक्षाका निमित्त बुद्धिपूर्वक लड्न नसक्लान् ? यसको जवाफ त झन् सजिलो छ। जहाँ भूतकालमा त्यस्ता पुरुष पैदा भए, वर्तमान कालमा पनि विदेशी मित्र-सम्राट्का निमित्त जन्मभूमिबाट हजारौं कोश टाढा पुगेर उत्कट वीरताको प्रदर्शन गर्ने नरपुङ्गवहरू जन्मेका छन्, यहाँ भविष्यमा त्यस्ता व्यक्ति हुनेछैनन् कसरी भन्नू ? जुन जातिको पछिल्लो इतिहासमा केही सार छ त्यसको पनि अगाडि विस्तार छ। त्यो जाति स्वयं आफ्नो बाटो बनाएर निर्भीकतासित अगाडि बढ्न सक्तछ। नेपाली जाति शान्ति-प्रिय वीर जाति हो। तर शान्तिप्रिय भन्दैमा कोही यसको स्वतन्त्रता हुर्न आयो भने यो जाति रिसाएको सिंहसरि शत्रुमाथि झम्टन्छ। अहिले नेपालका वीरप्रजाले मातृभूमिका निमित्त पराक्रम देखाउने मौका छैन। त्यस्तो अवसर आइ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परेमा यस देशका कुनै प्रजा—आबाल-वृद्ध-वनिता चूप लागेर हात बाँधेर बस्ने छैनन् । जुन देशकी अधिष्ठात्री देवी भगवती गुह्यकालीले हिमालयको शिखरमा प्रकट भएर तत्कालीन दैत्यसम्राट् शुम्भको दूतलाई—

"घमण्ड तोड्न जो सक्छ, रणमा जित्न सक्तछ ।
बराबरी जो बलमा त्यो स्वामी हुन पाउँछ ॥"

भन्ने जवाफ दिइन्— जवाफ मात्र होइन सम्मुख युद्धमा ती दैत्य वीरहरूलाई मारेर आफ्नो स्वातन्त्र्यको रक्षा गरिन् उनै भगवतीका उपासक वीर प्रजा मातृभूमिमाथि विपद् आइपर्दा कसरी चूप लाग्न सक्लान् ? यदि आज कुनै जाति यो जातिलाई तुच्छ मानेर नेपालको स्वतन्त्रता हर्न आयो भने सबै नेपालीहरू एकताको सूत्रमा बाँधिएर भगवतीकै समान बुलन्द स्वरले शत्रुलाई यही भन्ने छन् -

"नेपाल राज्यका भोगिहारून् नेपाली नै यहाँ ।
फर्केर जाऊ, नलड, इच्छा जीवनको भए ।
गरेर बलको शेखी चाहन्छौ युद्ध नै ; भने
आऊ मैदानमा, तिम्रा रक्ता पुष्ट शरीरले
तृप्त होऊन् चील, गिद्ध, काग स्याल स्वदेशका ॥"

अहिलेको यो द्वितीय महासमरमा पूर्वी अफ्रिका, लिबिया र बर्मामा नेपालीहरूले अमर-कीर्ति कमाइसकेका छन् । उनीहरू साहस, आत्मबलिदान र राजभक्तिको उच्च भावना लिएर ब्रिटिश साम्राज्यको रक्षाका निमित्त लडिरहेछन् । स्वदेशको रक्षा गर्नुपर्‍यो भने नेपालीहरू कति धैर्य, साहस र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तन्मयताले युद्ध गर्[illegible] [illegible]क्षणीय [illegible]लमा संसारले देख्नेछ। त्यस समय नेपालका प्रजाको उत्कट देशप्रेम अगाध राजभक्ति, प्रचण्ड पराक्रम, अतुलनीय साहस र अनिर्वचनीय बलिदान देखेर संसार चकित, विस्मित र मुग्ध हुनेछ. यसमा लेश-मात्र संशय छैन। नेपाल-अंग्रेज-युद्धको अवसरमा नेपालीहरूको प्रचण्ड पराक्रमको प्रत्यक्ष अनुभव पाएका जनरल अक्टरलोनीलें स्पष्ट भनेका थिए—

"इस्ट इण्डिया कम्पनीका सिपाहीहरू गिरिदुर्गमा नेपालीहरूका विरुद्ध अड्न सक्दैनन्[1]।"

फेरि गार्डनर महोदयको कथनानुसार—

"भविष्यमा भारतवर्ष र नेपालको मैत्री भङ्ग हुने कुनै घटना भयो भने उनीहरूमा देशभक्तिको त्यो भावना छ, जसले धेरैलाई निस्सन्देह उनीहरूकै जन्मसिद्ध राजाका प्रति भक्ति गर्न [illegible]लाग्न प्रेरित गर्नेछ[2]।"

संसारमा शान्ति स्था[illegible] गर्ने र पीडित मानवतालाई दिलासा दिन नेपालले दिएको महान् सहायतातर्फ विचार गर्दा उसको वीरत्वपूर्ण इतिहास सच्चा रहेछ भन्ने दृढ हुन्छ। वीरभूमि नेपालले आफ्नो नाम राख्ने, शान्तिका संरक्षक र मनुष्यत्वको आततायीहरूका प्रतिहन्ता वीर सन्तान पैदा गरेको छ। बहादुर नेपालीहरू लडाइँको अन्त्यसम्म प्रचण्ड पराक्रम देखाउँदै संसारमा पुनः शान्ति स्थापना गरेर हाम्रा श्री ५ महाराजाधिराज र श्री ३ महाराजको प्रशस्तिका

१. पर्सिवल ल्यान्डन कृत 'नेपाल' भाग १, पृष्ठ ८४।
२. पर्सिवल ल्यान्डन कृत 'नेपाल' भाग १, पृष्ठ ९७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

"सदा समरवि...यिनाम्' ...ण्डभुजदण्डेत्यादि"
शब्द तथा सलाम...का—

"......गम्भीर गोर्खाली प्रचण्ड प्रतापी भूपति,"
"वैरी सारा हराउन्...............................!"
"राखौं कमान भारी वीरताले नेपालमाथि सधैं नायको,
श्री होस् ठूलो हामी गोर्खालीको।"

अनि—

"रिपु नाश होऊन् अटल शासन रहोस्"
"स्थिर भै रहोस् मुलुकमा स्वतन्त्रता"

इत्यादि पदका अर्थलाई अझ स्पष्ट र खुकुरीका चमकले झन् उज्ज्वल गराउनेछन् भन्ने दृढ विश्वास छ।

❀ शुभम् ❀

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खण्ड

द्वितीय महासमर (१९९७–२००१ मार्गशीर्षसम्म) मा संसारका विभिन्न रणक्षेत्रमा वीरोचित कार्यले "भारतीय उत्कृष्ट सेवा (I. D. S. M.) र" इण्डियन अर्डर अव् मेरिट्" को सैनिक सम्मान–पदक पाएका नेपाली सैनिकहरूका वीर कर्मको

परिचय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्त
यन् लागेर
प्रशं कर्तव्यमा स्थिर
रही

"आफ्नो स्थिति कार्य ले देखाएको दृढनिश्चय कर्तव्यपरायणताको छ" भन्ने दर्शकको कथन

हवल्दार छबि गुरुङ—(सं० २८७८)

संवत् २०३० कार्तिक ९ का दिन शत्रुको सुदृढ स्थानमा गर्न अगाडि गए सैन्यलाई मदत गर्न पठाइने कमान छविलाल पाएका थिए। यिनले अत्यन्त कुश धावा गरेर आफ्ना सिपाहीहरूल सकेका सैन शत्रुका मर्टरतोप जापान गरिरहेका थिए। उहाँ पुगे आफनो दललाई रोकिनु- देखे त्यो अग्निवर्षामा अगाडि सरे शीनगनलाई बडो सफलतापूर्वक

मोडाँडा गाँउका निवासी हुन्।

मनी रोका—(३६, २६४)

चिनडाँडा एउटा लडाइँमा ३६, २६४ संख्याका बन्दूकधारी खामनी रोका एक हातमा खुकुरी र अर्कोमा हातेवम लिएर 'मै जान्छु' भनी कराउँदै शत्रुको खावातिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दौडे र [illegible] प [illegible]
शत्रुहरू [illegible] [illegible]
सिद्धयाए [illegible]

वागलुङ जिल्ल [illegible] मत [illegible] छ ।

हवल्दार [illegible] —

संवत २० [illegible] का [illegible] २२ गतेमा शत्रुका स्थितिको पछिल्लो भागमा तेजोम [illegible] साहसिक र [illegible] कस्मात् आक्रमण गरेबापत यिनले 'भारती [illegible] उत्कृष्टसेवा' [illegible] क पाए । शत्रुका गुप्तचरहरू अगाडि ब [illegible] मुख्य जापा [illegible] ल १५ गजको अन्तरमा आइनपुगेस [illegible] यिनले [illegible] सिपाही-हरूलाई गोली हान्न [illegible] नन् । नौ ज [illegible] अगाडि बढेपछि अचानक ग [illegible] प [illegible] ई मा [illegible] जनालाई घायल [illegible] उपरान्त [illegible] पछि ज [illegible] थापाले पाँच जवानको [illegible] तारको [illegible] बीचबाट बडो चातुरीसा [illegible] । [illegible] ह [illegible] मा फर्काएर ल्याए ।

नायक आइतसिंह थापा— [illegible]

संवत २००० मार्ग ५ गतेका [illegible] गर्दा पल्टनको नेता घायल भएप [illegible] त्व लिए । यसउपरान्त नेताको लायक गुण [illegible] परिचय दिंदै यिनले शत्रुबाट प्रबल [illegible] हुँदा हुए पनि आफ्नो मातहतका सिपाहीरूलाई हौस्याउँदै लक्षित स्थानमा पुऱ्याएर उद्देश्य पूरा गरिछोडे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

(७)

वाल्मीकिविद्यापीठपुस्तकालय
प्रत्यावर्तनतिथिः

मुर

...वार... ला...नेसको
...दलबहादुर थापाले
...पूरा एक कम्पनी
...जको अन्तरमा

सेनालाई ...

नजीकसम्म आउन ...यणताका ... हादुर र यिनका

साथीहरूको गोली ... ० मानिसको नोक्सानी

सहनुपऱ्यो। ... यो बहादुर सानो दल

शत्रुसित लड्... हुता नोकसान गराउँदै

कोशौं टाढा ... सकुशल आइपुग्यो।

... गुरुङ — सं० ... कार्तिक ९ गका ... गर्न अगाडि गए ... सैन

लान्स- ... कप्तान छविलाल पाण्डे

...टिङ्ग ... धावा ... आफ्नो पल्टनको नेता

...रिएपछि ... सको ... का सैन ... याँ ... सनायक बुद्धसिंहले

... जापान ... गर्बालियो पारे। यसपछि

... शत्रुको बलको अनुमान गर्न

... देखे ... त्योर शत्रुहरू भयङ्कर किसिमले

... निमि ... गोलीवर्षाको उचित जवाफ दिंदै

... बुद्धसिंह अन्तिम व्यक्ति थिए।

... को ... तामाङ—

साला ... जापानीहरूको एक दलसित भिड्नुपर्दा

मशीनगन ... सिपाही कृष्णबहादुर तामाङको

रसीमर पनि नआत्तिएर यिनले झटपट आफ्नो मशीनगन ... तर त्यो आपद्को बीचमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तयार [illegible]
नको [illegible]
काम गन [illegible]

सिपाही जहान [illegible]

यिनले [illegible]
हातेबम हिका [illegible] २२ गते [illegible] पाहीलाई मारे [illegible]
कामले शत्रुतिरबाट [illegible] साहसिक [illegible] बन्द भयो। यिनी
ज्यादै नै घायल भइसके [illegible] उत्कृष्टसेवा' [illegible] आफ्नो पल्टन
सङ्गठित नभएसम्म [illegible] मुख्य जापा [illegible] जहानसिंहको
यो धैर्य र साहसले जा [illegible] यिनले [illegible] भाग्न बाध्य
गरायो। [illegible] नन । नौ ज [illegible]

सिपाही सुबबहा [illegible]

बुथिडङनगीच [illegible] उपरान्त [illegible]
आठौं गोरखा राइफलसँ [illegible] तारको [illegible]
जना घायल भइसकेकाहरूक [illegible]
मौकामा शत्रुतर्फबाट भइरहेक [illegible]
पनि यिनी ६ पटकसम्म तेसौं [illegible] नन्
प्रत्येक पटक एक घाइतेलाई बोकेर [illegible]

सिपाही बेल्छी गुरुङ- [illegible]

टङमा जापानीहरूले [illegible] सुबेद [illegible] नक
नेतृत्व गरिरहेका पाचौं गोरखा [illegible] टका धनको
बेल्छी गुरुङले एउटा खावामा लुकाएको [illegible] साथीहरू नै
सन्दूकको उद्धार गरे। केवल यिनी र यिनका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुद्रक : [illegible]रगणेश प्रेस, नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu